मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

१०० अङ्क

संचेतना द्वैमासिक पूर्णाङ्क १००, साउन २०७८

सचेतनाका सतक अङ्क

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू

इन्सेक पुस्तकालयको प्रयोग गरौं।

मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू

सुविधाहरू

- फोटोकपी
- इन्टरनेट
- कम्प्युटर

मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौं

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानव अधिकार

मानव अधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष २५ पूर्णाङ्क १०० साउन २०७८

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
डा. इन्दिरा श्रेष्ठ
विजयराज गौतम

सम्पादक
श्रीराम बजगाई

व्यवस्थापन
शैलेश शर्मा

- प्राची मानव अधिकारको लेखन मञ्च बनोस्/ सुशील प्याकुरेल १०
- प्राची एक अब्बल संचेतना पत्रिकाका रूपमा ठिङ्ग उभिएको छ/ सुबोधराज प्याकुरेल १२
- नेपालको एक विशिष्ट आवधिक पत्रिका प्राची : पत्रकारितामा यसको स्थान र योगदान/डा. कुन्दन अर्याल १५
- जातीय विभेद: कानुनी प्रबन्ध र अभ्यासका अन्तरविरोध/रुद्रबहादुर चर्मकार १७
- द्वन्द्व रूपान्तरणमा नागरिक समाजको उपादेयता/शोभाकर बुढाथोकी २५
- मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनको अवस्था र चुनौति/यज्ञप्रसाद अधिकारी ३१
- प्राची र मानव अधिकारका सवाल/मदन पौडेल ३६
- राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरूमा..../सम्झा श्रेष्ठ ४२
- कोभिड-१९ को महामारी: मानव अधिकार, सरकार र सरोकार/रमेशप्रसाद तिमल्सिना ४५
- शरणार्थी संरक्षणका सरोकार/वि.पि. अधिकारी ४७
- पुस्तक समीक्षा/गीता माली ५१
- कथा/देवराज पौडेल ५२
- अन्तर्वार्ता : मानव अधिकारका नवीन विषयहरू प्राचीको प्राथमिकतामा पर्नुपर्छ/ विजयराज गौतम ५५

नियमित स्तम्भ

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

मुद्रक
ड्रिम ग्राफिक्स
धापासी, काठमाडौं

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

यथावत

छुवाछुत प्रथा सभ्य समाजका लागि अस्वीकार्य छ। यस प्रथाको समूल अन्त्य गर्दै न्यायपूर्ण, सभ्य, सुसंस्कृत एवम् समतामूलक समाज निर्माणका लागि समग्र समाजको सांस्कृतिक रुपान्तरणको खाँचो रहेको छ। यसका लागि सबै पक्षको एकताबद्ध र निरन्तर प्रयासको आवश्यकता पर्दछ।

विद्यादेवी भण्डारी
राष्ट्रपति
https://president.gov.np

संविधान पब्लिक डोमेनको डकुमेन्ट हो। यसमाथि सार्वजनिक बहस गर्न मिल्छ।

अनूपराज शर्मा
पूर्व अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग एवम् पूर्व प्रधानन्यायाधीस
https://ekantipur.com

अध्यादेशमार्फत शासन चलाउने होइन। व्यवस्थापिकाले विधायिकामार्फत नै शासन चलाउने हाम्रो पद्धति हो। त्यसलाई छलेर गरिएको कुनै पनि काम स्वीकार गरिन्न भनेर अदालतले सन्देश दिएको छ।

राधेश्याम अधिकारी
राष्ट्रियसभा सदस्य
https://nayapatrikadaily.com

जुनसुकै हिंसा होस्, महिलामाथि हुने अपराध झनै गम्भीर हो । एसिड आक्रमण सबैभन्दा गम्भीर अपराध हो । यसको रोकथामका लागि सबैले आआफ्नो ठाउँबाट पहल गर्नुपर्छ ।

मुस्कान खातुन
एसिड आक्रमणबाट पीडित
http://annapurnapost.com

कार्टून

साभार : थाहा खबर

प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

सम्पादक

सामाजिक न्यायका लागि मानव अधिकारमैत्री शासन व्यवस्था सुनिश्चित गरौं

प्राची निरङ्कुशता, दण्डहीनता र सामाजिक अन्यायका विरुद्ध पञ्चायतकालिन समयमा अथक मानव अधिकार योद्धा प्रकाश काफ्ले सम्पादक र सुशील प्याकुरेल प्रकाशक भएर सुरुवात गर्नुभएको सचेतना अभियानको माध्यम हो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई संस्थागत गरेर नेपालमा मानव अधिकार अभियानको सुरुवात गरे पश्चात संस्थापकहरू सुशील प्याकुरेल र प्रकाश काफ्लेले प्राचीलाई इन्सेकको नियमित प्रकाशनको रूपमा निरन्तरता दिनुभयो।

मानव अधिकारका मूल्य र मान्यताहरू राज्यको शासकीय प्रणालीका आधारभूत मान्यता हुन सकेका छैनन्। पञ्चायतकालिन समयमा सामाजिक न्याय र मानव अधिकारको प्रमुख अवरोधका रूपमा हुकुमी शासन व्यवस्था रहन्थ्यो। २०४६ सालमा प्रजान्त्र पुनःस्थापना पश्चात सामाजिक न्याय र मानव अधिकारको सुनिश्चिततामा हिंसा, शक्तिको अधिक केन्द्रीकरण र लोकतान्त्रिक अभ्यासको अनियमितता जिम्मेवार कारक रहेका थिए।

२०४६ सालको परिवर्तन पश्चातका तीन दशकमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू न्यूनीकरण गर्न नागरिक स्तरबाट थुप्रै पहलकदमी भएका छन्। राज्यका निकायहरूका व्यवहारमा पनि परिवर्तन देखिएको छ। राजनीतिक तथा सामाजिक परिवर्तनका सन्दर्भमा उल्लेख्य कार्यहरू भएका छन्। तर, शासकीय अभ्यासमा देखिनु पर्ने रुपान्तरणका कामहरू अपुरै छन्। २०६२/६३ को जनआन्दोलन र नेपालको संविधान (२०७२) ले संस्थागत गरेको प्रणालीप्रतिको जबाफदेहिताको सङ्कट विभिन्न सन्दर्भमा प्रकट भएको छ। परिवर्तन यात्राको साक्षीका रूपमा प्राचीले नेपालको सामाजिक न्यायको आन्दोलनलाई सङ्ग्रह गरेको छ।

सचेतना अभियान र जागरणका लागि प्राचीले उल्लेख गरेका विषयहरू अझै निरुपण हुन सकेका छैनन्। नेपालमा राजनीतिक तथा सामाजिक आन्दोलनमा जीवन उत्सर्ग गर्ने योद्धाहरू तथा बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको मानव अधिकार उल्लङ्घनले हामीलाई गाँजेको छ। दण्डहीनताले संस्कृतिको रुप धारण गरेको छ। १० वर्षे सशस्त्र द्वन्द्वका पीडितको न्याय र परिपूरण, जनआन्दोलनका घाइते तथा गिरफ्तार र यातना पीडितको न्यायको आवाज नसुनिने हो कि भन्ने खतरा बढेको छ।

मानव अधिकार र सामाजिक न्यायका लागि एक अग्रणी प्रकाशनका रूपमा प्राचीले महत्वपूर्ण योगदान गरेको छ। २०४६ सालको जनआन्दोलन पश्चात प्रजातान्त्रको आधारस्तम्भको रूपमा मानव अधिकार संरक्षण, सम्बर्द्धन, परिपालना तथा जनउत्तरदायी र पारदर्शी शासन व्यवस्थाको पक्षमा यस प्रकाशनले सचेतनाको कार्य गर्दै मानव अधिकार रक्षक, कानुन कार्यान्वयन निकाय र आम जना समुदयको चेतना अभिवृद्धि गरेको सन्दर्भ उल्लेखनीय रहन्छ।

सङ्क्रमणकालीन न्याय प्रक्रियाको निश्कर्ष सुनिश्चित गर्दै पीडितहरूको न्यायको अधिकार स्थापित गर्न सत्य स्थापना, न्याय तथा परिपूरणको व्यवस्था र संरचना तथा नीतिगत सुधारका लागि इन्सेकका प्रकाशनहरूले निरन्तर खबरदारी गर्नुपर्छ। सचेतनामार्फत जनपरिचालन गर्ने र कानुन पालना गर्ने निकायको जबाफदेहिताप्रति खबरदारी गर्ने कार्यमा प्राचीका प्रकाशित अङ्कहरूले आफ्नो जिम्मेवारी निभाएका छन्। अन्तर्राष्ट्रिय समुदायको सरोकार तथा सहकार्यका लागि प्राची जस्ता प्रकाशनहरूले ध्यान आकर्षण गर्ने हामीले विश्वास लिएका छौँ।

दक्षिण एशिया क्षेत्रमा मानव अधिकार संयन्त्र स्थापना, बाल अधिकार, महिला अधिकार, छुवाछूत तथा जातीय विभेद विरुद्धको अभियान, आर्थिक, सामाजिक तथा सांस्कृतिक अभियान र आधारभूत मानव अधिकारको सुनिश्चितताका लागि संरचनागत, कानुनी र नीतिगत सुधारका लागि क्रियाशीलता बृद्धि गर्दै लैजानु पर्ने देखिन्छ। लामो इतिहास बोकेको प्राचीले इतिहासको प्रभावबाट प्रेरित हुने र सिर्जनात्मक अभियान सञ्चालन गर्नु पर्ने चुनौती यसका अगाडि उभिएका छन्।

विधिको साशन प्रतिकूलको राज्य व्यवस्थामा सामाजिक न्याय र मानव अधिकार परिकल्पनाको विषयमात्र हुन्छ। सामाजिक न्यायका लागि गरिने पहलकदमी तथा त्यस्ता संस्थागत प्रयत्नहरू असफल हुन्छन्। नागरिकका प्रयत्नहरू निष्प्रभावी भएर जान्छन्। सामाजिक न्याय, लोकतन्त्र, विधिको साशन भनिने विषय मात्र बन्दै जान्छन्। अझ यसका लागि गरिने संस्थागत प्रयासहरूको बदनामी गरिन्छ। तर, किनारामा परेका नागरिकको आवाज उठाउने र सचेतना जगाउने दियो बाल्नै पर्छ। राजनीतिक चेतना र सङ्गठनको महत्व तथा आवश्यकता बोध गराउँदै लैजानु पर्छ। नागरिक अधिकार तथा स्वतन्त्रताको लागि विधिको शासन, लोकतन्त्र, मानव अधिकारमैत्री कानुन तथा नीति निर्माण र कार्यन्वयनमा प्राचीले निरन्तर जबाफदेहिताको प्रश्न गरिरहनु पर्छ। प्राचीले १ सय अङ्क पूरा गरेको सन्दर्भमा हाम्रो प्रतिबद्धता '**सचेतना, प्रश्न र खबरदारीको प्रयास निम्न दिदैनौँ।**'

राजनीतिक विभाजन र मानव अधिकार

सुशील-प्रकाश

समकालीन विश्वमा मानव अधिकार एउटा यस्तो विषय बन्न पुगेको छ, जसलाई जोसुकैले जुनसुकै बेलामा प्रयोग गरिरहेको हुन्छ। मानव अधिकारलाई एकातिर यस्तो सर्वव्यापी बनाइएको छ भने अर्कोतिर यदाकदा राजनीतिको गोटी समेत बनाइएको देखिन्छ।

सोभियत सङ्घको विघटन हुनुभन्दा अघि विश्वमा विद्यमान शीतयुद्ध अनि दुई ध्रुवीय विश्व परिस्थितिको चपेटामा मानव अधिकारको आन्दोलन नराम्ररी पिल्सिएको थियो। त्यस्तै आज मानव अधिकारका समस्याहरूलाई पूरै राजनैतिक पूर्वाग्रह राखी हेरिने परिपाटीले गर्दा मानव अधिकार आन्दोलन समेत विभाजित र खण्डित हुन पुगेको छ। विगतमा पनि आर्थिक र राजनीतिक अधिकारको दुई अवधारणाको आधारमा यस आन्दोलनले यति खिचातानी व्यहोर्नु पऱ्यो कि यसलाई अगाडि बढ्न निकै गाह्रो पऱ्यो। र त्यस पछि पनि सोभियत सङ्घको विघटन र पूर्वी युरोपमा पुनर्स्थापित हुँदै गएको पुँजीवादी अर्थ व्यवस्थाले गर्दा मानव अधिकार आन्दोलन यति साह्रो विखण्डित हुन पुगेको छ कि अब त जोसुकैले जुनसुकै काम गर्दा पनि मानव अधिकारको हवाला दिन थालेका छन्। के साँचै मानव अधिकार भनेको राजनैतिक विभाजनको विषयवस्तु नै हो त ? के यसको स्वतन्त्र अस्तित्व छैन ?

निश्चय पनि मानव अधिकारको समस्या पनि एउटा राजनीतिक समस्या हो र यसको समाधान पनि राजनैतिक समाधानसँगै हुने गर्दछ। यद्यपि मानव अधिकार आन्दोलनलाई राजनैतिक आन्दोलन र परिस्थितिले प्रत्यक्ष प्रभाव पारेको हुन्छ तर मानव अधिकार राजनीतिक दायरा भित्र मात्रै सीमित रहने सङ्किर्ण विषयवस्तु भने होइन बरु मानव अधिकारलाई राजनीतिक आन्दोलनको एउटा लक्ष्यका रूपमा भने लिन सकिन्छ। तर के साँचै आजको स्थिति यस्तै छ त ? राजनीतिक आन्दोलनको एउटा लक्ष्य मानव अधिकार पनि भएको छ त ? यसलाई राजनीतिक वादविवाद भन्दा माथि बेग्लै विषयको रूपमा राखिएको छ त ? माथि नै भनिएको छ मानव अधिकारलाई आर्थिक र राजनीतिक अधिकार अर्थात् खान र बोल्न पाउने अधिकारभित्रै मात्र सीमित पारिएको छ।

साठीको दशकमा विश्वका पुँजीवादी देशहरूले राजनीतिक अधिकारलाई नै मानव अधिकारको रूपमा स्थापित गर्ने प्रयास गरे भने सत्तरीको दशकको सुरुवातमा मान्य हुन पुगेको आर्थिक अधिकारलाई मात्र मानव अधिकार भन्ने तर्क समाजवादी खेमाबाट अगाडि सार्न थालियो। तर मानव अधिकार खाने वा बोल्ने समस्याभित्र मात्र सीमित छैन। विश्वमा भएको भौतिक र सामाजिक विकासले मानव अधिकारको क्षेत्रलाई अझ विस्तृत तुल्याएको छ। जनताका साँस्कृतिक र सामाजिक समस्या मात्रै देखिएका छैनन्। जातीय समस्या अनि विकासका समस्या र त्यसपछि वातावरण समस्यालाई पनि मानव अधिकारले आफ्नो सीमा क्षेत्रभित्र समाविष्ट गरिसकेको छ।

एकातिर मानिसलाई मानवोचित जीवन ज्यून चाहिने सबै किसिमका अधिकारहरूलाई मानव अधिकारको समष्टिगत स्थितिका रूपमा लिने मान्यता विकसित भएको छ भने अर्कोतिर मानव अधिकारहरूलाई खण्डित पारी हेर्ने अनि योभन्दा यो बढी आवश्यक भनी तर्क दिंदै अधिकारहरूको कटौती गर्ने प्रचलन पनि देखिएको छ। अमेरिकामा मानिसले काम, माम नपाउन वा फुटपाथमै जन्मन र मर्न किन नपरोस् तर त्यहाँ बोल्ने अधिकार दिइएको छ भन्दै त्यहाँको सत्तासीन वर्ग आफ्नो देशको सीमाभित्र पूर्ण मानव अधिकार रहेको दावि गर्दछ। सोभियत सङ्घ र पूर्वी युरोपका मुलुकहरूमा समाजवादी सत्ता रहुन्जेलसम्म व्यापक रूपमा मानव अधिकारको हनन भयो भनी प्रचारित गरिएको थियो। तर अब त्यहाँ मानव अधिकारको रक्षार्थ पतन गराइएको समाजवादी व्यवस्थापछि सुरु भएको अशान्ति, गृहयुद्ध अनि अराजकताले गर्दा हजारौँ मानिस मरिसके, केटाकेटीले विद्यालयमा पढ्न जाान पाएका छैनन्, धार्मिक उन्माद बेलगाम भएको छ। तर पनि पश्चिमी मुलुकहरू त्यहाँको मानव अधिकार बारे केही बोल्न रुचाउँदैनन्। त्यस्तै तेस्रो विश्वका मुलुकहरू आर्थिक विकासका लागि केही राजनीतिक र नागरिक अधिकारहरूको कटौती गर्नुपर्छ भन्ने मात्र होइन मानव अधिकारको विश्वव्यापी अवधारणामै परिवर्तन ल्याउनु पर्छ भन्ने मान्यताका साथ अगाडि आउँदैछन्। यस्तो प्रस्ताव अघि सार्न तम्सिनेहरूमा एशियाकै कतिपय मुलुकहरू पर्छन् जो द्रुत गतिले आर्थिक विकासमा अघि बढ्दैछन्।

संयुक्त राष्ट्र सङ्घद्वारा यही वर्ष भियानामा आयोजना गर्न लागिएको विश्व मानव अधिकार सम्मेलन बारे कुनै पनि मुलुकले त्यति चासो लिएको देखिदैन। सबैभन्दा समस्या त असलंग्न भनिएका राष्ट्रहरूले पारिरहेका छन्। यी राष्ट्रका सरकारहरू संयुक्त राष्ट्र सङ्घद्वारा घोषित मानव अधिकार घोषणा पत्र नै अविकसित र तेस्रो मुलुकको जनताका लागि व्यावहारिक नभएको बताउँदै पहिले आर्थिक विकासलाई प्राथमिकता दिइनुपर्छ भन्दैछन्। उनीहरू मानव अधिकारको विश्वव्यापी सम्मेलनलाई नै असफल पार्ने वा पछि सार्ने प्रयासमा लागेका छन् यसको अगुवाई इण्डोनेशियाका राष्ट्रपति सुहार्तोले गर्दैछन्। बिडम्बना त के छ भने यस्तो प्रयासमा मौन स्वीकृति प्रदान गर्नेमा विश्वमा नै ठूलो प्रजातन्त्र भनी जनै हुलेको भारत र सार्क क्षेत्रमा राम्रो मानव अधिकारको स्थिति कायम गर्ने राष्ट्र भन्ने गरिएको नेपाल पनि पर्दछ।

विकसित वा पूँजिवादी खेमाका राष्ट्रहरू पनि मानव अधिकारका उजागर हुँदै गरेको समस्याहरू जस्तै जातीय र सांस्कृतिक अधिकार बाँच्न पाउने वा आर्थिक अधिकार र विकासका अधिकार लगायत स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारहरू जस्ता सामुहिक अधिकारहरू आधुनिक विकाससित मेल नखाने भन्दैछन्। उनीहरू तिनलाई मानव अधिकारका आधारभूत सूचीमा राख्न चाहिरहेका छैनन् वा राखिराखेका छैनन्। उनीहरू मानव अधिकारलाई नितान्त व्यक्तिगत दायराभित्र राख्न चाहन्छन् जसले मानव मात्रका सामूहिक अधिकारहरूलाई कुल्चदै पूँजीवादी राजनैतिक व्यवस्थाको लागि बाटो सफा परोस्।

समाजवादी राष्ट्रहरू जसमा मुख्यतया चीनले पनि मुलत: राजनैतिक र नागरिक अधिकारहरूलाई बेवास्ता गर्दै समाजवादी राजनीतिक व्यवस्थाको लागि तिनलाई बाधकको रूपमा लिइरहेको छ। आश्चर्य त कहाँ नेर छ भने मानव अधिकारका सवालमा जनताको व्यवस्था भन्ने यी देशका सत्तासीनहरू सिंगापुर, इण्डोनेशिया जस्ता तानाशाही व्यवस्था भएका मुलुकहरूको पक्षमा रहेका छन्। आपसी सहयोग र बराबरीको सिद्धान्त सत्ताधारीहरूबीच मानव अधिकारको गलत व्याख्या गर्ने अपवित्र गठबन्धनका रूपमा विकसित भइरहेको छ।

सबैभन्दा विचार गर्नुपर्ने कुरो त कहाँनेर छ भने इराकले कुवेतमाथि हस्तक्षेप गर्दा अमेरिकाको अगुवाईमा सारा संसार इराकलाई सजाय दिन उद्यत भयो र ठूलो युद्ध छेडियो। यद्यपि कुवेतका शासकको मुक्ति वा त्यहाँका जनताको मुक्ति भएको हो भन्ने कुरा विवाद मै रहेको छ, ठूलो हमला र बमबारीद्वारा कुवेत मुक्त भएको घोषणा गरियो। र त्यसपछि त्यहाँका आप्रवासी मजदुरहरू सुरु भएको छ। तर विश्व जनसमुदाय चुपचाप हेरिरहेको छ। इजरायलले जाडो र हिमपातको स्थितिमा चासय भन्दा बढी मुसलमानहरूलाई सुदूर इलाकामा निष्काशन गरेको छ। ती मानिस भोकै कठाङ्ग्रिएर मर्ने स्थितिमा छन् तर विश्वका शान्ति राष्ट्रहरू लाचार भएर हेर्दैछन्।

यति हुँदाहुँदै पनि बिर्सन नहुने कुरा के छ भने तर मानव अधिकारको सम्पूर्ण आनदोलन जहिले पनि राजनैतिक सीमा तोड्दै अगाडि बढ्ने प्रयासमा देखिएको छ। दास विद्रोह र म्यागनाकार्ट आन्दोलनदेखि संयुक्त राष्ट्र सङ्घको अभिसन्धिहरूको घोषणासम्म सबै मानव अधिकार आन्दोलनले समकालिन राजनीतिले तय गरेको मानव अधिकारको सिमालाई तोड्ने प्रयास गरेको थियो। त्यसैले मानव अधिकारलाई राजनीतिक पर्खालभित्र जबरजस्ती बन्द गर्ने प्रयास ठूलो मात्रामा हुँदाहुँदै पनि मानव अधिकार आन्दोलन स्वतन्त्र अवधारणा सहित अगाडि बढ्दै छ। यस्तो स्थितिमा राजनीतिक आस्था जे जस्तो भएता पनि मानव अधिकार आन्दोलनलाई स्वतन्त्रतापूर्वक अगाडि बढाउनु तमाम मानव अधिकार कार्यकर्ताहरूको दायित्व हो। मानव अधिकार प्रतिको निस्वार्थ आस्थाद्वारा मात्रै यस महान र पवित्र आन्दोलनलाई सही दिशातर्फ उन्मुख गराउन सकिन्छ। अन्यथा फेरि पनि अधिकारलाई 'अनुग्रह' को पर्यायवाची बनाउन चाहने प्रवृत्तिको हात माथि पर्न जानेछ।

साभार : पुस-माघ ०४९, वर्ष १, अङ्क २, पूर्णाङ्क ९

सामाजिक न्याय र मानव अधिकारका लागि इन्सेक अभियान

डा. इन्दिरा श्रेष्ठ*

निरङ्कुशता र विधिको शासन प्रतिकूलको राज्य व्यवस्थामा सामाजिक न्याय र मानव अधिकार परिकल्पनाको विषयमात्र हुन सक्छ। अझ सामाजिक न्यायका लागि गरिने पहलकदमी तथा त्यस्ता संस्थागत प्रयत्नहरू गैरकानुनी ठहर गरिन्छन्। नागरिक प्रयत्नहरू प्रतिबन्धित हुन्छन्। २०४६ सालको परिवर्तन पूर्व नेपालमा सामाजिक न्याय, लोकतन्त्र, विधिको शासन भनिने विषयमात्र थिए। अझ यसका लागि गरिने संस्थागत प्रयासहरू प्रतिबन्धित गरिएको थियो। राजनीतिक दल खोल्नु र नागरिक तथा राजनीतिक अधिकारका सवालमा काम गर्नुलाई दण्डनीय गरिएको थियो।

संस्थापकहरू खासगरी सुशील प्याकुरेल र प्रकाश काफ्लेको नेतृत्वमा नागरिक तथा राजनीतिक अधिकार सचेतनाको अभियान लामो समयदेखि सञ्चालित थियो। काठमाडौँ उपत्यका र मुलुकका अन्य भू-भागमा भएका विभेद, शोषण, अन्याय र अत्याचारका घटना र त्यसको संरक्षण गर्ने नीतिगत तथा कानुनी संरचनाका विरुद्धमा सचेतनाको आवश्यकता महसुस गरी तत्कालिन समयको चुनौती सामना गर्न 'अनौपचारिक क्षेत्र अध्ययन केन्द्र' नामबाट अध्ययन समूहको आवरणमा घरेलु उद्योग विभागमा २०४५ चैत २५ गते दर्ता गरिएको संस्था नै इन्सेकको जननीको रूपमा रहेको छ।

किनारामा परेका जनताहरूको सामाजिक सङ्गठन थिएन। राजनीतिक चेतना र सङ्गठनको महत्व तथा आवश्यकता बोध हुन सकेको थिएन। यस्तो अवस्थामा पछाडि परेका शोषित पीडित जनताको आवाज भएर काम गर्ने दृढताले नै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सक) को स्थापना भएको हो। प्रारम्भमा काठमाडौँको शहरी क्षेत्रमा ठेलागाडा चलाउने मजदुरहरूको सरोकारमा केन्द्रित इन्सेकले समयको मागसँगै आफ्नो कार्य क्षेत्रलाई देशभर स्थापित गर्दै लग्यो।

चिनिएका अधिकारकर्मीको नाममा यस्तो दर्ता सम्भव थिएन। नाता र परिवारभित्रका आत्मीयजनहरूको नाममा दर्ता गरेर थालिएको यो अनुसन्धान केन्द्र २०४६ सालको राजनीतिक परिवर्तनपछि मानव अधिकार सचेतनाको अभिवृद्धि, पैरवी र जनपरिचालनमार्फत राज्यको जबाफदेहिता र प्रतिबद्धताको खबरदारी गर्न मानव अधिकार संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को रूपमा संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भई क्रियाशील रहेको छ।

सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरिरहेको यस संस्थाले गरेको संस्थागत प्रयासको परिणाम स्वरूप नेपालको मानव अधिकार अवस्थाको सुधारका लागि परिवर्तन, कानुनी तथा संरचनागत सुधार र संस्थागत क्रियाशीलतामा उल्लेखनीय परिवर्तन भएका छन्।

(क) नेपालमा प्रजातन्त्र पुनःस्थापना र इन्सेक अभियानको प्रारम्भ

नेपालमा भएका राजनीतिक परिवर्तन तथा अधिकार प्राप्तिको सङ्घर्षमा मानिसहरूलाई बलपूर्वक बेपत्ता बनाउने र त्यसप्रति जबाफदेहिताविहीन हुने संस्कृति जस्तै बनेको देखिन्छ। २००७ सालको क्रान्ति र त्यससँग जोडिएका बेपत्ता तथा बलप्रयोगप्रति तत्कालीन राज्यसत्ता अनुत्तरित रह्यो। दण्डहीनताको अभ्यास २०१७ पश्चातको राजनीतिक प्रणालीमा संस्थागत हुँदै गयो। २०४६ मा भएको प्रजातन्त्र प्राप्तिको आन्दोलन, त्यसपूर्वका घटना र सम्बन्धित प्रक्रियामा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था पत्ता लगाउन इन्सेकले अभियान सुरु गरेपश्चात तत्कालीन सरकारका तर्फबाट निर्माण गरिएको समितिमा इन्सेकका तत्कालीन महासचिव प्रकाश काफ्ले मनोनित हुनु भएको थियो। इन्सेकले गरेको प्रयास समेतले गठन भएको त्यस समितिलाई नेपालमा जवाफदेहिता सुनिश्चित गर्न नागरिक संग्लनताको सुरुवात मान्न सकिन्छ।

संस्थापकहरू सुशील प्याकुरेल र प्रकाश काफ्लेले मानव अधिकारलाई इन्सेकले गाउँ घरसम्म पुऱ्याउनुपर्ने र त्यस अभियानले मात्र जनअधिकारको आन्दोलन सफल हुने बताउनु भएको थियो। लोकतान्त्रिक प्रणालीमा मानव अधिकारमैत्री विधिको शासनमार्फत सुनिश्चित गर्नु पर्ने सामाजिक न्यायका लागि राज्यको जबाफदेहिताको खोजी गर्न जागरण अभियान चलाउनेमध्ये इन्सेकले अग्रणी अभियानको रूपमा आफूलाई विकास गरेको छ। जनताको घरदैलोमा मानव अधिकार सचेतना फैलाउन देशभर मानव अधिकार समूहहरू बनाउने र उनीहरूलाई त्यहीँ मानव अधिकार संस्था दर्ता गर्न लगाउने कार्यको नेतृत्व इन्सेकले गरेको थियो। इन्सेकले नेपालमा नागरिकहरूको सङ्गठन गर्ने तथा भेला अभिव्यक्ति स्वतन्त्रताको अभियानलाई स्थानीयकरण गर्दै ७५ जिल्लामै मानव अधिकार संस्था गठनका लागि स्थानीय समुदायलाई सशक्तिकरणको कार्य आरम्भ गरेको थियो। सहज समयमा संस्थाहरू खोल्नु सामान्य विषय जस्तो लागे पनि यो कार्य सामयिकताका दृष्टिले निकै दूरगामी र महत्वपूर्ण थियो। नागरिक समाजको स्थानीयकरण, स्वीकारोक्ति र प्रभाव

* डा. इन्दिरा श्रेष्ठ इन्सेकका अध्यक्ष हुनुहुन्छ।

सुधार गर्दै लोकतान्त्रिक प्रणालीको निरन्तरता र सुदृढीकरणमा इन्सेकले सामाजिक संस्था निर्माणमा गरेका कार्यहरूको प्रभाव आजसम्म उल्लेखनीय रहेको छ।

नेपालमा निष्पक्ष तथा स्वतन्त्र निर्वाचनका लागि सचेतना कार्यक्रम र निर्वाचन पर्यवेक्षण कार्यको इन्सेकले नेतृत्व लियो। २०४८ सालको निर्वाचनमा पर्यवेक्षकहरूको समितिमा इन्सेकका महासचिव प्रकाश काफ्लेले महासचिव कै रूपमा नेतृत्व लिनुभएको देखिन्छ। नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र विषयगत सवालमा योगदान गर्न अरूसँग प्रतिस्पर्धा होइन, सहकार्यको संस्कृतिमा विश्वास गर्ने यस संस्थाले बहिष्करणमा परेका समुदायका सवाल र मुद्दाहरूलाई स्थापित गर्ने र अधिकार प्राप्तिका लागि समुदाय परिचालन गर्ने कार्य गर्दै आएको छ। प्रारम्भिक कालखण्डमै इन्सेकले नेपालको अधिकार प्राप्तिको अभियानमा आफूलाई अब्बल सामाजिक संस्थाको रूपमा स्थापित गर्न सफल भएको देखिन्छ।

(ख) मानव अधिकार अनुगमन तथा अभिलेख

सामाजिक संस्थाले मानव अधिकार अनुगमन तथा अभिलेखको कार्य गर्नु पर्ने र प्राप्त तथ्याङ्क तथा विवरणको विश्लेषण गरी अधिकार प्राप्तिको अभियान सञ्चालन गर्नु पर्ने ठहर गर्दै सन् १९९२ देखि आफ्नो कार्यक्रममा मानव अधिकार अभिलेखलाई संस्थागत गरेको देखिन्छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको आवधिक विवरण सङ्कलन र विश्लेषण गर्दै प्रत्येक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको इन्सेकले गर्ने यस कार्यक्रममार्फत नेपालका नागरिक संस्था तथा राज्यका निकायहरूले मानव अधिकार संरक्षण, सम्वर्धन, परिपालना र सम्मानमा गर्नुपर्ने कार्यक्रम, नीति, कानुन तथा संरचनागत सुधारका कार्य गर्ने प्रेरणा प्राप्त गरेका छन्। राज्य तथा यसका अङ्ग मानव अधिकार रक्षक, नागरिक समाज, आम नागरिक तथा मानव अधिकारका बारेमा जानकारी लिन चाहने वर्गका निमित्त यो प्रकाशन महत्वपूर्ण स्रोत तथा सन्दर्भ सामग्रीका रूपमा रहने गरेको छ। मानव अधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी सम्पूर्ण घटनाको विवरण, तथ्य तथ्याङ्क तथा वर्षभरको मानव अधिकार अवस्था विश्लेषण समेटेर प्रकाशन गरिने नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्यको जबाफदेहिता र उसका प्रतिबद्धताप्रति निरन्तर प्रश्न उठाएको छ।

मानव अधिकारका विश्वव्यापी सिद्धान्त, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारका अन्तर्राष्ट्रिय सन्धि तथा अनुबन्धहरू र नेपालको संविधानलाई इन्सेकले मानव अधिकार अनुगमन तथा प्रलेखका लागि मार्गदर्शन मानेको छ। संविधानमा प्रत्याभूत सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रता, शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, निष्पक्ष न्यायिक अधिकार, बाल अधिकार, महिला अधिकार, समानता, छुवाछूत तथा भेदभाव विरुद्धको हक, सामाजिक सुरक्षा, खाद्य, आवास, निवारक नजरबन्द विरुद्धको अधिकार, यातना विरुद्धको हक लगायतका विषयमा आधारित रहेर इन्सेकले मानव अधिकार अनुगमन तथा अभिलेख गर्छ। सुशासन, पारदर्शिता र जबाफदेहिता मानव अधिकारमैत्री राज्यका आधारभूत सर्त हुन् भन्ने मान्यता र विश्वास इन्सेकले राख्दछ। सामाजिक न्यायको सुनिश्चितता, लोकतन्त्र, कानुनी शासन र मानव अधिकारमैत्री नीतिगत व्यवस्था आजको आवश्यकता हो।

जिल्ला प्रतिनिधिहरूमार्फत घटना सङ्कलन गरी प्रकाशन सुरुआत गरिएको यस कार्यलाई आजको युग सुहाउँदो मोबाइल एप वा कम्प्युटर सफ्टवेयरमा घटना सङ्ग्रह गर्ने व्यवस्था मिलाइएको छ र वर्ष पुस्तकलाई वितरण गर्न डिजिटल माध्यम सुनिश्चित गरिएको छ। ३० वर्षदेखि निरन्तर नागरिकस्तरबाट प्रकाशित पुस्तकको पहिचान निर्माण गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक दक्षिण एसियामा मात्र होइन, विश्वस्तरमा नै मानव अधिकार प्रलेखको महत्वपूर्ण दस्तावेजको रूपमा स्थापित भएको छ। यसका अलावा इन्सेकले दश वर्ष लामो सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकार उल्लङ्घनका घटनाको पार्श्वचित्र तयार गरी सार्वजनिक गरेको छ। एउटा सामाजिक संस्थाले तयार गरेको द्वन्द्वको समयको अभिलेखले न्यायको आशा गरेका पीडितको सपना सुनिश्चित गर्न निरन्तर खबरदारी र सन्दर्भ स्रोतको काम गर्ने इन्सेकको विश्वास रहेको छ।

(ग) जातीय विभेदविरुद्ध इन्सेक

जातीय विभेदको अवस्था अनुगमन गर्न इन्सेकले २०५० सालमा उत्पीडित जातिकै अगुवाइ तथा क्रियाशिलतामा देशव्यापी सर्वेक्षण गऱ्यो। छुवाछूत प्रचलनको बाहुल्यता रहेको क्षेत्र तथा जिल्लाहरूमा पुगेर अवलोकन तथा तथ्य सङ्कलन गरियो। सङ्कलित तथ्य र त्यसको नतिजा सन् १९९३ को मानव अधिकार वर्ष पुस्तकमा प्रकाशन गरियो। उक्त पुस्तकमा प्रकाशित अध्ययन सामग्रीले नेपालको दलित आन्दोलनलाई सङ्गठित र परिचालित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको अधिकारकर्मीहरूले बताउने गरेका छन्।

जातीय छुवाछूत मुक्त समाज तथा राष्ट्र निर्माणका लागि इन्सेकले २०५४ सालमा उत्पीडित जातीय मुक्ति समाजसँगको सहकार्यमा १५ जिल्लामा दलित जातिका निम्ति ६ महिने मानव अधिकार तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै जातीय छुवाछूत र विभेदविरूद्धको कानुनी तथा नीतिगत व्यवस्थाका लागि निरन्तर पैरवी तथा अभियान गरेको देखिन्छ। सप्तरी, सिराहा र उदयपुर जिल्लामा रहेका मुसहर र डोम जातिको उत्थानका लागि कार्यक्रम, दलितहरूको मन्दिर प्रवेस, सहभोज, र सामाजिक कार्यमा नेतृत्वका लागि इन्सेकले आफ्ना अभियान सञ्चालन गरेको देखिन्छ।

नेपालको दलित अधिकार आन्दोलनमा सक्रिय योगदान पुऱ्याउनु भएकी रामरतिदेवी राम र विश्वेन्द्र पासवानलाई इन्सेकले प्रकाश मानव अधिकार पुरस्कारबाट सम्मानित गऱ्यो। त्यसैगरी स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि क्रियाशील डा. रुपचन्द्र विश्वकर्मालाई २०७७ को प्रकाश मानव अधिकार पुरस्कारबाट सम्मानित गरेर दलित अधिकार आन्दोलनलाई थप सशक्त बनाउन योगदान गरेको छ। दलितको पहिचान र सङ्गठित परिचालनका लागि प्रारम्भमा सञ्चालन गरिएका अभियानले निश्चित परिणाम हासिल गरेको भए पनि दलित अधिकार र गैरविभेदको सुनिश्चितताका लागि इन्सेकले

जातीय छुवाछूतविरूद्ध अझ शसक्त अभियान र सामाजिक परिचालन गर्नुपर्ने आवश्यकता आज पनि ज्युँका त्यूँ रहेको छ।

(घ) बाधा श्रम र मुक्ति अभियानमा इन्सेक

इन्सेकका प्रकाशनहरूले जनाएअनुसार बर्दियाको मानपुर टपरा-९ बेलवामा २००८ सालमा भएको खलिहान घेराऊ आन्दोलनमा किसान कमैयाहरूले एक हप्तासम्म खलिहान घेराउ गरे। तत्कालीन प्रशासनको इसारामा गोली चल्दा कोइलीदेवी थारू मारिइन्। २०१७ सालमा दाङको बेलवा बञ्जारी काण्डका रूपमा चर्चिच किसान आन्दोलनमा स्थानीय जमिन्दारको गोलीबाट किसान नेता गुमरा थारूको हत्या भयो। २०३९ सालमा बर्दिया डेउढाकला थुमनीको जमिन्दारको खलिहान कब्जा गर्न जाँदा घघवारका युवक मोहन थारूको मृत्यु जमिन्दारले चलाएको गोलीबाट भयो। २०४८ सालमा कञ्चनपुरका कमैयाहरूले स्वत:स्पूर्तरूपमा मुक्तिका लागि आन्दोलित भए। बर्दियाको २०४८ सालको कमैया सुकुमवासीहरूको भूमि अधिकारका लागि कन्दरा आन्दोलनमा लाखौँ भूमिहीनहरू सहभागी भए। यस आन्दोलनले नेपालमा सुकुमवासी र कमैया समस्यालाई सतहमा ल्याइदियो। अखिल नेपाल किसान सङ्घलगायतका सङ्गठनहरूले गरेको आन्दोलन पनि कमैया तथा भूमिहीन किसानहरूको अधिकारका लागि भएका प्रयासहरू थिए।

इन्सेकले आफ्नो अभियानअन्तर्गत २०४८ सालमा बर्दिया, कैलाली र कञ्चनपुरमा विद्यमान रहेको कमैया प्रथाको बारेमा अध्ययन गरेको थियो। यस अध्ययनबाट कमैया प्रथाभित्र बाँधापन विद्यमान रहेको र कमैया प्रथा पनि बाँधापनको जर्जर यथार्थ रहेको तथ्य उजागर भयो। कमैया मुक्ति आन्दोलनको सारथीको रूपमा इन्सेकले श्रृङ्खलाबद्ध अभियान चलायो।

यसैगरी, २०५० सालमा इन्सेकले कमैया बाँधाश्रम प्रणाली अन्त्यका लागि परमादेश जारी गरिपाउँ भनी सर्वोच्च अदालतमा रिट दायर गरेको थियो। रिट दायर गरेको पाँच वर्षपछि २०५५ सालमा आदेश जारी गर्न नपर्ने आदेश प्राप्त भयो। यो वैधानिक लडाइँले कमैया बाँधाश्रम प्राज्ञिक बहसको विषय बन्यो। २०५२ सालमा कमैयाहरूले नेपालगञ्जमा सम्मेलन गरी कमैया मुक्ति मञ्च गठन गरे। यो एक सङ्गठित प्रयासको थालनीमा इन्सेक अभियानले महत्वपूर्ण सहयोगीको काम गरेको थियो। २०५२ सालदेखि नेकपा माओवादीको नेतृत्वमा भएको सशस्त्र द्वन्द्वको क्रममा हजारौँ जमिन्दारका घर जग्गा कब्जा हुनुका साथै भिडन्तहरू भए। कमैया मुक्ति आन्दोलनमा यसको पनि योगदान रहेको छ।

त्यसपछि सबै क्षेत्र मुख्यतया सामाजिक सङ्घसंस्थाहरूबाट निरन्तर कमैयाहरूलाई सङ्गठित गर्ने, सचेतना जगाउने र आन्दोलित हुने क्रम जारी रह्यो। २०५३ सालमा साझा सवालमा सँगसँगै काम गर्नका लागि सामाजिक संस्थाहरूको संयुक्त कमैया सरोकार समूह गठन भयो। जुन समूहको अनौपचारिक पहल कमैया मुक्ति आन्दोलनलाई स्थापित गर्न सहयोगी भयो। २०५६ सालमा कमैयाहरूले गाविसमा कमैयाहरूलाई न्यूनतम ज्यालाका लागि निवेदन दिएर राज्यका निकायहरूलाई दबाब सिर्जना गरे। २०५७ साल वैशाख १८ गते अन्तर्राष्ट्रिय श्रमिक दिवस (मई दिवस) को सन्दर्भ पारेर कैलाली गेटाका कमैयाहरूले मुक्तिको खातिर गरेको विरोहबाट उठान भएको कमैया मुक्तिको आन्दोलनले राष्ट्रिय रूप ग्रहण गऱ्यो। कमैया सरोकार समिति, कमैया मुक्ति आन्दोलन परिचालन समिति, कमैया जागरण समितिलगायतका समूहहरूबाट पनि जोडदार पहल गरियो। राष्ट्रिय अन्तर्राष्ट्रिय दबाब सिर्जना भएपश्चात् शेरबहादुर देउवा नेतृत्वको तत्कालीन सरकारले २०५८ साउन २ गते कमैया मुक्तिको घोषणा गऱ्यो। कमैया मुक्ति आन्दोलनले बाँधापनबाट मुक्त गरे पनि कमैयाहरू समग्र मुक्ति र अधिकारप्राप्त समुदाय बनाउने सङ्घर्षमा सामाजिक सङ्घसंस्थाहरूको कार्यक्रम अझै जरुरी देखिन्छ।

(ङ) महिला अधिकारको सवाल र इन्सेकको योगदान

नेपालमा महिला सहभागिताको न्यून अवस्था र हिंसापीडित महिलाको अवस्था विश्लेषण गर्दै इन्सेकले महिलाको भूमिका, अवस्था र निर्णायक तहमा सहभागिता सुनिश्चित गर्न २०५२/५३ सालमा राष्ट्रिय महिला सम्मेलन आयोजना गऱ्यो। त्यस सम्मेलन मार्फत महिला अधिकारका लागि ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्नु पर्ने माग अगाडि सारियो। इन्सेकले महिला अधिकारका सवालमा राजनीतिक दलमा क्रियाशील महिलाहरू र अधिकर्मीहरूसँग छलफल तथा अभियान निरन्तर सञ्चालन गर्दै गयो। २०५४ सालको स्थानीय निर्वाचनमा महिला आरक्षणको विषयलाई सरकारले समेट्यो। फलत: २० प्रतिशत महिलाको आरक्षणको कानुनी प्रावधानको व्यवस्था सुरुवात भयो। इन्सेकले सुरुवात गरेको अभियानलाई महिला अधिकारमा क्रियाशील सामाजिक संस्थाहरू र राजनीतिक महिला सङ्गठनहरूले निरन्तर अगाडि बढाउँदै लगे। महिला अधिकारको सामाजिक अभियानले गरेको माग अनुसार आज समाजका हरेक अङ्कमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित भएको छ। समानता र महिला अधिकारको नयाँ चरणमा समेत इन्सेक आफ्नो तर्फबाट योगदान गर्दै आएको छ।

(च) नेपालमा सशस्त्र द्वन्द्व र शान्ति प्रक्रियाको अनुगमन

इन्सेकको परिचालन र संयोजनमा २०४८ सालदेखि देशभर मानव अधिकार संस्थाहरू खुल्ने र क्रियाशील हुने क्रम चलेको थियो। सशस्त्र द्वन्द्वमा इन्सेकसहित ती संस्थाले मानव अधिकारका क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। रुकुम, रोल्पा, जाजरकोट जस्ता जिल्लाहरूमा माओवादी द्वन्द्वभन्दा पहिलेदेखि नै मानव अधिकारकर्मी उपस्थित भइसकेका थिए। उनीहरूले निर्वाह गरेको भूमिकाले गर्दा अपहरणबाट मान्छेलाई मुक्त गर्ने प्रयत्नहरू सफल भएका थिए। रोल्पामा माओवादीको सिज अभियानविरुद्ध राज्यले दमन सुरू गऱ्यो। यसक्रममा प्रहरीले मान्छे मार्ने क्रम सुरु गऱ्यो। इन्सेकले त्यहाँ भइरहेको क्रियाकलापलाई प्राचीद्वारा उजागर गऱ्यो। राज्य पक्षका संयन्त्रलाई बढी संयमित हुन आग्रह गऱ्यो। देशको बुहुदलीय व्यवस्थाको प्रजातान्त्रिक आचरणअनुसार व्यवहार गर्न र अन्यपक्षलाई मानवीय कानुनप्रति

जबाफदेहिहता हुन इन्सेकले दबाब दियो।

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले २०४८ सालको संसदीय निर्वाचनपश्चात देखिएका राजनीतिक घटनाक्रमहरूको विश्लेषण गर्दै नेपालमा द्वन्द्वको खतरा उल्लेख गरेको थियो। नौ सिटसहित संसद्मा प्रवेश गरेको संयुक्त जनमोर्चाले संसद्लाई 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो' हो भनी प्रचार गरेको र तत्कालीन सरकारका तर्फबाट भएका मानव अधिकार उल्लङ्घन तथा राजनीतिक आस्थाका आधारमा गरिएका विभेदले द्वन्द्वको वातावरण तयार गर्दै गरेको थियो। संसदीय व्यवस्थाप्रति वितृष्णा फैलाएको र संसदीय राजनीतिलाई रणनीतिक रूपमा उपयोग मात्र गरेको देखिन्थ्यो। २०५२ माघ १६ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० सूत्रीय मागसहितको ज्ञापनपत्र पेश पेश गर्दै २०५२ फागुन २ गतेदेखि नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले नेपालमा सशस्त्र विद्रोहको घोषणा गर्दै रुकुम, रोल्पा, सल्यान र सिन्धुली जिल्लाका प्रहरी चौकीहरूमा एकसाथ आक्रमण गरी सशस्त्र द्वन्द्व आरम्भ भएको थियो।

सशस्त्र द्वन्द्वको सुरूवाति समयमा मध्यपश्चिमका पहाडी जिल्लाहरूमा सशक्त रहेको माओवादी द्वन्द्वको प्रभाव विस्तारै देशव्यापी बन्यो। प्रहरीका स-साना टुकडी र चौकीहरूमा आक्रमण गरी हतियार बटुल्दै आएको माओवादीले २०५६ असोज १० गते डोल्पा जिल्लाको सदरमुकाम दुनैमा जिल्ला प्रहरी कार्यालयमाथि आक्रमण गर्दा १४ जना प्रहरीको मृत्यु भयो। २०५७ सालमा माओवादी जनविद्रोहप्रति लक्षित गरी सशस्त्र प्रहरी सङ्गठनको निर्माण गऱ्यो गरी माओवादी विरुद्ध परिचालन गऱ्यो।

२०५८ मङ्सिर ८ गते माओवादीले तत्कालीन शाही नेपाली सेनाको दाङ घोराहीस्थित व्यारेकमा आक्रमण गऱ्यो। सो घटनामा १४ जना सैनिक मारिए। त्यस घटनामा माओवादीले ब्यारेकमा रहेका हतियारसमेत सबै हतियार लुटेर लगेका थिए। दाङ घटनापश्चात मुलुकमा सङ्कटकालीन अवस्थाको घोषणा भयो। मृत्यु, सम्पति कब्जा, अङ्गभङ्ग, बलपूर्वक बेपत्ता पार्ने घटना, जबरजस्ती चन्दालगायतका घटनाहरू सतहमा आए। माओवादी समस्या समाधानका लागि भन्दै अझ कठोर सशस्त्र कारबाहीहरू हुन थाले। स्वतन्त्र प्रेसमाथि अङ्कुश लगाइयो। टेलिफोन सेवाहरू अवरुद्ध गरिए।

सरकार र विद्रोहीका तर्फबाट भएका घटनाहरू को अनुगमन गर्ने, नागरिकको जीवन रक्षाका लागि अधिकतम प्रयत्न गर्ने, आवश्यकता तथा जरुरतका आधारमा मध्यस्थता गर्ने र समग्र मानव अधिकार रक्षाका लागि इन्सेकले महत्वपूर्ण योगदान गरेको छ। नागरिक अधिकार र मानव अधिकार शिक्षाको अभियान चलाउँदै आएको इन्सेकले माओवादी द्वन्द्वसँगै बदलिँदै गएको देशको अवस्थालाई मध्यनजर गरी आफ्नो कामको प्राथमिकतालाई समयसापेक्षरूपमा परिवर्तन गर्दै आयो। सशस्त्र माओवादी विद्रोह र विद्रोहलाई दबाउने नाममा सरकारबाट भएको कारबाहीले युद्धमा भाग नलिएका निर्दोष सर्वसाधरणहरूको हत्या, बेपत्ता, यातना, लुटपाट, विस्थापनजस्ता युद्ध अपराधका क्रियाकलापहरू हुन लागेपछि इन्सेकले द्वन्द्वरत पक्षहरूलाई युद्धका आधारभूत नियमहरूको सम्मान गर्न दबाब र जागरणको अभियान चलायो। कतिपय अवस्थामा प्रत्यक्षरूपमा र कतिपय अवस्थामा आफ्ना प्रकाशन र प्रशारणहरूमार्फत द्वन्द्वरत पक्षहरूलाई जेनेभा महासन्धि, अन्तर्राष्ट्रिय मानवीय कानुन, मानव अधिकारका विश्वव्यापी मान्यता, युद्धका सीमाहरूका बारेमा प्रशिक्षित गराउने अभियान सञ्चालित भएको थियो। द्वन्द्वरत पक्षहरूबाट भएका सबैखाले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूलाई अभिलेखीकरण र प्रकाशन मार्फतबाट जवाफदेही बनाउन इन्सेकले ग्रामीण बस्तीहरूमा शान्ति अभियान सञ्चालन गऱ्यो।

इन्सेकले तत्कालीन विद्रोही पक्ष नेकपा माओवादी पनि जेनेभा महासन्धिको पालनाका लागि जिम्मेवार हुनु पर्ने र राज्यले पनि उसलाई त्यसैअनुरूप व्यवहार गर्नुपर्ने भनेर पटक पटक खबरदारी गरेको थियो। यसै आधारमा त्यसकालमा माओवादीबाट अपहरित कयौँ नागरिकहरूलाई आफ्नो उपस्थितिमा मुक्त गराउने र जीवन रक्षाका लागि अधिकतम पहल गर्ने काम गरेको थियो। कम्तीमा १ सय २५ भन्दा बढी सुरक्षाकर्मी, कर्मचारीलाई नेकपा माओवादीले इन्सेकको रोहबरमा मुक्त गरेको अभिलेख इन्सेकले गरेको छ। गैर कानुनी तवरबाट थुनामा राखिएका हजारौँ नागरिक इन्सेकको उपस्थितिमा रिहा भएको अभिलेख इन्सेकलगायत विभिन्न प्रकाशनमा उपलब्ध छन्।

इन्सेकले विस्थापित भएकाहरूलाई घर फर्काउने काम गरेको थियो। द्वन्द्व र द्वन्द्वउप्रान्त विभिन्न जिल्लाबाट विस्थापित भई देशका विभिन्न क्षेत्रमा छरिएर रहेका ९ सय ८१ घरपरिवारका ५ हजार ९ सय ९१ विस्थापितहरूलाई इन्सेकको पहलमा आफ्नै घर फर्काउन सफल भयो। इन्सेकले विभिन्न साझेदारसँगको साझेदारीमा १ सय ७२ घरपरिवारका १ हजार ३७ जनालाई आयआर्जनका लागि सहयोग प्रदान गरेको थियो।

सात राजनीतिक दल र नेकपा माओवादीबीच २०६२ मङ्सिर ७ गते सम्पन्न भएको १२ बुँदे सहमति र २०६२/०६३ को जनआन्दोलनको दौरान इन्सेकले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। मुलुकभर जनआन्दोलनको अनुगमन गर्ने, घाइते तथा गिरफ्तार गरिएको नागरिकहरूको अभिलेख तयार गर्ने, जनआन्दोलनका घाइतेहरूको उद्धार कार्य गर्दै दैनिक प्रतिवेदन सार्वजनिक गर्ने काम गरेको थियो। इन्सेकले सशस्त्र द्वन्दको अन्त्य पश्चात शान्ति प्रक्रियाको निष्कर्ष प्राप्त गर्न द्वन्दका पीडितको न्याय र परिपूरणको आवाज टङ्कारो रूपमा उठाइरहेको छ।

द्वन्द्वकालीन गम्भीर अपराधमा क्षमादान दिन र द्वन्द्वकालीन मुद्दामा जबरजस्ती मेलमिलाप लाद्न नहुने तथा गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई आममाफी दिने गरी मेलमिलापको कार्य माध्यमका रूपमा प्रयोग हुन नसक्ने भन्दै मानव अधिकार उल्लङ्घनकर्तालाई कारबाहीको सुनिश्चितता हुने कानुन बनाउन इन्सेकले निरन्तर खबरदारी गर्दै आएकोछ। बेपत्ता पारिएका व्यक्ति छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को संशोधन गर्नुपर्ने आवश्यकताका बारेमा इन्सेकले पीडित र नागरिक संस्थासँगको सहकार्यमा निरन्तर निगरानी र पैरवी गर्दै आएको छ।

इन्सेकले सन् २०१९ को मार्च महिनामा नेपालमा बलपूर्वक बेपत्ता बनाउने काम र त्यसमा गरिएको दण्डहीनताको प्रयास बारेमा अन्तर्राष्ट्रिय सम्मेलन गर्दै द्वन्द्वको मुद्दालाई यथोचित सम्बोधन गर्न राज्यलाई दवाब सृजना गर्ने कार्य गरेको छ। इन्सेकले प्रकाशन गरेको द्वन्द्व पीडित पार्श्वचित्रमार्फत गरेको अभिलेख नेपालमा द्वन्द्वपीडितको न्यायका लागि पैरवी गर्न महत्वपूर्ण प्रकाशन बनेको छ जसलाई संयुक्त राष्ट्रसङ्घले प्रकाशन गरेको नेपाल द्वन्द्व प्रतिवेदनमा समेटिएको छ। इन्सेकले गरेको मानव अधिकार अनुगमन र अभिलेखको कार्यक्रमले नेपालको शान्ति प्रक्रिया र द्वन्द्व रुपान्तरणमा योगदान गरेकोछ।

(छ) मानव अधिकार समुदायसँगको सहकार्य

इन्सेकले आफ्ना कार्यक्रम र अभियानका लागि नेपालभित्र र बाहिर रहेका मानव अधिकार समुदायसँग सहकार्य गर्दै आएको छ। संयुक्त राष्ट्रसङ्घको मानव अधिकारसम्बन्धी कार्यक्रम, प्रतिनिधि र कार्यालयसँग विश्वव्यापी आवधिक समीक्षा र सन्धिजनित मानव अधिकार प्रतिवेदन र सरोकारमा इन्सेकले निरन्तर कार्य गर्दै आएको छ। मानव अधिकार सन्धि अनुगमन समन्वय केन्›को सचिवालयको रूपमा इन्सेकले नेपाल पक्ष राष्ट्र भएका सम्पूर्ण अन्तर्राष्ट्रिय महासन्धि तथा अनुबन्धहरूमा नागरिक संस्थाहरूको तर्फबाट छायाँ प्रतिवेदन प्रस्तुत गर्ने गर्दै आएको छ। त्यसैगरी संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्मा नेपालका नागरिक संस्थाहरूको सहकार्य (एनजीओ कोलिशन फर यूपीआर) को तर्फबाट इन्सेकले नेतृत्व गर्दै विश्वव्यापी आवधिक समीक्षा (यूपीआर)अन्तर्गत तेश्रो छायाँ प्रतिवेदन प्रस्तुत गरिएको छ।

इन्सेकले नेपालमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको (रोम विधान) अनुमोदनका लागि नागरिक संस्थाहरूको सञ्जालको नेतृत्व गर्दै आएकोछ। नागरिक संस्थाहरूको संयुक्त पहलकदमीको परिणाम स्वरूप पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ साउन ९ गते नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको (रोम विधान) अनुमोदन गर्न निर्देशनात्मक आदेश जारी गर्दै सर्वसम्मत रूपमा सङ्कल्प प्रस्ताव पारित गरेको थियो। मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाका समयमा पटकपटक नेपालका नागरिक संस्थाका तर्फ बाट उठाइएको सरोकारलाई अन्तराष्ट्रिय समुदायले रोम विधान पारित गर्न सुझावहरू प्रदान गरेको तथ्य स्मरणीय छ।

इन्सेकले नेपालमा राष्ट्रिय मानव अधिकार आयोग स्थापनाका लागि नागरिक संस्थाहरूको तर्फबाट संयुक्त सङ्घर्ष तथा पैरवी गरेको थियो। स्थापना कालमै राष्ट्रिय मानव अधिकार आयोगमा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलले सदस्यको रूपमा गर्नु भएको योगदान स्मरणीय रहन्छ। राष्ट्रिय मानव अधिकार आयोगलाई पेरिस सिद्धान्त अनुरूप स्वायत्त, स्वतन्त्र र पारदर्शी बनाउन निरन्तर पैरवी गर्नुपर्ने आजको दायित्व सम्पूर्ण मानव अधिकार समुदायको रहन्छ। इन्सेकले फोरम एशियासँगको सहकार्यमा राष्ट्रिय मानव अधिकार संस्थाको कार्यक्रम र प्रभाव अनुगमन तथा मानव अधिकार रक्षकको अवस्थाका बारेमा कार्यक्रम गर्दै आएको छ। आयोगको आवश्यकता बारेमा आन्दोलन, सार्वजनिक बहस तथा पैरवीमा इन्सेकको संलग्नता अटुट देखिन्छ।

इन्सेकले नेपालमा मानव अधिकार शिक्षाका लागि औपचारिक र अनौपचारिक तवरबाट प्रयत्न गर्दै आएको छ। स्थापनाकालदेखि नै मजदुर तथा पछाडी परेको समुदायको सचेतना र अधिकार प्राप्तिको लागि मानव अधिकार शिक्षाको अभियान सञ्चालन गरेको इन्सेकले हालका दिनसम्म जिम्मेवार निकायलाई जबाफदेही बनाउन मानव अधिकार शिक्षाको कार्यक्रम सञ्चालन गर्दै आएको छ। इन्सेकले मानव अधिकार चेतना समुदाय स्तरसम्म फैलाउन मानव अधिकार रेडियो कार्यक्रम र रेडियो श्रोता क्लब निर्माण तथा परिचालनमार्फत गरेको काम सचेतना अभियानकै अभिन्न अङ्गको रूपमा रहन्छ। रेडियो स्रोता क्लबका मध्यमबाट देशका ७४ जिल्लाका १ हजार ३ सय ९३ स्थानीय क्लबहरू आबद्ध भई मानव अधिकारको संरक्षण र सम्वर्धनका लागि क्रियाशील रहेका थिए। राष्ट्रिय समिति, जिल्ला शाखा, क्लबहरूमा गरी लगभग २० हजार युवाहरू आबद्ध रहेका थिए। यस अभियानले हजारौँको सङ्ख्यामा युवालाई मानव अधिकारको आधारभूत तालिम प्रदान गरी स्थानीयस्तरमा दक्ष मानव अधिकार कार्यकर्ताको रूपमा स्थापित गरेको छ।

नेपालमा क्रियाशील नागरिक संस्थाहरूका सञ्जाल र अभियानमा इन्सेकले नेतृत्वदायी भूमिका खेल्दै आएको छ। दक्षिण एशियास्तरको मानव अधिकार संरचना निर्माण गर्न इन्सेकले क्षेत्रीय स्तरमा मानव अधिकार संस्थाहरूको तर्फबाट पैरवी कार्यको नेतृत्व गर्दै आएको छ।

निष्कर्ष

नेपालको मानव अधिकार आन्दोलन र नागरिक सहभागिता तथा सामाजिक संस्थाहरूको कामको क्षेत्रमा इन्सेक एक अग्रणी संस्थाकोरूपमा रहेको छ। २०४६ सालको जनआन्दोलन पश्चात प्रजातान्त्रको आधारस्तम्भको रूपमा मानव अधिकार संरक्षण, सम्वर्धन तथा परिपालना तथा जनउत्तरदायी र पारदर्शी शासन व्यवस्थाको पक्षमा इन्सेक पैरवीको अभियान बनेको छ। नागरिक अधिकार तथा स्वतन्त्रताको लागि विधिको शासन, लोकतन्त्र, मानव अधिकार मैत्री कानुन तथा नीति निर्माण र कार्यान्वयनमा इन्सेक इन्सेकले जबाफदेहिताको प्रश्न निभ्न दिनु हुँदैन।

सङ्क्रमणकालीन न्यायको प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने, सत्य स्थापना, न्याय तथा परिपूरणको व्यवस्था र संरचना तथा नीतिगत सुधारका लागि इन्सेकजस्ता मानव अधिकार संस्थाहरूको संस्थागत सुदृढिकरण आजको आवश्यकता हो। अन्तर्राष्ट्रिय अभ्यास र साधन स्रोतको परिचालनका लागि इन्सेकले आफ्ना अभियानहरूलाई विस्तार गर्दै लैजानुपर्ने देखिन्छ। नेपालको मानव अधिकार अभियानले दक्षिण एशिया क्षेत्रमा मानव अधिकार संयन्त्र स्थापनाका लागि नेतृत्व गर्नु पर्नेछ। महिला तथा बालबालिकामाथि हुने गरेका अपराधको दर दिनप्रतिदिन बढेका प्रतिनिधि घटनाहरूमा राजनीतिक र संरचनागत संरक्षण कायम रहेको र पीडितले न्याय प्राप्त गर्ने दरमा कमी र समय लामो भएको यस सन्दर्भमा इन्सेकले इतिहासको महिमाबाट प्रेरित हुने र सिर्जनात्मक अभियान सञ्चालन गर्नु पर्ने देखिन्छ।

प्राची मानव अधिकारको लेखन मञ्च बनोस्

प्राची भनेको बिहानको उदाउँदो सूर्य हो। प्राचीले सुरुवात गर्ने वा उदय यस्तै यस्तै अर्थ दिन्छ। झापा आन्दोलनबाट प्रभावित भएकाले आन्दोलन पनि पूर्वबाट उदाएको छ क्रान्तिको उद्देश्य पनि उज्यालो ल्याउने भन्ने अर्थले हामी प्रगतिशील विचार राख्नेहरूका लागि बिहानको उदाउँदो सूर्य जस्तो राम्रो नाम त अरू के हुन सक्थ्यो र ? त्यतिबेला कम्युनिष्ट भर्खरै उदाउँदै गरेको सूर्य जस्तै भएकाले पनि यो नाम उपर्युक्त लाग्यो। हामीलाई प्राचीको अर्थ थाहा थिएन कसैले भ्याट्ट भन्यो। हामीले टपक्कै टिप्यौँ।

सुशील प्याकुरेल*

उबेलामा एसएलसी उत्तीर्ण भइसकेपछि केही गर्नुपर्छ भन्ने थियो। विद्यालय छाडेर बाहिर आउने भनेको अहिलेको स्नातक गरेसरहकै दृष्टिले हेरिन्थ्यो। एसएलसी पास हुनेले पनि त्यस्तै अनुभव गर्थे। ठूलो भएको महसुस हुन्थ्यो। म र प्रकाश (प्रकाश काफ्ले) महोत्तरीको गौशालामा त्रिभुवन अङ्ग्रेजी विद्यालयमा कक्षा ६ देखि सँगै पढेका हौँ। त्यहाँ प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप गरिन्थ्यो। कसैले विद्यालयकै करेसाबारीमा 'क्यारी' गर्थे। क्यारी भनेको चाहिँ करेसाबारीमा केही लगाउने, उब्जाउने, गोडमेल गर्ने हो। हामीचाहिँ वादविवाद प्रतियोगितामा भाग लिन्थ्यौँ। त्यतिबेला भित्ते पत्रिका त थिएन। तर, हामी केहीकेही लेख्ने गरिरहेका हुन्थ्यौँ। यो २०२०-२०२१ साल तिरको कुरा हो। कक्षा ८ सम्म हामी जनकपुरमा पढ्यौँ। त्यसपछि म धरान गएँ। प्रकाश काठमाडौँ। एसएलसी पास भएपछि हामी दुवै जनाको काठमाडौँमा भेट भयो। २०२८ सालदेखि म व्यापार प्रवर्धन केन्द्रमा काम गर्न थालेँ। त्यतिबेला हामी दुवै जना नक्सालमा एउटै कोठामा बस्थ्यौँ। २०२६ साल ताका झापा विद्रोह सुरु भएको थियो। झापा विद्रोहकै समयमा काठमाडौँमा पनि प्रगतिशील साहित्यिक गतिविधि केही जुर्मुराएको थियो। शक्ति लम्साल, रामचन्द्र भट्टराईलगायतका व्यक्तिहरूसँग हाम्रो भेट भइरहन्थ्यो। त्यतिबेला नै हामीलाई केही न केही गर्नुपर्छ भन्ने हुटहुटीले सताइरहेको थियो। पत्रकारितामा प्रकाशको ज्यादा चासो थियो। व्यापार प्रवर्धन केन्द्रमा काम गरेकाले मेरो चिनजान व्यापारीहरूसँग बढ्यो। राजारानीको जन्मोत्सव, संविधान दिवस, प्रजातन्त्र दिवसजस्ता अवसरमा मात्रै पत्रिकाका लागि विज्ञापन पाइन्थ्यो। यो आफ्नो ठाउँमा छ।

खासमा प्रगतिशील साहित्यमा लाग्नु पर्छ भनेर नै हामीले पत्रिका चलाउने निधो गर्‍यौँ। २०२७ सालमा हामीले प्राचीको पहिलो अङ्क निकाल्यौँ। त्यो बेलामा म प्रकाशक र प्रकाश काफ्ले सम्पादक भएर प्राची निकालेका हौँ। पहिलो अङ्कमा मेरो नाम सुशील बन्धु लेखिएको थियो। भूपि शेरचनका कविता, केही प्रगतिशील साहित्यिक रचना र केही गतिविधिसमेत हामीले पहिलो अङ्कमा समेटेका थियौँ। झापा आन्दोलनलाई आधार बनाएर साहित्यिक लेख रचनामार्फत बाम विचारधाराको प्रचार गर्ने हाम्रो मूल उद्देश्य थियो। त्यतिबेला हाम्रो सम्पर्क कसैसित पनि थिएन। तर, आकर्षण भने झापा विद्रोहमा थियो। प्रगतिशील विचारमार्फत सामाजिक न्याय स्थापनाको मूल उद्देश्यका साथ हामीले प्राची सुरु गरेका थियौँ। हामीले जति सक्छौँ त्यति योगदान पुऱ्याउने भनेर नै यसको सुरुवात गरेका हौँ। पञ्चायती व्यवस्थाको विरोध गर्न पाइँदैन थियो। तर पनि हामी सामन्तवाद र साम्राज्यवादको विरोध गर्थ्यौँ। त्यतिखेर रुस र चीनको बिचमा सामाजिक साम्राज्यवाद र समाजवाद के हो भन्ने विषयमा निकै ठूलो विवाद थियो। हामी स्वत: चीनबाट बढी प्रभावित थियौँ। 'लेफ्ट मुभमेन्ट' त्यतिखेर विभाजित अवस्थामा थियो। बुझे पनि नबुझेपनि हामी पनि त्यस्ता अभियान र छलफलमा सहभागी हुन्थ्यौँ।

हाम्रो सामाजिक क्रियाकलापलाई अगाडि बढाउने माध्यमका रूपमा हामीले प्राचीको थालनी गरेका हौँ। प्राचीले हामीलाई काठमाडौँ वरपरका बौद्धिक जमातसँग नजिकिने अवसर प्रदान गऱ्यो। प्रकारान्तरले हामीलाई पत्रकारिताको बाटोमा तान्यो। सुबोध (सुबोधराज प्याकुरेल) पनि त्यतिबेला साहित्यमा कलम चलाउने गर्थ्यो। उसका केही कविताहरू प्राचीमा त्यतिबेलै छापिएका थिए। मभन्दा अलि बढी उसको कलम साहित्यतिर थियो। लेखनीमा उसको बढी लगाव थियो। प्रकाश, सुबोध र म एउटै कोठामा बस्थ्यौँ र कामका बारेमा छलफल गर्ने तथा कामलाई परिणाममुखी बनाउन योजना बनाउथ्यौँ। प्रकाश र सुबोधको कलम राम्रै चल्ने, परिवर्तनका कुरा गर्न म पनि नगल्ने भएपछि हाम्रो लक्ष्य प्राप्तिको यात्रामा

** प्याकुरेल प्राचीका संस्थापक हुनुहुन्छ। इन्सेकको संस्थापक अध्यक्ष प्याकुरेल राष्ट्रिय मानव अधिकार आयोगको स्थापनाकालको सदस्य तथा राष्ट्रपतिका पूर्व मानव अधिकार एवम् राजनीतिक विज्ञ हुनुहुन्छ।*

बाधा थिएन।

हामी थोरै छाप्थ्यौं। खर्च पनि धेर लाग्दैनथ्यो। पहिला प्रेसमा दिन्थ्यौं। अलिकति ल्याउँथ्यौं। अञ्चलाधीशकोमा गएर स्वीकृति लिनुपर्थ्यो। अञ्चलाधीशले स्वीकृति दिएपछि मात्रै बाँड्न पाइन्थ्यो। अञ्चलाधीशले 'सेन्सर' गर्थे। त्यहाँ हामीलाई अलि गाह्रो हुन्थ्यो। प्राची जस्ता पत्रिका दर्ता गर्न निकै गाह्रो थियो। दर्ता सम्भव पनि थिएन। काठमाडौंमा भर्खर आएका हाम्रो ल्याकत पनि थिएन। सामूहिक सङ्कलन भनेर निकाल्न पाइन्थ्यो। हामीले प्राची सामूहिक सङ्कलनबाटै निकालेका थियौं। छपाई खर्च आफ्नो नपरोस् भनेर विज्ञापन त लिइन्थ्यो। तर, उठाउन नजानेर हो वा नसकेर खर्च आफ्नै हुन्थ्यो। प्राचीको कुनै एउटा अङ्कमा मोदनाथ प्रश्रितको एउटा कविता छापिएको थियो। त्यो अङ्क अञ्चलाधीशले स्वीकृत नगरी अङ्काइदिए। प्रश्रितसँग चिनजान थिएन। त्यो कविता सायद रामचन्द्र भट्टराईले उपलब्ध गराएको होला। कविता राम्रो लाग्यो छाप्यौं। २०३१-२०३२ सालतिरको कुरा होला यो। मोदनाथको नाम देख्ने बित्तिकै रोकिदियो। निकै छलफल गरेपछि बल्लतल्ल पास भयो। सहायक अञ्चलाधीशलाई साहित्यिक हो भनेर निकै 'कन्भिन्स' गरेपछि मात्रै पास भयो र त्यो अङ्क बाँड्न पाइयो। केही समय प्रकाशन गरेपछि हामीले प्रकाशन गर्न नसक्ने अवस्थामा पुग्यौं। २०३३ सालको विद्यार्थी आन्दोलनपछि पञ्चायतको अलि कडा नजर लाग्यो। त्यतिबेला प्राध्यापकहरू हिरण्यलाल श्रेष्ठ, साहना प्रधान, अर्जुननरसिंह केसीलगायतलाई निकालिएको थियो। राजनीतिक चेतना र आन्दोलन बढ्दै जाँदा दमन पनि बढ्यो। त्यसकारणले गर्दा हामीले प्राची प्रकाशन बन्द गऱ्यौं। हामीले यसबिचमा सगरमाथा प्रेस पनि खोल्यौं। त्यसले हामीलाई झनै दु:ख दियो। छापिएका सामग्रीको पैसा उठाउन नसकेका कारण नाफाको कुरा त परै जाओस् टिक्न र टिकाउन पनि सकेनौं। विज्ञापन पनि नपाइने, हामीमाथि पनि निगरानी बढाउने क्रियाकलापका कारण प्राचीलाई हामीले निरन्तरता दिन सकेनौं। २०३६ सालपछि यो बन्द नै भयो। यसबिचमा हामीले केही अङ्क प्रकाशन गऱ्यौं। *(अभिलेखमा नभएकाले ठ्याक्कै अङ्क भन्न सकिएन।)* अहिलेजस्तो अभिलेखका बारे बुझेको भए भने सबै अङ्क अहिले सग्लै पाइन्थे।

प्राचीलाई निरन्तरता दिनका लागि कठिनाइ आए पनि हामीले पत्रकारिताको बाटोलाई भने पहिल्यायौं। त्यसपछि हामीले समाज दैनिकमा लेख्न थाल्यौं। हामीले 'सुप्र' भनेर लेख्थ्यौं। कहिले 'सुशील-प्रकाश' भनेर लेख्थ्यौं। त्यसकै तर्फबाट हामी भारतमा समेत गयौं। जनता पार्टीको सरकार बनेपछि हामी त्यहाँ गएका थियौं। त्यतिबेला इन्दिरा गान्धीले चुनाव हारेकी थिइन्। प्राचीले हामीलाई फराकिलो बाटो बनाइदियो। जहाँ हामी हुइँकिन सक्थ्यौं।

यसबिचमा म राजनीतितिर होमिएँ। शिक्षक आन्दोलन, राजनीतिक आन्दोलन हुँदै प्रजातन्त्रको पुनर्स्थापना गरियो। इन्सेक पहिला रिसर्च सेन्टरका नाममा सञ्चालित थियो। २०४६ सालको परिवर्तनपछि हामीले इन्सेक बनायौं। इन्सेकलाई सङ्गठित गरेर अगाडि बढाउने निधो गरिसकेपछि प्राचीको निरन्तरताको कुरा आयो। यसमा मानव अधिकारका विषय मात्रै होइन साहित्य पनि हुनुपर्छ भन्ने हाम्रो मान्यता थियो। २०४९ सालमा इन्सेकले प्राचीको निरन्तरता दिएका अङ्कहरूमा साहित्य पनि पाउनुहुन्छ। २०४९ सालमा यसमा कुन्दन (कुन्दन अर्याल) पनि जोडिनु भएको छ। त्यतिबेला खोजपूर्ण पत्रकारिताका रूपमा पनि हामीले प्राचीलाई अगाडि बढाएका थियौं। प्राचीले माओवादी हिंसात्मक आन्दोलन अघि नै अब मुलुक हिंसात्मक आन्दोलनतिर फस्छ भन्ने खालका खोजमुलक सामग्री प्रकाशन गरेको थियो। रोल्पा, रुकुममा गरिएको प्रहरी ज्यादती र मानिसका प्रतिक्रियाले मुलुक द्वन्द्वतिर जाँदैछ भनेर कुन्दनले नै गरेको स्थलगत रिपोर्टिङ् प्रकाशित छ। मानव अधिकारसँग जोडिएका साहित्य, खोजमुलक सामग्री र विश्लेषण प्राचीले समेट्ने मुलभूत विषय हुन्। सामाजिक परिवर्तन र सामाजिक न्यायका विषयलाई मानव अधिकारका आँखाले हेर्ने र मानव अधिकारकै कलमले लेख्ने पत्रिकाका रूपमा हामीले प्राचीलाई विकास गऱ्यौं।

पछिल्ला अङ्कहरूमा प्राचीले मानव अधिकार मात्रै बोल्न थालेको अनुभूति छ। उद्देश्यबाट प्राचीको यात्रा खासै डगमगाएको छैन। त्यसको साहित्यिक 'फ्लेभर' केही कम हुँदै आएको महसुस गरेको छु। यसको निरन्तरतामा बेलाबेलामा रोकिएको पाएको छु। मैले खोजेकोचाहिँ नेपालमा मानव अधिकारका नवोदित अभियन्ताहरूको फोरम बनोस् भन्ने हो। प्राची र इन्फर्मल दुवैलाई मानव अधिकार लेखन मञ्चका रूपमा विकास गर्नुपर्ने आवश्यकता मैले महसुस गरेको छु। प्राचीलाई अनुसन्धानमा आधारित विषयवस्तुलाई समेटेर मानव अधिकार जर्नलका रूपमा विकास गर्नु पर्छ। अब इन्सेकले बौद्धिक कामहरू गर्नुपर्छ। मानव अधिकार आन्दोलन कहाँ छ ? आन्दोलन परियोजनामुखी भयो भन्छौं। यदि हो भने किन यस्तो भयो ? अब के गर्ने ? कसरी गर्ने लगायतका खोजमुलक सामग्रीसहितका विषयवस्तु प्राचीले उठाउनु पर्छ। सोधकार्यसहितका सामग्रीले प्राथमिकता पाउने बनाउनु आवश्यक छ। गहिराइमा पुगेर लेखिएका र 'मुद्दा'लाई उजागर गर्ने लेखाइलाई प्राथमिकतामा राख्नु पर्छ।

नेपालमा कृषि मजदुरको न्यूनतम ज्याला थिएन। इन्सेकले नै ज्याला तोक्ने अवस्था बनाएको हो। कृषि मजदुर, कमैयाका विषयमा प्राचीले विशेषाङ्कका रूपमा किन इतिहासलाई वर्तमान पुस्तासम्म सञ्चार नगर्ने ? यस्ता विषयको महत्व अहिले पनि उत्तिकै छ। प्राचीले मानव अधिकार र सामाजिक न्यायका अभियानका इतिहास र वर्तमानलाई केलाउनु पर्छ। समीक्षा गर्नुपर्छ। सिंहावलोकन गर्नु पर्छ। इन्सेक मानव अधिकारको आन्दोलन हो। अभियान हो। प्राची त्यसको दस्तावेज हो। वाहक हो। यसको अपरिहार्यता अहिले पनि उत्तिकै छ। मानव अधिकारको क्षेत्रबाट निस्कने एउटै पत्रिका भएकाले मानव अधिकार आन्दोलनमा प्राचीको महत्वपूर्ण योगदान रही आएको छ। इतिहासमा पुऱ्याएको योगदानको निरन्तरता आजको आवश्यकता हो। इतिहासको दस्तावेजीकरण गर्ने माध्यमका रूपमा प्राचीलाई अगाडि बढाउन सकौं। शतक अङ्कको धेरैधेरै शुभकामना !

"प्राची एक अब्बल संचेतना पत्रिकाका रूपमा ठिङ्ग उभिएको छ"



सुबोधराज प्याकुरेल*

प्राचीको सुरुवात इन्सेक स्थापना हुनुभन्दा पहिले पञ्चायतकालमा भएको हो। प्राचीको श्रेय हाम्रो संस्थापक महासचिवलाई जान्छ। प्राचीको अर्थ सूर्योदय हो। जतिबेला मान्छेमा प्रजातन्त्रप्रति, मानव गरिमाप्रति, नागरिक अधिकारप्रति संचेतना बढ्ने क्रम आयो त्यो संचेतनालाई यो नामले प्रतिनिधित्व गरेको हो। हामीले त्यही हिसाबले प्राची त्यतिबेला पनि चलायौँ। प्राची त्यतिबेला सामयिक सङ्कलनका रूपमा प्रकाशन गरिएको थियो। अरु पनि त्यस्ता प्रकाशन हुन्थे। तर, प्राची अरूभन्दा फरक थियो। यसले भुइँ मान्छेको कुरा उठाउँथ्यो। गरिब, श्रमजिवी, महिला, मजदुर, दलितलगायत समाजमा पछाडि पारिएका वर्ग र समुदायका व्यक्तिका कुरा प्राचीको प्राथमिकतामा थियो। यो समुदाय सांस्कृतिक रूपले पछाडि परेको र अवसरका हिसाबले बेखबर छन्। कुनै पनि अवसर प्राप्त हुने स्थिति भयो भने त्यसका लागि आवश्यक क्षमताबाट पनि विमुख छन्। त्यस्ता खालका मान्छेको पक्षधर प्राची हो।

प्राचीमा सुरूसुरूमा मेरो साहित्यिक लेखन थियो। प्राचीका सुरूवाती दिनमा कथाकुथुङ्ग्री, कविताहरू लेखेको छु। छापिएको छ। त्यतिबेला एउटा साथी भन्ने निक्लिन्थ्यो। सुस्केरा भन्ने निक्लिन्थ्यो। सङ्कल्प पनि निक्लिन्थ्यो। मैले सबैमा लेख्थेँ। स-साना कथाहरू लेख्थेँ। प्राचीमा अलि गज्जबले जोडिएको भनेको त २०५७ सालमा इन्सेकमा पूर्णकालीन भएर आइसकेपछि मात्रै हो। म २०५७ सालमा इन्सेकको कार्यवाहक महासचिव भएर आइसकेपछि मैले नियमित रूपमा स्तम्भहरू लेख्न थालेको हुँ। यसभन्दा मेरो खासै योगदान थिएन। त्यही साहित्यिक फाँटको योगदान छ। एक/दुई ओटा घटनाको विश्लेषण पनि गरेको छु।

मानव अधिकारलाई प्रगतिशील आँखाले हेर्नुपर्छ भनेर इन्सेकको स्थापना गरिएको हो। सामाजिक न्यायमा आधारित पक्षधरता लिइरहँदा समाजबाट पछाडि पारिएका समुदायका लागि मानव अधिकार चेतना अलि बढी जरुरी छ भन्ने हामीले महसुस गर्‍यौँ। मानव अधिकारको महत्व अलि बढी जरुरी ठान्यौँ। जो मान्छेहरू पाखा परिरहेका छन्। जो आफ्नो कुरो आफैँ भन्न पनि सक्दैनन्। हक अधिकारको दावा पनि गर्न सक्दैनन्। उनीहरूप्रति राज्यको प्रथम दृष्टि जानुपर्छ। प्रथम दृष्टि भन्नुको अर्थ सामाजिक न्यायका हिसाबले जसले सबभन्दा थोरै अधिकार प्राप्त गरेको छ, त्यसप्रति सबभन्दा धेरै ख्याल गर्ने हो। मानव अधिकारको सिद्धान्तका हिसाबले प्रगतिशील प्राप्तिको दृष्टिकोण राखेर हामीहरूले प्राचीलाई निरन्तरता दिने काम गर्‍यौँ।

मानव अधिकार भन्ने कुरा अब त नेपालमा सर्वव्यापी भएको छ। कहिलेकाहीँ असान्दर्भिक हिसाबले पनि मानव अधिकार भन्ने शब्द बोलेको सुन्छु मानिसहरूले। जहाँ मानव अधिकार भन्नुपर्ने विषय थिएन त्यहाँ पनि मानव अधिकार भनेको सुन्छु। यो मानव अधिकारप्रतिको विश्वास र आकर्षणको कारणले हो। जेमा पनि मानव अधिकार लगाइदिन्छन्। यति धेरै मान्छेमा मानव अधिकारप्रतिको आकर्षण छ। त्यो आकर्षणलाई बौद्धिक ज्ञानमा रूपान्तरण गर्ने कुरा प्राचीले बोक्नु पर्छ। त्यो आकर्षण भएका मानिसहरू सर्वसाधारण मान्छे हुन्। उनीहरूलाई ठूल्ठूलो डिग्रीधारीको हिसाबले हेर्ने होइन कि तपाइँ हामीजस्तै दौतरी हुन् भन्ने हिसाबले हेर्नु पर्छ। मानव अधिकारका जेजति अवसर यो मुलुकलाई प्राप्त छन्। चाहे त्यो अन्तर्राष्ट्रिय कानुनको पक्षराष्ट्र भएबापत होला, अथवा हाम्रो अन्तर्राष्ट्रिय मूल्याङ्कन गरिएका दस्तावेजको कारणले होला कहिलेकाहीँ त हाम्रो देशको आलोचना हुँदा पनि त्यो अवसर बन्छ नि त ! यूपीआर अथवा अन्य आवधिक सूचना र प्रतिवेदनको कारणले पनि होला। प्राचीले गर्ने विश्लेषणमा यी विषयवस्तुलाई भुँइमान्छेका दैनिकीसँग एकाकार गर्नुपर्छ। यो गर्ने काम प्राचीको हो।

हामी देशभरि पनि पुग्यौँ। कमैयाको क्षेत्रमा, दलितहरूको अधिकारको क्षेत्रमा, महिला अधिकारको क्षेत्रमा इन्सेकले अग्रणी भूमिका निर्वाह गर्‍यो। यो सबैका सामु छर्लङ्ग छ। हामीहरूले जुनजुन क्षेत्रमा काम गर्‍यौँ त्योत्यो क्षेत्रमा काम गर्दाका जे अनुभव रहे त्यो व्यवहारसिद्ध अनुभव भयो। सामान्य अनुभव मात्र होइन। दोस्रो सूचनाको आधार पनि होइन एकदम प्राथमिक सूचना नै हामीसँग थियो। किनभने हामीहरू त भुँइमा गएर काम गरिरहेका छौँ। त्यो आधारभूत तहका नागरिकसँग नङमासु भएर काम गर्दाको अनुभवलाई हामीले मानव अधिकारको दृष्टिकोणले उनीहरूको हितमा कसरी उपयोग गर्न सकिन्छ भन्ने चिन्तन गर्‍यौँ। संचेतनाको आवश्यक आयामहरू थप्न प्रयास गर्‍यौँ। र, बहुलवादी, बहुदलीय, सामाजिक न्यायउन्मुख राज्यको कल्पना गरेको समाजलाई सकारात्मक रूपान्तरणका लागि हाम्रो बलबुताले काम गर्न थाल्यौँ। ती सबै कुरालाई उपयोग गर्ने सन्दर्भमा हाम्रो आफ्नो प्राथमिक तहको अनुभवलाई आधार मानेर यसको वकालत गर्ने एउटा नियमित प्रकाशनको रूपमा हामीले प्राचीलाई लियौँ।

पछिल्लो चरणमा मानव अधिकार शिक्षा रेडियो कार्यक्रममार्फत हामीले घरघरमा मानव अधिकार पुर्‍यायौँ। कार्यक्रम सुनेर तन्नेरीहरूले देशैभर स्वतःस्फूर्त रूपमा क्लबहरू गठन गरे र तिनै क्लबमार्फत आआफ्नो सिर्जनशीलता समाजमा लगाए। जबजब हामीले यस्ता काम गर्न थाल्यौँ तबतब प्राची त्यस्ता खालका अनुभवहरूले

* इन्सेकका निवर्तमान अध्यक्ष प्याकुरेल प्रदेश १ योजना आयोगको उपाध्यक्ष हुनुहुन्छ।

झनै धनी हुँदै आयो। र, अहिलेसम्म आइपुग्दा मानव अधिकारको क्षेत्रमा प्राची एक अब्बल संचेतना पत्रिकाका रूपमा ठिङ्ग उभिएको छ। विश्वव्यापी आवधिक समीक्षाको प्रतिवेदन होस् वा अरु महासन्धिहरूसँग सम्बन्धित आवधिक/छायाँ प्रतिवेदनका कुरा नै किन नहुन्, नेपालको संविधान, कानुन, लोकतान्त्रिक आन्दोलन र गणतान्त्रिक आन्दोलन दुवै आन्दोलनले उठाएका एजेण्डाहरूको कुरालाई नै किन नहोस्, जनताको एजेण्डासँग एकाकार गरी प्रस्तुत गर्ने काममा अहिले पनि प्राची संलग्न छ। त्यसो भएको हुनाले प्राचीमार्फत हामीहरूले हाम्रो संविधानको, हाम्रो कानुनको, हाम्रो राजनीतिक प्रतिबद्धताको र त्यसको प्रगतिशील व्याख्या गर्ने कुरालाई निरन्तरता दिनुपर्छ। त्यसमा अझ बढी मेहनत गर्नुपर्छ।

यदाकदा मैले एउटा समस्या देशैभरि छरिएको देखिरहेको छु। त्यो के हो भने-दोस्रो सूचनालाई प्राथमिक कुरा मान्ने, कोको ठूलाठालुले के के भनेका छन् त्यसलाई 'कोट' गरेर लेखन सुरु गर्ने, अनि ती कुरा सत्य हुन् किन भने धरातलमा पनि यस्तो देखिएको छ भनेर लेख्ने प्रचलन आएको छ। आमरूपमा नेपालमा बौद्धिक भनिएका लेखकहरूबाट समेत त्यस्तै बाटो तय गरेको पाइन्छ। त्यो लेखाइ भनेको शीर्षक केन्द्रित लेखाइ हो। यसले कुनै महत्व राख्दैन। लेखाइमा पहिले प्राथमिक पात्रको बोली आउनु पर्छ। उसका कुरा आउनु पर्छ। त्यसको संश्लेषण आउनु पर्छ। त्यो संश्लेषणलाई पुष्ट्याइँ गर्नको लागि दोस्रो तहको विद्वतालाई पनि 'कोट' गर्न सकिन्छ। तर, त्यो प्राथमिक कुरा होइन। हामीहरूले धरातलीय यथार्थसँग साक्षात्कार गरेर अहिलेसम्म प्राचीलाई अगाडि बढाएका छौँ। अब नयाँ पुस्ताका साथीहरूले त्यही क्रमलाई अगाडि बढाउनु हुन्छ भन्ने मैले आशा, विश्वास लिएको छु। त्योभन्दा बढी भरोसासमेत गरेको छु।

टेलिभिजन आएपछि रेडियो जान्छ भन्थे। पछिल्लो चरणमा सिनेमा मान्छेले हेर्दैन भन्थे। अनलाइन आएपछि प्रिन्ट मिडियाको युग सकियो भन्थे। वास्तवमा त्यस्तो होइन रहेछ। सुरुसुरुमा नयाँ चिजको स्वाद बढी लाग्छ। त्यसकारण अहिले पनि पाठकहरू अनलाइन बढी हेर्छन्। त्यसमा दुईमत छैन। तर, कालान्तरमा गएर प्रिन्ट मिडियाको महत्व घट्दैन। प्रिन्ट मिडियामा चिनो लगाएर राख्न पाइन्छ। कलमले विभिन्न रङका धर्साहरू तानेर टिपोट राख्न पाइन्छ। त्यो सुविधा अनलाइनमा हुँदैन। प्रिन्टको सुन्दरता के हो भन्नुहोला भने आँखा सामुन्ने राख्न पाइन्छ। दृष्टिमा रहन्छ। र, कुनै पनि बेला पढेको चिज फेरि यसो तानेर पाना पल्टाएर कताकता टिपोट लेखेको होला, चिन्ह लगाएको होला त्यो दाहोऱ्याउन सकिन्छ। यति धेरै अनलाइन भए कि अनलाइनको भिडमा राम्रा अनलाइन हराउन थाले। जस्तो पत्रिका त एउटा छानेर किनेर ल्याउन पाइन्छ। अद्योपान्त हेर्न पाइन्छ। अथवा मनपरेको लेख वा पाठ्यसामग्री अझ बढी हेर्न पाइन्छ। दोहऱ्याएर तेहऱ्याएर हेर्न पाइन्छ।

राम्रो अनलाइन खोज्नै समस्या छ। अनलाइन छान्नु भनेको मौरीको घारमा सबै मौरी पन्छाएर बल्ल महसम्म हात पुऱ्याए जस्तो गरी खोज्नु पर्ने भयो। अहिले दैनिक पत्रिकाहरूले आत्तिएर समाचारलाई पनि कथा बनाएर छाप्न थाले। उनीहरूले किन कथा बनाएर छाप्छन् त, तपाईंले अहिले नेपालकै ठूला पाने पत्रिका हेर्नु भयो भने तिनले समाचार कथा लेखे जस्तो लेख्छन्। एउटै समाचार ८ सय-१ हजार शब्दका हुन्छन्। यो किन गरेको त उनीहरूले भने अनलाइनले मान्छेको भावुकतालाई भजाउन खोज्छ र त्यही मेसोमा ठूला पाने राष्ट्रिय भनिएका समाचार पत्र पनि बहकिए। यूट्युब त झन विकृत नै भयो। सबै त होइन केही। अनि त्यतातर्फको आकर्षण देखेर ठूला पाने पनि अलि मरमसला राखेर समाचार छाप्न थाले। यति मरमसला हाले वास्तविक स्वाद केको हो भन्दा केको हो केको हो भन्नु पर्ने भयो। स्वाद मरमसलाको मात्रै भयो। असली स्वाद हरायो। उनीहरूले गर्नु के पर्थ्यो भने आफ्नो ढाँचालाई निरन्तरतामा लगेको भए क्रमशः मान्छेले बुझ्थे। किनभने नखाइकन स्वाद थाहा हुन्न नि त। सुरुमा त अनलाइनको भोक त बहुतै जाग्यो नि ! संसारभरिको इतिहास यस्तै हो। विकसित देशहरूमा हेर्ने हो भने टोलैपिच्छे १०/१५ ओटा अनलाइन हुन्छन् तर त्यति अनलाइन कहाँ हराएहराए अत्तोपत्तो छैन। पारिवारिक अनलाइन जस्तो भएर बसेको छ।

अनलाइनको जमानाले प्रिन्ट मिडियालाई असर पर्ला कि भन्ने सोच्नु हुँदैन

प्रजातन्त्र भनेको मानव अधिकारको प्राप्ति र विकास गर्ने एउटा औजार हो। यदि तपाइँसँग प्रजातन्त्र छैन भने कानुनको शासन हुँदैन। त्यसो भएको हुनाले हाम्रो पहिलो सर्त प्रजातन्त्र नै हो। त्यो प्रजातन्त्रलाई शिरमा राखेर हामीहरूले कमसेकम राष्ट्रिय घटनाहरूको विवेचना गर्नुपर्छ। प्रजातान्त्रिक आन्दोलनमा मानव अधिकारकर्मीहरू जहिले पनि अग्रपङ्क्तिमा छन्। नेपाल एउटा यस्तो देश हो जसको कम्युनिष्ट पार्टीको स्थापना हुँदा पनि मानव अधिकारप्रतिको सम्मान दर्शाइएको घोषणापत्रमा उल्लेख छ। अरु देशसँग हामीहरूले दाँजिन जानु पर्दैन। हामी अरु देशभन्दा माथि छौँ। मानव अधिकारको विषय हाम्रो सवैधानिक मान्यता मात्रै होइन, हाम्रो देशमा भएका तमाम राजनीतिक दलहरू, त्यसमाथि हतियार उठाएर हिंसात्मक आन्दोलन गर्छु भनेर हिँडेको राजनीतिक दलले समेत मानेको विषय हो यो मानव अधिकार। त्यसकारण हामीहरूको लागि ढोका कहाँ खुल्ला छ भने नेपालको राजनीतिक मात्र होइन, सम्पूर्ण सार्वजनिक कार्यमा संलग्न व्यक्ति, संस्था, तत्सँग संलग्न गतिविधि सबैमा टिप्पणी गर्न सकिन्छ। त्यो त एउटा ठूलो अवसर हो। अरु सबै देशमा यस्तो हुँदैन। यो अवसर हामीहरूले उपयोग गरेर लैजानु पर्छ।

र सोच्नु पर्दैन पनि। अनलाइन पत्रिका जतिसुकै आउन प्रिन्टको मूल्य घट्दैन। महत्व पनि घट्दैन। तर, हामीले जमाना अनुसार चल्न भने छाड्नु हुँदैन। अब प्रिन्ट र अनलाइनलाई समानान्तर ढङ्गले अघि बढाउनु पर्छ। छापामा पनि हुनु पर्छ। अनलाइनमा पनि हुनु पर्छ। वैज्ञानिक हिसाबले प्रमाणित गर भन्यो भने म सक्दिन होला। तर, छापालाई विद्युतीय सञ्चारले विस्थापन गर्छ जस्तो मलाई लाग्दैन। अहिले पनि संसारका नाम चलेका विश्वविद्यालयहरूमा जहाँको सम्पूर्ण पुस्तकालय डिजिटाइज्ड भइसकेको छ, त्यहाँ पनि सर्वाधिक पढिने हार्डकपी नै हो। त्यसको त केही कारण होला नि त। प्रिन्टको भविष्य लामो छ अभिलेखका हिसाबले।

हाम्रो देशको समस्या के हो भने मान्छेले गैरसरकारी संस्था भन्यो कि योसँग टन्नै पैसा छ यसलाई पैसा दिनु पर्दैन भन्ठान्छन्। उनीहरूसँग गम्भीरतापूर्वक अध्ययन गर्ने चलन छैन। उनीहरूले देख्दाखेरी कुनैकुनै संस्थाले धेरै पैसा ल्याएको पनि होला। धेरै तामझाम गरेको पनि होला। तर, इन्सेकलाई उनीहरूले देख्न थालेको त अब तीन दशकभन्दा बढी भइसक्यो। ३० वर्षदेखि चलिरहेको संस्था अहिलेसम्म आफ्नो सारा कुरा खुलाखुलस्त संस्थागत हरहिसाब प्रगति विवरण सारा कुरा सार्वजनिक गरेर बसेको छ। इन्सेकको प्रकाशनलाई किनेर पढ्ने खालको दृष्टिकोण अहिलेसम्म बनेको देखेको छैन। अब यो दृष्टिकोण बनाउने कसरी भन्दा बानी पारेर। बानी पार्ने कसरी भन्दा एक पटक इन्सेकले राम्रोसँग वितरण गर्नु पर्‍यो केही अङ्क। त्यो वितरण गर्दा हाम्रो प्रकाशनको स्तरीयता पनि सँगसँगै स्थापित हुनु पर्‍यो। प्राची भनेको पत्रिका हो। पाठकले कुन विषय जान्न चाहन्छ ? उसको छनौटलाई हेरेर कमसेकम केही स्तम्भहरूले पाठकको समसामयिक चासोलाई सम्बोधन गर्ने गरी निरन्तर त्यो खालको विषयवस्तुहरू हामीहरूले सँगाल्न सक्यौँ भने यसले लोकप्रियताको भर्‍याङका खुट्किला अझै चढ्छ। त्यसपछि पाठकले आफैँ खोजेर पनि पढ्न थाल्छन्।

अहिले भरमार अनलाइन छन्। उनीहरूले समयसमयमा अपडेट गर्छन्। समाचारपत्रहरू दैनिक आउँछन्। रेडियो टिभीमा घण्टाघण्टामै समाचार आउँछन्। प्राचीले यो जेजति घटना परिघटना भइरहेका छन् त्यसको विश्लेषण गर्नुपर्छ। थलोमा छानबिन गर्नु पर्छ र कमसेकम परिस्थितिजन्य प्रामाणिकता सहित प्रकाशन गर्नु पर्छ। मानव अधिकार उल्लङ्घनका कैयन् मामिलामा इन्सेकको अनुसन्धानलाई अदालतदेखि अन्यत्र र अन्तर्राष्ट्रिय दस्तावेजमा समेत उद्धरण गर्ने गरिएको छ। त्यसैले मुलुकमा र विश्वस्तरीय मानव अधिकारको दृष्टिकोणले परख गरेर, जनपक्षीय आँखाले विश्लेषण गरेर सामग्री समेट्नु पर्छ। त्यो विद्वता, फराकिलो दृष्टिकोण र विश्वव्यापी सूचनाप्रतिको संवेदनशीलतालाई मनन् गरेर प्राची प्रकाशन गर्नुपर्छ। यो समाचारपत्र वा अरु म्यागाजिन आदि इत्यादिले जेजस्ता विषयहरू समेटे पनि त्योभन्दा प्राचीको विषय अलि फरक छ। फरक रूपमा नै अगाडि बढाउनु पर्छ। यसमा प्रकाशन हुने हरेक सामग्री मानव अधिकारको कसीमा राखेर संश्लेषण गर्नु जरूरी छ।

प्रजातन्त्र भनेको मानव अधिकारको प्राप्ति र विकास गर्ने एउटा औजार हो। यदि तपाईंसँग प्रजातन्त्र छैन भने कानुनको शासन हुँदैन। त्यसो भएको हुनाले हाम्रो पहिलो सर्त प्रजातन्त्र नै हो। त्यो प्रजातन्त्रलाई शिरमा राखेर हामीहरूले कमसेकम राष्ट्रिय घटनाहरूको विवेचना गर्नुपर्छ। प्रजातान्त्रिक आन्दोलनमा मानव अधिकारकर्मीहरू जहिले पनि अग्रपङ्क्तिमा छन्। नेपाल एउटा यस्तो देश हो जसको कम्युनिष्ट पार्टीको स्थापना हुँदा पनि मानव अधिकारप्रतिको सम्मान दर्शाइएको घोषणापत्रमा उल्लेख छ। अरु देशसँग हामीहरूले दाँजिन जानु पर्दैन। हामी अरु देशभन्दा माथि छौँ। मानव अधिकारको विषय हाम्रो संवैधानिक मान्यता मात्रै होइन, हाम्रो देशमा भएका तमाम राजनीतिक दलहरू, त्यसमाथि हतियार उठाएर हिंसात्मक आन्दोलन गर्छु भनेर हिँडेको राजनीतिक दलले समेत मानेको विषय हो यो मानव अधिकार। त्यसकारण हामीहरूको लागि ढोका कहाँ खुल्ला छ भने नेपालको राजनीतिक मात्र होइन, सम्पूर्ण सार्वजनिक कार्यमा संलग्न व्यक्ति, संस्था, तत्सँग संलग्न गतिविधि सबैमा टिप्पणी गर्न सकिन्छ। त्यो त एउटा ठूलो अवसर हो। अरु सबै देशमा यस्तो हुँदैन। यो अवसर हामीहरूले उपयोग गरेर लैजानु पर्छ।

मानव अधिकार भन्ने कुरा अब त नेपालमा सर्वव्यापी भएको छ। कहिलेकाहीँ असान्दर्भिक हिसाबले पनि मानव अधिकार भन्ने शब्द बोलेको सुन्छु मानिसहरूले। जहाँ मानव अधिकार भन्नुपर्ने विषय थिएन त्यहाँ पनि मानव अधिकार भनेको सुन्छु। यो मानव अधिकारप्रतिको विश्वास र आकर्षणको कारणले हो। जेमा पनि मानव अधिकार लगाइदिन्छन्। यति धेरै मान्छेमा मानव अधिकारप्रतिको आकर्षण छ। त्यो आकर्षणलाई बौद्धिक ज्ञानमा रूपान्तरण गर्ने कुरा प्राचीले बोक्नु पर्छ। त्यो आकर्षण भएका मानिसहरू सर्वसाधारण मान्छे हुन्। उनीहरूलाई ठूल्ठूलो डिग्रीधारीको हिसाबले हेर्ने होइन कि तपाईं हामीजस्तै दौतरी हुन् भन्ने हिसाबले हेर्नु पर्छ। मानव अधिकारका जेजति अवसर यो मुलुकलाई प्राप्त छन्। चाहे त्यो अन्तर्राष्ट्रिय कानुनको पक्षराष्ट्र भएबापत होला, अथवा हाम्रो अन्तर्राष्ट्रिय मूल्याङ्कन गरिएका दस्तावेजको कारणले होला कहिलेकाहीँ त हाम्रो देशको आलोचना हुँदा पनि त्यो अवसर बन्छ नि त ! यूपीआर अथवा अन्य आवधिक सूचना र प्रतिवेदनको कारणले पनि होला। प्राचीले गर्ने विश्लेषणमा यी विषयवस्तुलाई भुँइमान्छेका दैनिकीसँग एकाकार गर्नुपर्छ। यो गर्ने काम प्राचीको हो। आधारभूत तहका मान्छेहरू जो विविध कारणले आफ्नो मर्यादा प्राप्त गर्न असमर्थ भएका छन् तिनीहरूको लागि हाम्रो मानव अधिकार मुखपृष्ठ प्राचीले बोल्नु पर्छ। त्यति भयो भने चाहे अनलाइन चाहे अरु कुनै पनि कुरा गर्नुस् त्यसले हामीलाई छुँदैन। हामीहरूले गर्ने विश्लेषण भनेको कुनै आजको भोलि बासी हुने विषय होइन। सर्वकालीन विषय हो। प्राची अहिले पनि धेरै अग्रजले सम्झना गर्ने पत्रिका हो। देशैभरिका मान्छेहरू यसका शुभचिन्तक, सहयोगी हुनुहुन्छ। कतिपय व्यक्तिहरूले प्रचीका अङ्कहरू बडो जतनले जोगाएर राखेको पनि मैले भेटेको छु। त्यो वजन कायम गर्न सकिन्छ र गर्नुपर्छ।

नेपालको एक विशिष्ट आवधिक पत्रिका प्राची : पत्रकारितामा यसको स्थान र योगदान

'मानवका लागि मानव अधिकार, मानव अधिकारका लागि मानव अधिकार संस्कृति' हाम्रो मुल ध्येय हो। मानव अधिकारका विषयमा ओजपूर्ण, खोजमुलक र गहिराइमा पुगेर लेखिएका तर्कपूर्ण र विश्लेषणात्मक सामग्री प्राचीका प्राथमिकतामा पर्नुपर्छ। यसको विशिष्ट पहिचान भनेको मानव अधिकार र सामाजिक न्याय नै हो। यो पहिचानलाई उच्च बनाउन उपयुक्त सामग्रीलाई एकत्रित गरी परिष्कार र परिमार्जनसहित प्रकाशन गर्नुपर्छ।

डा. कुन्दन अर्याल*

नेपालको सन्दर्भमा राणाकालमा नै आवधिक पत्रिका प्रकाशन भएका थिए। नेपालको पहिलो अखवारका रुपमा गोरखापत्रको प्रकाशनको थालनी हुनुभन्दा दुई तीन वर्ष पहिले नेपाली भूमिबाटै पहिलो पत्रिकाका रुपमा निस्किएको सुधासागर यस्तै आवधिक पत्रिका वा म्यागेजिन भन्न मिल्ने किसिमको थियो। हुन त त्यो पत्रिकाको अभिलेख अहिलेसम्म कतै पाइएको छैन, तर धेरैले त्यसको उल्लेख गरेका छन। निरङ्कुशकालमा समेत आलोचनात्मक राजनीति विषय वेगरका त्यस्ता आवधिक पत्रिकाप्रति थोरै उदारता देखाइन्थ्यो। त्यस्ता पत्रिकाहरूले राणा साशकका जन्म जयन्तीका अवसरमा वा अन्य कुनै अवसर पारेर विशेषङ्क पनि निकाल्दथे। त्यसपछिका दिनमा पनि यस्ता आवधिक पत्रिकाले निरन्तरता पाए। पञ्चायतकालीन समयमा आवधिक पत्रिकाहरूले साहित्यिक अभियान पनि चलाए। सामयिक सङ्कलन भनेर दर्ता नगरी आवधिक पत्रिका प्रकाशन गर्न चलन पनि थियो। अप्रत्यक्ष भाषामा त्यस्ता आवधिक पत्रिकामा वहुलवादी राजनीतिक वा सामाजिक न्यायका र मानवतावादी सोचसँग सम्बन्धित विषयले पनि ठाउँ पाउँथे। खासगरी ०३५-३६ को जनआन्दोलनका हाराहारीमा वा त्यसपछि देशको राजनीतिक अभियानलाई सांस्कृतिक अभियानमार्फत अघि बढाउने क्रममा कैयन त्यस्ता पत्रिका देखिन थाले। सङ्कल्प, झिसमिसे, वेदना, सुस्केरा लगायत कैयन आवधिक पत्रिका थिए, तिनीहरू साहित्यको आवरणमा सामाजिक न्यायका पक्षमा पञ्चायत विरोधी सामग्री पस्किन्थे। प्रगतिशील साहित्यमार्फत प्रजातन्त्रका पक्षमा आवाज मुखरित गर्न त्यस्ता नियमित प्रकाशन वा म्यागेजिनको योगदान छ।

सञ्चार, साहित्य र संस्कृतिको अन्योन्याश्रित सम्बन्ध छ। साहित्य र संस्कृति राजनीतिक प्रणालीसँग पनि जोडिएका हुन्छन्। अभिव्यक्तिको संस्कृति, बन्देजको संस्कृति, लोकतन्त्रको संस्कृति, गणतन्त्रको संस्कृतिलगायत यावत संस्कृति हुन्छन्। साहित्य सँगसँगै संस्कृतिलाई अगाडि बढाएर प्राचीको प्रकाशन भएको पाइन्छ।

सुशील प्याकुरेल र प्रकाश काफ्लेले पक्कै पनि सामाजिक न्याय, न्यायपूर्ण संस्कृति, न्याय र समानताको संस्कृतिलाई प्रवर्धन गर्ने ध्येयका साथ प्रगतिशील साहित्यमार्फत उद्धेश्यमूलक ढङ्गले प्राचीको सुरूवात गर्नु भएको थियो भन्न सकिन्छ। पञ्चायतको दबदबा भएको बेलामा पत्रिका दर्ता गर्न कठिन थियो। तर, आवधिक र उद्धेश्यमूलक पत्रिका सामयिक सङ्कलनका रुपमा प्रकाशन गर्ने प्रचलन भएकाले प्राची जस्ता पत्रिका निस्किएका थिए। त्यस्ता पत्रिकाले साहित्य-संस्कृतिको आडमा राजनीतिक रूपान्तरणका विषय उजागर गर्थे। बहुलवादी संस्कृतिको प्रवर्धनका लागि यस्ता पत्रिका प्रकाशन गरिन्थे। बोल्न लेख्न पाउने, मानव अधिकार, सामाजिक न्यायका विषयलाई साहित्यको मार्फतबाट समाजवादी सोचहरू उजागर गरिन्थ्यो। गरिबका दुःख, भरियाका कथा, अभावका विषय, शोषण र दमनका कुरा त्यतिबेलाका साहित्यमा प्रशस्तै आएका छन्। त्यस्ता थुप्रै पत्रिकाका बिचमा प्राची पनि एउटा थियो।

२०४९ साउन १६ गते थाई एयरवेज दुर्घटनाका कारण प्रकाश काफ्लेको निधन भयो। श्रीलंका जानुभन्दा अगाडि उहाँले मसँग संस्थाको मुखपत्र प्रकाशनमा संलग्न हुनु पर्छ भन्नु भएको थियो। इन्सेक एउटा जिम्मेवार संस्था बनिसकेको छ, जनतामाझ स्थापित यस्तो संस्थाको आवाज बाहिर ल्याउन बुलेटिन निकाल्नु पर्छ भन्ने उहाँ र सुशीलदाजुलाई लागको थियो। उहाँहरूको कुरा सुनेपछि मैले 'हुन्छ' भनेको थिएँ। प्रकाशनको ढाँचाका सम्बन्धमा सामान्य सोच पनि बनाइएको थियो।

उहाँको दुर्घटनापछिका १५-२० दिनमा नै यस विषयमा सुशील दाजूसँग कुराकानी भयो। त्यतिबेला मैले बुलेटिन निकाल्नुभन्दा पनि तपाइँहरूले सुरू गर्नुभएको प्राचीलाई इन्सेकले प्रकाशन गर्ने नेपालका सम्पूर्ण मानवअधिकार समूदायको साझा पत्रिकाका रुपमा पुनर्जीवन प्रदान गरौं भन्ने प्रस्ताव राखेँ। त्यसबेला मेरो दृष्टिकोण थियो, यसलाई संस्थाको गतिविधि समेट्ने 'हाउस जर्नल' होइन, मानवअधिकारका सैद्धान्तिक अवधारणा र समसामयिक प्रवृत्तिलाई केलाउने, विश्लेषण गर्ने एउटा यस्तो वैचारिक पत्रिका बनाऊ जसको हरेक अंक मानवअधिकारमा चासो राख्ने वा मानवअधिकारको वकालत गर्ने हरेक व्यक्तिका लागि सन्दर्भ सामग्री बन्न सकोस्।

संस्थाका गतिविधि, पदाधिकारीको विदेश भ्रमण, नयाँ कार्यक्रम, उपलब्धि,

---

** २०४९ सालमा प्राची दर्ता गर्दाका बखत सम्पादक रहनुभएका इन्सेकका पूर्व महासचिव डा. अर्यालले पत्रकारितामा विद्यावारिधि हासिल गर्नुभएको छ। उहाँ त्रिभूवन विश्वविद्यालयको केन्द्रीय पत्रकारिता तथा आमसञ्चार विभागसँग आवद्ध हुनु हुन्छ। यो सामग्री उहाँसँग गरिएको कुराकानीमा आधारित छ।*

कार्यक्रमका प्रतिवेदन सरोकारवालाहरूसँगको अन्तरक्रियालगायतका विषयवस्तु समेटेर प्रकाशन गरिनेलाई हाउस जर्नल भनिन्छ। हाउस जर्नल घरभित्रका विषयलाई प्रकाशन गरेर घरभित्रै वितरण गरिन्छ वा बाहिरका पाठकलाई पनि हाम्रो संस्थाको गतिविधि बारे थाहा पाऊ भनेर दिइन्छ। समयक्रममा इन्सेकले पनि हाउस जर्नलका रूपमा इन्सेक अभियान प्रकाशनको थालनी गऱ्यो। तर प्राचीलाई भने मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा विशिष्ट पत्रिकाका रूपमा विकास गरौँ भनेर २०४९ सालबाट पुनः प्राचीको यात्रा अगाडि बढाइएको हो। कुनैपनि समाज जति बढी सुशिक्षित र विकसित हुन्छ, पत्रकारितामा त्यति नै बढी परिमाणमा विशिष्ट पत्रिकाहरू देखिन थाल्छन्। ०४६ सालपछि नेपालमा पनि सामाजिक परिवर्तनसँगै चेतनास्तरमा आएको परिवर्तनले विशिष्ट पत्रिकाहरूको माग बढ्न थालेको पाइन्छ। प्रजातन्त्रको पुनःस्थापना पछि यस्ता पत्रिकाहरू निकै प्रकाशन भएको पाइन्छ।

हुन त २०४१ सालतिर नै मलगायत केही साथी मिलेर युवा सहचर हातेमालो भन्ने नाम जुराएर युवा केन्द्रीत विशिष्ट पत्रिका सुरू गरेका थियौँ। यो मेरो एसएलसी लगत्तै क्याम्पस पढ्न थाल्दाको अभ्यास थियो। युवाहरूका लागि केन्द्रित यो पत्रिका २५ अङ्क प्रकाशन गरेपछि हामीले बन्द गऱ्यौँ, त्यतिबेला सम्म देशमा वहुदलीय लोकतन्त्र पनि आयो। म सोखिन पत्रकारबाट पूरै व्यावसायिक पत्रकार बन्न साप्ताहिकसँग जोडिएँ। मेरो यो पृष्ठभूमिले पनि केही बल पुऱ्यायो र मैले उत्साहका साथ भन्न सकें, इन्सेकले मानव अधिकार पत्रिका निकाल्नु पर्छ। यसलाई इन्सेकको मुखपत्र भन्दा पनि छुट्टै दर्ता गरौँ भनेर काठमाण्डौ जिल्ला कार्यालयमा दर्ता गरियो। इन्सेक यसको प्रकाशक संस्था हो। हामीले प्रकाशनको चाँजोपाँजो इन्सेकले मिलाउने तर मानव अधिकार पत्रिकाका रूपमा प्राचीलाई विकास गर्ने भन्ने निश्कर्ष निकाल्यौँ। मानव अधिकारका कुरा गर्न हामीले मानवतावादी अवधारणालाई पनि सँगै ल्यायौँ। महाकवि लक्ष्मीप्रसाद देवकोटाका साहित्यमा रहेका मानवतावादी सोच, भूपि शेरचनका कवितामा रहेका नागरिक सशक्तताको चेतना जस्ता साहित्यिक खुराक पनि यसका कतिपय अंकमा समेटिएका छन। देश विदेशका वरिष्ठ मानवअधिकारकर्मीका लेख र अन्तरर्वाता यसमा आएका छन।

शार्दुल भट्टराई, राजव, नारायण ढकाल, स्वर्गीय अग्नीशिखालगायतको हाम्रो जमातले विषयवस्तुलाई सरल र पठनीय भाषामा प्रस्तुत गर्दथ्यो। मानव अधिकारका विषयमा सैद्धान्तिक चर्चा पनि गर्ने, सरलीकृत गर्दै साहित्यको माध्यमबाट लोकप्रिय पाठ्य सामग्री बनाउने भन्नेमा हाम्रो चिन्तन केन्द्रित रहन्थ्यो। हाम्रो गज्जबको संयोजन भनेको लोकप्रिय ढाँचामा गम्भीर विषयवस्तुलाई उठाउने थियो। माओवादी द्वन्द्व हुनुपूर्व हामीले गरेको स्थलगत रिपोर्टिङले मुलुक हिंसात्मक द्वन्द्वतिर जान सक्छ भनेर सचेत गराएको थियो। पुराना अङ्कहरूमा स्थलगत रिपोर्टिङ गरेका थुप्रै उदाहरण छन्। स्थलगत रिपोर्टिङ र भावना जागृत गराउने तथा महसुस गराउने गरी लेखिएका विषयवस्तुले पढुँपढुँ लाग्ने बनाउन सकिन्छ। हामीले यस्तो लेखनको भरपुर अभ्यास गरेका थियौँ।

अहिले आफलाई मानव अधिकार कार्यकर्ता, मानव अधिकारकर्मीका रूपमा परिचय गराउन चाहने मानिसको सङ्ख्या कम भए जस्तो लाग्छ। तर मानव अधिकार र सामाजिक न्यायको विषय सबै पेशा, समुदाय र वर्गका मानिसले सरोकार राख्नु पर्ने लोकतान्त्रिक संस्कृतिलाई मजबूत बनाउने चेतनाको विषय हो। उन्नत, लोकतान्त्रिक र मानव अधिकारको सम्मान गर्ने राजनीतिक प्रणाली भएको समाजमा पनि मानव अधिकार अवधारणालाई जीवित राख्नु पर्दछ, मानव अधिकारका विषयमा सामाजिक जागरण र संचेतना कायम रहनु पर्दछ। मानव अधिकारका विविध आयाममा आमनागरिकको चनाखोपना रही रहनु पर्दछ। अहिलेको सन्दर्भमा मानव अधिकारलाई व्याख्या विश्लेषण गर्नेलगायतका नवीन आयामहरूमाथिका विमर्शलाई निरन्तरता दिँदै प्राचीलाई थप स्तरीय र लोकप्रिय बनाउन सकिन्छ, बनाउनु पर्छ। समाजमा उठेका विषयवस्तुको तत्काल सम्बोधनका लागि पनि मानव अधिकारको वैचारिक अभियान अघि बढाउने यस्तो पत्रिकाहरूको खाँचो रहिरहन्छ।

अहिले अनलाइनको जमाना आयो। प्राचीका हरेक अङ्क अनलाइनमा उपलब्ध हुनुपर्छ। अहिलेको जमानामा डिजिटल उपस्थिति अनिवार्य छ। समय अनुसार विज्ञान र प्रविधिले विभिन्न माध्यमहरू उपलब्ध गराएको छ। तर विज्ञान प्रविधिले सुविधा उपलब्ध गराउनु, मानव जातिको क्षमतामा विस्तार गर्नु र त्यस्तो सुविधा बहुसङ्ख्यक मानिसका लागि उपलब्ध हुनु फरक कुरा हो। नेपाली परिवेशमा अझै पनि छापा संस्करणलाई कायम राख्दै प्रकाशित सामग्रीलाई इन्टरनेटमार्फत डिजिटल फरम्याटमा पनि सकेसम्म प्रसार गर्नु पर्दछ। परिष्कार र परिमार्जन त गतिशीलताको परिचायक हो, तर प्राचीको मूल प्रवृत्ति र प्रकृतिलाई चाहिँ जोगाउनु पर्छ। यो वैचारिक र विश्लेषणात्मक पत्रिका हो, त्यसैले हरेक क्षण भन्ने अर्थमा अनलाइनमा जाने होइन कि प्रकाशित अङ्क अनलाइन माध्यमबाट पनि पढ्न सक्ने बनाउनु पर्छ। विचारमूलक मानवअधिकार पत्रिका भएकाले प्राचीले सतहभित्रका विषयवस्तुलाई खोतलेर उठाउनु पर्छ। मेरा विचारमा कतिपय विषयमा विमर्श चलाउने हिसाबले सम्पादकीय मतभन्दा पृथक विचारलाई पनि स्थान दिए हुन्छ। बरु त्यस्तो अवस्थामा सम्पादकीय नोटमा यहाँ उठाइएका सबै विषयमा इन्सेक सहमत हुनुपर्ने कुनै जरूरत छैन भन्ने अस्वीकरण वा 'डिस्क्लेमर' राखेर भएपनि यसलाई मानवअधिकारको गहन वैचारिक छलफल गर्ने सार्वजनिक वृत्तका रूपमा अघि बढाउन सकिन्छ। अनलाइन वा छापा त माध्यम हुन, यो प्राथमिक विषय होइन। विषयवस्तु प्राथमिक कुरा हो, अनि विषयवस्तुको वितरण पनि उत्तिक्कै महत्वपूर्ण पक्ष हो। हाम्रा लक्षित पाठक को हुन् ? निर्धारण गरेर सोही अनुसारका विषयवस्तु प्राचीले समेट्नु पर्छ। मानव अधिकारका विषयमा चासो राख्ने, पैरवी गर्ने अथवा स्कुल कलेजका विद्यार्थी, जसको जागरुकताले लोकतन्त्रलाई अग्रगमनतर्फ लैजान्छ, ती सबैका लागि वैचारिक खुराक यसले प्रदान गर्न सक्नु पर्दछ।

'मानवका लागि मानव अधिकार, मानव अधिकारका लागि मानव अधिकार संस्कृति' हाम्रो मुल ध्येय हो। मानव अधिकारका विषयमा ओजपूर्ण, खोजमुलक र गहिराइमा पुगेर लेखिएका तर्कपूर्ण र विश्लेषणात्मक सामग्री प्राचीका प्राथमिकतामा पर्नुपर्छ। यसको विशिष्ट पहिचान भनेको मानव अधिकार र सामाजिक न्याय नै हो। यो पहिचानलाई उच्च बनाउन आवश्यक सामग्रीलाई एकत्रित गरी परिष्कार र परिमार्जनसहित प्रकाशन गर्नुपर्छ। मानव अधिकार र सामाजिक न्यायका विषयमा अनुसन्धान गर्नु पर्ने, उठाउनु पर्ने विषय आज पनि धेरै छन्। लेख्ने तौरतरिका फरक हुन सक्छन्। साहित्यिक अभिव्यक्तिदेखि स्थलगत रिर्पोटिङ, गहन अनुसन्धान वा सर्सर्ति अवलोकन सामग्री तयार गर्ने प्रकृया विभिन्न प्रकारका हुन सक्छन्। कसैको अन्तर्वार्ता छापेर त कसैको विचारोत्तेजक धारणालाई ठाउँ दिएर पनि प्राचीलाई अझ पठनीय मात्र होइन संग्रहणीय बनाउन सकिन्छ। त्यस्ता सबै सामग्रीको मुल चासो भने मानवअधिकार र सामाजिक न्याय हुनै पर्दछ, जो प्राचीको विशिष्ट पहिचान हो।

जातीय विभेद : कानुनी प्रबन्ध र अभ्यासका अन्तरविरोध

रुद्रबहादुर चर्मकार[१]

विषय प्रवेश

नेपाल एक बहुजातीय बहुभाषिक देश हो। कुल जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४[२] रहेको यस देशको जनसङ्ख्या बृद्धिदर १.३५ प्रतिशत छ[३]। यस देशमा १ सय २३ मातृभाषी सहित १ सय २६ जातजाति बसोवास गर्दछन्[४]। नेपालमा दश धर्मावलम्बी पाइन्छन्[५] र साक्षरता दर ६५.९ प्रतिशत छ। लिङ्गका आधारमा ७५.१ प्रतिशत पुरुष र ५७.४ प्रतिशत महिला साक्षरता देखिन्छ[६]। जातीय र भाषिक हिसाबले पनि नेपाल एक विविधतायुक्त सहिष्णुता भएको देश हो। नेपालमा भाषिक, जातीय, धार्मिक वा सांस्कृतिक सवालमा कहिल्यै औपचारिक रूपमा साम्प्रदायिक द्वन्द्व भएको देखिन्न। ऐतिहासिक रूपमा सामाजिक सद्भाव र एकता कायम रहेको नै देखिन्छ। तथापी हाम्रो देशमा लामो समयदेखि लैङ्गिक, जातीय र क्षेत्रीयताका आधारमा असमानता र विभेदले रहेको विभिन्न सर्वेक्षण र प्रतिवेदनहरूले देखाएका छन्।

विगतका कानुनहरूले लैङ्गिक र जातीय असमानता तथा विभेदलाई राज्यद्वारा नै संरक्षण गरेको भए पनि २००७ सालको प्रजातान्त्रिक आन्दोलन पश्चात् निर्माण भएका कानुन विशेषत: मुलुकी ऐन, २०२० ले सार्वजनिक स्थलमा गरिने जातीय भेदभाव र छुवाछुतलाई निषेध[७] गरेको देखिन्छ। यसै ऐन अनुसार देश र समाजमा विद्यमान विभेद र असमानताको समुल अन्त्यको उद्देश्य अनुरुप नागरिक अधिकार ऐन २०१२ मा केही नेपाल कानुन (संशोधन र पुन:व्यवस्थापन) ऐन, २०२० मार्फत ऐनमा कानुनको दृष्टिमा समानता हुने[८] र धर्म, जात, जाति वा लिङ्गको आधारमा भेदभाव नगर्ने[९] व्यवस्था गरिएको थियो। तथापि नेपालका दलित र पिछडिएका समुदायहरूमाथि गरिने असमान र विभेदका व्यवहारमा कुनै कमी आएको देखिँदैन। २०४६ सालको प्रजातन्त्र पुन:स्थापनापछि जारी गरिएको नेपाल अधिराज्यको संविधान, २०४७ मा समानताको हकले कानुनका नजरमा सबै नागरिक समान रहने र कानुनका नजरमा कसैलाई भेदभाव नगरिने[१०] व्यवस्था गरिएको थियो। यस संविधानअन्तर्गत सबै कानुनहरू संशोधन गरी दलित समुदायमाथि जातकै आधारमा गरिने विविध आयामका विभेदहरूको समुल अन्त्य गरिएको भनिएको थियो।

दश वर्षे सशस्त्र द्वन्द्व र १९ दिने जनआन्दोलन पश्चात् निर्माण गरिएको नेपालको अन्तरिम संविधान २०६३ ले त झन् दलित तथा पिछडिएको समुदायका पक्षमा क्रान्तिकारी व्यवस्था गरेको थियो। जनआन्दोलन पश्चात्को पुन:स्थापित व्यवस्थापिका संसदको बैठकले २०६३ साल जेठ २१ गते नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरी दलित समुदायका लागि सम्मानजनक र मर्यादित जीवन यापन गर्ने आधार तयार गरेको मानिएको थियो। अन्तरिम संविधानको व्यवस्था अनुसार तत्कालिन मौजुदा कानुनहरू संशोधन गरी दलितविरुद्ध हुने असमान र विभेद हटाउनुका साथै दलित समुदायलाई राज्यका संयन्त्रहरूमा मुलप्रवाहीकरण गर्न समावेशीकरणको व्यवस्था गरेको थियो। यसका साथै दलित समुदायको उत्थानका लागि ल्याइएका विभिन्न नीति, कार्यक्रम र योजनाहरूले दलितको सशक्तिकरणमा योगदान दिँदै आएको देखिन्छ। तथापि दलित समुदायमाथिको असमानता, विभेद र छुवाछुत जस्तो अमानवीय व्यवहारमा भने परिकल्पना गरे जस्तो कमी नआएको सर्वेक्षण प्रतिवेदनहरूले देखाउँछन्[११]।

दलित समुदायबारे संक्षिप्त जानकारी

हिन्दु वर्णाश्रम व्यवस्थाअन्तर्गत चार तहको व्यवस्थामा सबैभन्दा पिँधमा राखिएको वर्ण शुद्र हो। यस व्यवस्थाले गरेको विभाजनले शुद्र वर्ण सामाजिक र सांस्कृतिक रूपमा मुलप्रवाहबाट विस्थापित हुँदै कालान्तरमा राज्य र समाजका हरेक क्षेत्रहरू-सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक क्षेत्रहरूमा निरन्तर रूपमा विभेदमा पर्दै आए। जयस्थिति मल्लको जात व्यवस्थासम्बन्धी कानुन र जङ्गबहादुर राणाको मुलुकी ऐन, १९१० ले शुद्रहरूलाई झन् विभेद र विस्थापित गऱ्यो। यस ऐनले गरेको "दण्ड कैद गर्नाको"[१२] व्यवस्था मात्र

---

१. रुद्रबहादुर चर्मकार, इन्सेक महासचिव तथा उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर।
२. राष्ट्रिय जनगणना प्रतिवेदन २०६८, पृष्ठ १
३. राष्ट्रिय जनगणना प्रतिवेदन २०६८, पृष्ठ १
४. राष्ट्रिय जनगणना प्रतिवेदन २०६८, पृष्ठ ४
५. राष्ट्रिय जनगणना प्रतिवेदन २०६८, पृष्ठ ४
६. राष्ट्रिय जनगणना प्रतिवेदन २०६८, पृष्ठ ४
७. मुलुकी ऐन, २०२०, अदलको १० नं.
८. नागरिक अधिकार ऐन, २०१२ को दफा ३
९. नागरिक अधिकार ऐन, २०१२ को दफा ४
१०. नेपाल अधिराज्यको संविधान, २०४७, धारा ११
११. मानव अधिकार वर्ष पुस्तक, २०२१, पृष्ठ १४
१२. मुलुकी ऐन, १९१०, दफा ५०, दण्ड कैद गर्नाको

हेरे पनि विभेद र असमानतको पराकाष्ठा बुझ्न सकिन्छ। भारतीय उपमहाद्विपका शुद्रहरू १९ औँ शताब्दीमा जातीय अस्तित्व र मानवताका लागि गरेको आन्दोलनबाट शुद्र वर्णलाई दलित समुदायका रूपमा नामाकरण गरियो। राज्यको तहबाट धेरैपछिसम्म दलित शब्द नै स्वीकार नगरिएको भारतीय दलित इतिहासमा देखिन्छ। राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन अनुसार भारतीय दलित नेता डा. भीमराव अम्बेडकरको नेतृत्वको दलितविरुद्धको मुक्ति आन्दोलनको दबाबपश्चात् ब्रिटिश इन्डिया गभर्मेन्टद्वारा दलित समुदायका मागहरू सम्बोधन गर्न सन् १९२७ मा गठित सिमोन आयोगले शुद्र र पिछडिएका समुदायका लागि पहिलो पटक दलित शब्द प्रयोग गरेको थियो[१]। त्योभन्दा अघि दलित तथा पिछडिएका समुदायलाई हरिजन भनिन्थ्यो भने भारतीय संविधानमा अझै पनि सूचीकृत जातजाति/समुदाय (सुड्युल कास्ट) उल्लेख गरिएको छ। नेपालका सन्दर्भमा भने दलित शब्दको प्रयोगमा भारतीय दलित आन्दोलनसँगको नेपालका दलित नेतृत्वको सम्बन्ध, समन्वय, सहकार्य र प्रभाव नै हो। २०४६ सालको प्रजातान्त्रिक आन्दोलनअघि नेपालमा औपचारिक र कानुनी रूपमा दलित शब्द प्रयोग गर्ने अनुमति थिएन। तथापी दलित समुदायको सङ्गठित नेतृत्वले "राष्ट्रिय दलित जनविकास परिषद् भन्ने सङ्गठन" २०२० सालतिर नै स्थापना भएको पाइन्छ[१४]। २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् "दलित" शब्द प्रयोग गरी दर्जनौँ पार्टी भातृ सङ्गठन र सयौँ गैरसरकारी संस्थाहरू स्थापना भई दलित मुक्ति आन्दोलनमा विभिन्न प्रक्रिया र कार्यशैलीमार्फत क्रियाशील रहेका छन्।

नेपालको जनगणना २०६८ अनुसार दलित समुदायको जनसङ्ख्या १३.८ प्रतिशत[१५] रहेको उल्लेख छ। तथापी यहाँका गैरसरकारी संस्थाहरूद्वारा गरिएको सर्वेक्षणले दलित समुदायको जनसङ्ख्या २० प्रतिशतभन्दा माथि रहेको दावी गर्दछन्। सदियौँ वर्षदेखि सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक र शैक्षिक क्षेत्रहरूमा राज्यद्वारा विभेदमा पारिएका दलित समुदायहरू अहिले संवैधानिक र कानुनी रूपमा समान भएता पनि व्यवहारिक रूपमा मानवीय, सम्मानजनक र मर्यादित जीवन जीउन सङ्घर्षरत छन्। समाजका हरेक क्षेत्रमा असमान व्यवहार र विभेदको शिकार भएको महसुस गर्दै मर्यादित जीवनका लागि विभिन्न तबरबाट आन्दोलनरत रहेका देखिन्छन्। मौजुदा संविधान र कानुनले दलितविरुद्ध हुने सबै किसिमका विभेदहरूलाई निषेध र दण्डनीय बनाएता पनि विभेदमा तात्विक फरक र भिन्नता दलित समुदायले महसुस नगरेको सर्वेक्षणहरूले देखाएको छ।

दलित विरुद्ध हुने गरेका विभेदका आयामहरू

राष्ट्रसङ्घको प्रतिवेदनलाई उद्घृत गर्दै भोला पासवानले "जहाँ पाइला-पाइलामा जातीय विभेद छ"[१६] शीर्षकमा नयाँपत्रिका दैनिकमा प्रकाशन गरेको फिचर समाचारमा उल्लेख गरेअनुसार अहिले पनि दलितलाई ७४ प्रतिशत गैरदलितले घर र भान्सामा प्रवेश गर्न दिँदैनन्। ५२ प्रतिशत गैरदलितले सार्वजनिक धारा कुवा वा पानीका स्रोतहरू प्रयोग गर्न दिँदैनन्। ५० प्रतिशत गैरदलितले मन्दिर प्रवेशमा अवरोध गर्दछन्। ४१ प्रतिशत दलितले छोएको वा उत्पादित दुध विक्री गर्न समस्या भोगेका छन्। ६७ प्रतिशत गैरदलितले दलित र गैरदलितबिच विवाह वा अन्तरजातीय विवाहलाई अस्वीकार गर्दछन् भने समुदायमा समस्या सिर्जना नहोस् भनी ७० प्रतिशत दलितले विभेदविरुद्ध उजुरी नै दिँदैनन्। कर्णाली र सुदुरपश्चिम प्रदेशका १६ जिल्लामा गरिएको सर्वेक्षण अनुसार ९७ प्रतिशत दलितले आफू जातीय विभेदबाट पीडित भएको बताउँछन्। त्यस्तै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशन गरेको प्रतिवेदनमा जातीय विभेदका घटनाबाट ४८ जना पीडित भएको[१७] उल्लेख छ। दलित समुदायले अन्तरजातीय विवाह गरेबापत मारिने, विस्थापित गरिने, विभिन्न आरोप (अपहरण, बलत्कार, चोरी, डकैती आदि) लगाइने गरेका घटनाहरू देखिन्छन्।

दलित समुदायको असमानता र विभेदलाई राज्यले नै स्वीकार गरी राज्यका सबै संयन्त्रहरूमा दलितहरूको पहुँच बढाउनका लागि संवैधानिक व्यवस्था अनुसार विद्यमान ऐन, कानुन र नियमावलीमा नै व्यवस्था गरी समावेशीकरणको सिद्धान्तलाई अङ्गीकार गर्दै दलित समुदायलाई राज्यको मूलधारमा समाहित गर्ने प्रयास एक दशकदेखि केही प्रतिशत दलितहरूको राज्यसंयन्त्रमा समावेशीकरण भएको देखिएता पनि जातीय विभेद, छुवाछुत र सामाजिक जीवनमा गरिने असमान व्यवहारमा खासै ठूलो परिवर्तन आउन सकेको देखिँदैन। समावेशीकरण र जातीय भेदभाव तथा छुवाछुत दुई फरक पाटाहरू रहेछन्। दलितलाई आरक्षणद्वारा मूलप्रवाहीकरण गर्ने प्रयासका बारेमा गैरदलितहरूबाट ठूलो असन्तुष्टि प्रकट गरी दलितहरूलाई थप मानसिक र मनोवैज्ञानिक असर पुऱ्याउने गरेको समाचारहरू दैनिक रूपमा आइरहेका देखिन्छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार १३.८ प्रतिशत जनसङ्ख्या रहेको दलित समुदायलाई राज्यका सबै क्षेत्र र संयन्त्रहरूमा समावेश गर्ने उद्देश्य अनुसार निजामती ऐन र अन्य ऐनहरू संशोधन गरी आरक्षणको व्यवस्था गरिएको छ। सकारात्मक विभेद स्वरूप निजामती सेवा र अन्य सेवामा सेवाप्रवेश परीक्षामा सम्पुर्ण कोटालाई १ सय प्रतिशत मानी १ सयको ५५ प्रतिशत खुल्ला राखी बाँकी आरक्षित ४५ प्रतिशतलाई १ सय मानी त्यसको नौ प्रतिशत[१८] वा समग्रतामा १ सयमा करिब चार प्रतिशत दलित आरक्षणको व्यवस्था गरिएको छ। प्रकाश धौलाकोटीले लोकसेवा आयोगको प्रतिवेदनलाई उद्घृत गर्दै नयाँ पत्रिका दैनिकमा प्रकाशित "आरक्षणमाथि आक्रोश अति, तर दलितलाई अवसर नगन्य: दलितलाई भन्दा गैरदलितलाई धेरै

१३. Pokharel, Imesh, and Usha Kharel, eds. (2004). *Integration of Dalits Rights Promotion Programme*. Lalitpur: NHRC

१४. पद्मलाल विश्वकर्मा र अन्य (सं), (२०६३)। नेपाली दलित आन्दोलनको इतिहास, जनउत्थापन प्रतिष्ठान, काठमाडौं।

१५. राष्ट्रिय जनगणना प्रतिवेदन २०६८

१६. नयाँपत्रिका दैनिक, २०७८ साल असार १६ गतेमा प्रकाशित समाचार

१७. नेपाल मानव अधिकार वर्ष पुस्तक, २०२१, पृष्ठ ५

१८. निजामती सेवा ऐन, २०४९, दफा ७, उपदफा ७

आरक्षण"[१९] शीर्षकमा लेखेको फिचर समाचार अनुसार निजामती सेवामा अहिलेसम्म २.२२ प्रतिशत मात्र दलित सहभागिता रहेको उल्लेख छ। त्यसैगरी प्रहरी सेवामा ९.४५ प्रतिशत, सैनिक सेवामा ८.१४ प्रतिशत र न्यायाधीशमा १.०९ प्रतिशत रहेको उल्लेख छ। राजनीतिक क्षेत्रमा पनि दलित विभेदका कारण पीडित हुँदै आएका छन्। सरकारमा दलितको उपस्थिति निराशाजनक छ। वर्तमान सङ्घीय सरकारमा दलितको उपस्थिति शुन्य रहेको छ। यसरी हेर्दा दलितका सामाजिक सांस्कृतिक जीवनमा मात्र नभई राजनीतिक, पेसासागत, शैक्षिक र राज्यसंयन्त्रका अन्य क्षेत्रहरूमा समेत असमानता र विभेदमा परेको देखिन्छ।

दलित समुदाय दैनिक जीवनमा जातीय भेदभाव र छुवाछुतजन्य व्यवहारबाट उत्तिकै प्रताडित छन्। देशकै राजधानी र सहरी क्षेत्रहरूमा समेत दलित भएकै कारण डेरा नपाउने अवस्था छ भने ग्रामीण र दूरदराजमा दलितहरूले जातकै कारण भोग्नु परेका विभेद र छुवाछुतको अवस्था झन कति भयावह होला भन्ने सहजै अनुमान गर्न सकिन्छ। यही असार १, २०७८ मा काठमाडौँमा दलित समुदायकी पत्रकार रूपा सुनारलाई प्रधान थरकी घरबेटीले जातकै कारण डेरा भाडामा दिन अस्वीकार गरेको समाचारहरू धेरैजसो राष्ट्रिय दैनिकले प्राथमिकताका साथ प्रकाशित गरे। यस्ता किसिमका मानसिक र मनोवैज्ञानिक भेदभावले दलितले आफूलाई मर्यादित मानवभन्दा पनि अमानव नै हो कि भन्ने सोच्न बाध्य बनाउँछ। भेदभावका विरुद्धमा प्रहरी प्रशासन र सम्बन्धित निकायमा न्यायका लागि ढोका ढक्ढक्याउँदा प्रहरी उजुरी लिन अस्वीकार गर्दछ। उजुरीउपर कमजोर अनुसन्धान गर्दछ। सरकारी वकिलले अदालतमा पेश गर्न प्रमाण पुगेन भनेर तामेलीमा राख्दछ। अदालतमा दर्ता भइहाले पनि प्रमाणको अभाव र साक्षी नहुँदा अदालतद्वारा आरोपितहरूले सफाइ पाउने वा सामान्य जरिबानामा रिहाइ हुने घटनाहरू प्रशस्त देखिन्छन्। कान्तिपुर दैनिकको "के यो देश दलितको पनि हैन र ?"[२०] शीर्षकमा प्रकाशित सम्पादकीयमा लेखिएको छ- "अलिअघि काठमाडौँकी एउटी घरबेटीले एक युवतीलाई दलित भएकै कारण कोठा भाडामा दिन इन्कार गर्छिन्। ती युवती यो अन्याय सहन्नन्। तिनको उजुरी र आम दबाबपछि घरबेटी महिला गिरफ्तार हुन्छिन्, अनि तीन दिन हिरासत बसेर छुट्छिन्।[२१] जातीय विभेदको यो व्यवहार यसै पनि अमानवीय, गैरकानुनी र पीडादायी छँदैथियो, यसैलाई मलजल पुग्ने गरी सरकारका बहालवाला एक मन्त्री ती घरबेटीलाई लिन प्रहरी बृत्त मात्र पर्‍दैनन्, तिनलाई आफ्नै गाडीमा राखेर घरसम्म पुऱ्याइदिन्छन्"। विभेद घटनाका आरोपित मात्र हैन, सरकार र राज्यसंयन्त्रकै व्यक्तिहरू यसरी जातीय भेदभाव र छुवाछुतलाई प्रोत्साहन गरी पीडितलाई थप पीडा दिन्छन् भन्ने यो एक सामान्य उदाहरण हो। राज्यको संविधान, ऐन, कानुन र नीति नियमहरूले जातीय भेदभाव र छुवाछुतलाई फौजदारी अपराधको रूपमा मानेको छ र कुनै पनि किसिमका विभेदलाई अस्वीकार र निषेध गरी विभेदजन्य अपराधमा संलग्नहरूलाई सजायको व्यवस्था गरेको छ। रूपा सुनारले तत्कालीन मन्त्रीलाई जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसुरमा कारबाहीको माग गर्दै असार २० गते सर्वोच्च अदालतमा रिट दायर गरेकी छन्।[२२]

जातीय भेदभाव र छुवाछुत निषेध गर्न भएका मौजुदा कानुनी प्रबन्धहरू

नेपालको विभिन्न राजनीतिक परिवर्तनमा दलित समुदायको उत्तिकै महत्वपूर्ण भूमिका रहँदै आएको कुरा सर्वविदितै छ। जनआन्दोलन २०६२/०६३ पश्चात् पुनःस्थापित व्यवस्थापिका संसदले नेपालका छुवाछुतमुक्त राष्ट्र घोषणामात्र गरेन, अन्तरिम संविधान २०६३ ले जातीय भेदभाव र छुवाछुतलाई फौजदारी अपराधको स्वरूपमा व्यवस्था गरी सबै प्रकारका जातीय विभेद र छुवाछुत विरुद्धका मुद्दाहरू सरकारवादी मुद्दा हुने व्यवस्था गऱ्यो। उक्त संवैधानिक व्यवस्था अनुसार नै जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ जारी गरी तत्काल लागु गऱ्यो भने नेपालको संविधान २०७२ र मुलुकी अपराध संहिता २०७४ मा समेत जातीय भेदभाव र छुवाछुत जन्य कसुरलाई फौजदारी अपराधको रूपमा व्यवस्था गरेको छ। "सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६", "आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६", "नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६" र "ऐच्छिक प्रलेख, १९६६"[२३] आदि महासन्धि र सम्झौतासमेतको पक्षराष्ट्र भएको हुनाले पनि नेपालले सोअनुसार संवैधानिक र कानुन व्यवस्था गर्नु बाध्यकारी अवस्थामा थियो। त्यसैले उक्त प्रतिबद्धताहरू पूरा गर्दै नेपालले संविधान, ऐन र अन्य कानुनहरूमार्फत सबै किसिमका विभेदहरूको समूल अन्त्य, उन्मुलन र नियन्त्रण गर्ने व्यवस्था गरेको छ। यस लेखमा नेपालले जातीय भेदभाव तथा छुवाछुतलाई निषेध गर्न लिएका संवैधानिक र कानुनी प्रबन्ध र प्रावधानहरूबारे चर्चा गरिन्छ।

१. नेपालको संविधान (२०७२)

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै "वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक, विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि, र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प गर्दै" उल्लेख छ। त्यसै गरी मौलिक हकअन्तर्गत निम्न व्यवस्था रहेका छन्:

(क) सम्मानपुर्वक बाँच्न पाउने हक (१): प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ[२४]।

१९. नयाँ पत्रिका दैनिक, २०७८ असार १४ गते
२०. कान्तिपुर राष्ट्रिय दैनिक, २०७८ साल असार १३ गते
२१. https://bit.ly/3BQVxqw
२२. https://bit.ly/3ic8Ium
२३. मानव अधिकार: ठूला नौ महासन्धि, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमाडौं, २०६९
२४. नेपालको संविधान, २०७२, धारा १६, उपधारा १

(ख) समानताको हक (१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन[२५]।

(ग) छुवाछुत तथा भेदभाव विरुद्धको हक

(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन।[२६]

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन।[२७]

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन।[२८]

(४) जातीय छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन।[२९]

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।[३०]

(घ) दलितको हक:

(१) राज्यका सबै प्रकारका निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ।[३१]

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ।[३२]

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ।[३३]

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ।[३४]

(५) राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ।[३५]

(६) राज्यले आवाजविहीन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्नेछ।[३६]

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ।[३७]

(ङ) सामाजिक न्यायको हक (१) सामाजिक रूपमा पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी...समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ।[३८]

२. मुलुकी अपराध संहिता, २०७४

(१) **परिच्छेद-१०: भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसुर**

(क) भेदभावपूर्ण व्यवहार गर्न नहुने (दफा १६०)

(१) कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानुन बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले

२५. नेपालको संविधान, २०७२, धारा १८, उपधारा १
२६. नेपालको संविधान, २०७२, धारा २४, उपधारा १
२७. नेपालको संविधान, २०७२, धारा २४, उपधारा २
२८. नेपालको संविधान, २०७२, धारा २४, उपधारा ३
२९. नेपालको संविधान, २०७२, धारा २४, उपधारा ४
३०. नेपालको संविधान, २०७२, धारा २४, उपधारा ५
३१. नेपालको संविधान, २०७२, धारा ४०, उपधारा १
३२. नेपालको संविधान, २०७२, धारा ४०, उपधारा २
३३. नेपालको संविधान, २०७२, धारा ४०, उपधारा ३
३४. नेपालको संविधान, २०७२, धारा ४०, उपधारा ४
३५. नेपालको संविधान, २०७२, धारा ४०, उपधारा ५
३६. नेपालको संविधान, २०७२, धारा ४०, उपधारा ६
३७. नेपालको संविधान, २०७२, धारा ४०, उपधारा ७
३८. नेपालको संविधान, २०७२, धारा ४२, उपधारा १

त्यस्तो अधिकार वा सामान्य कानुनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लि , शारीरिक अवस्था, अपा ता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन।[३९]

(२) उपदफा (१) बमोजिम कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।[४०]

(ख) जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने (दफा १६६):

(१) कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेसा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पत्तिको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभाव गर्न वा सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न वञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट वञ्चित गर्न हुदैन।[४१]

(२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रूपियाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले यस दफामा लेखिएको कसुर गरेमा थप तीन महिनासम्म कैद सजाय हुनेछ।[४२]

(ग) अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने (दफा १६८):

(१) कसैले कसैलाई अपमानजनक वा अमानवीय व्यवहार गर्न वा गराउनु हुँदैन ...।[४३]

(२) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र ५० हजार रुपियाँसम्म जरिबाना हुनेछ।[४४]

३. जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८

(क) जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव विरुद्धको अधिकार (दफा २): (१) प्रत्येक व्यक्तिलाई जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव विरुद्धको हक हुनेछ।[४५]

(ख) जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गर्न नहुने (दफा ३): कसैले पनि जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गर्न वा गराउन हुदैन।[४६]

(ग) जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गरेको मानिने (दफा ४): (१) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय, पेसा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा यस दफा बमोजिम कुनै काम गने वा गराएमा जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गरेको मानिनेछ।[४७]

(घ) उजुर गर्ने (दफा ५): (१) दफा ४ बमोजिम कसुर कसैले गरेका वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालय,[४८] उपदफा (३) राष्ट्रिय दलित आयोग वा स्थानीय निकाय[४९] मा तोकिए बमोजिमको उजुर गर्न सक्नेछ।

(ङ) सजाय (दफा ७): अपराधको अवस्था र बिगो हेरी तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजार रुपियाँदेखि २ लाख रूपियाँसम्म जरिबाना हुनेछ।[५०] (२) सार्वजनिक पद धारण गरेको व्यक्तिले कसुर गरेमा निजलाई उल्लिखित सजायको दोब्बर सजाय हुनेछ।[५१]

(च) बाधा विरोध गर्नेलाई सजाय (दफा ८): यस ऐन अन्तर्गत सजाय हुने कसुरको अनुसन्धान वा तहकिकातको काममा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसुरदारलाई हुने सजायको आधा सजाय गर्न सक्नेछ।[५२]

(छ) सरकारवादी हुने (दफा ११): यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि सहिता २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।[५३]

---

३९. मुलुकी अपराध संहिता, २०७४, दफा १६०, उपदफा १
४०. मुलुकी अपराध संहिता, २०७४, दफा १६०, उपदफा २
४१. मुलुकी अपराध संहिता, २०७४, दफा १६२, उपदफा १
४२. मुलुकी अपराध संहिता, २०७४, दफा १६२, उपदफा २
४३. मुलुकी अपराध संहिता, २०७४, दफा १६८, उपदफा १
४४. मुलुकी अपराध संहिता, २०७४, दफा १६८, उपदफा २
४५. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८, दफा २, उपदफा १
४६. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८, दफा ३
४७. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८, दफा ४, उपदफा १
४८. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८, दफा ५, उपदफा १
४९. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८, दफा ५, उपदफा ३
५०. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८, दफा ७
५१. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८, दफा ७, उपदफा २
५२. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८, दफा ८
५३. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८, दफा ११

४. राष्ट्रिय दलित आयोग ऐन, २०७४

(क) आयोगको काम, कर्तव्य र अधिकार[५४]: संविधानको धारा २५६ मा उल्लेखित काम, कर्तव्य र अधिकारहरू:

(१) दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

(२) दलित समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तिकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(३) दलित समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तिकरणका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(४) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा समुदायको उच निच दर्शाउने जात, जातिको आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणा आधारित विचार व्यवहार, अभ्यास वा जातीय भेदभाव, छुवाछुत वा सामाजिक कूरीतिविरुद्ध सामाजिक सचेतना अभिबृद्धि गर्ने र त्यस्तो कार्यका लागि प्रचार प्रसार सामग्री तयार गरी वितरण गर्ने,

(५) दलित समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि आवश्यक सूचना, जानकारी एवम् चेतनामुलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(६) दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

(७) दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(८) दलित समुदायको हक हितको संरक्षण, सम्बर्धन र सशक्तिकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(९) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने गराउने।

(क) उजुरी दिन सक्ने (दफा ८): (१) कुनै व्यक्ति वा संस्थाले गरेको जातीय भेदभाव तथा छुवाछुत वा सामाजिक करीतिबाट पीडित भएको वा दलितको हक प्रयोगबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ।[५५]

(ख) यसरी प्राप्त भएका उजुरी उपर आयोगले ऐनको **दफा ९ अनुसार प्रारम्भिक छानविन तथा कारवाही**, **दफा १० बमोजिम उजुरीको छानविन**, र **दफा १२ बमोजिम मुद्दा दायर गर्न सिफारिस गर्ने**[५६] व्यवस्था उल्लेख छ।

५. राष्ट्रिय प्रसारण ऐन, २०४९

(क) कार्यक्रम उत्पादन तथा प्रशारण (दफा ११): प्रशारण संस्थाले (१) सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भावना र सामञ्जस्यता अभिबृद्धि गर्ने किसिमका कार्यक्रमहरू र (च) जनतामा सामाजिक चेतना बढाउने र प्रजातान्त्रिक मुल्य मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू उत्पादन तथा प्शारण गर्नुपर्नेछ।[५७]

(ख) विज्ञापन प्रशारण गर्न नपाइने (दफा १५): कसैले पनि (१) कुनै जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्रीहरू प्रशारण गर्न पाइने छैन।[५८]

(ग) प्रसारकको काम, कर्तव्य र अधिकार (दफा १६): (१) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने वा गर्न नलगाउने[५९] र (ग१) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नदिने[६०] व्यवस्था उल्लेख छ।

(घ) सजाय: (**दफा १७**) यस ऐन विपरित कुनै कार्यक्रम प्रसारण गरे गराएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले १० हजार रूपियाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।[६१]

मौजुदा कानुनको कार्यान्वयन र यसमा देखिएका अन्तरविरोध

दलित समुदायविरुद्ध हुने जातीय भेदभाव तथा छुवाछुतलाई नियन्त्रण तथा निर्मुल पार्नका लागि राज्यद्वारा उल्लेखित संवैधानिक तथा कानुनी प्रावधानहरू क्रियाशील छन्। उक्त संवैधानिक र कानुनी व्यवस्थाको कार्यान्वयन गर्न आवश्यक नियमावली, नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन तत्काल कदम चाल्न सकेमा दलित समुदायविरुद्ध हुने विभिन्न

५४. राष्ट्रिय दलित आयोग ऐन, २०७४, दफा ३
५५. राष्ट्रिय दलित आयोग ऐन, २०७४, दफा ८
५६. राष्ट्रिय दलित आयोग ऐन, २०७४
५७. राष्ट्रिय प्रसारण ऐन, २०४९, दफा ११ (ख)
५८. राष्ट्रिय प्रसारण ऐन, २०४९, दफा १५ (च)
५९. राष्ट्रिय प्रसारण ऐन, २०४९, दफा १६ (ग)
६०. राष्ट्रिय प्रसारण ऐन, २०४९, दफा १६ (ग१)
६१. राष्ट्रिय प्रसारण ऐन, २०४९, दफा १७

दलित समुदायको असमानता र विभेदलाई राज्यले नै स्वीकार गरी राज्यका सबै संयन्त्रहरूमा दलितहरूको पहुँच बढाउनका लागि सवैधानिक व्यवस्था अनुसार विद्यमान ऐन, कानुन र नियमावलीमा नै व्यवस्था गरी समावेशीकरणको सिद्धान्तलाई अङ्गीकार गर्दै दलित समुदायलाई राज्यको मूलधारमा समाहित गर्ने प्रयास एक दशकदेखि केही प्रतिशत दलितहरूको राज्यसंयन्त्रमा समावेशीकरण भएको देखिएता पनि जातीय विभेद, छुवाछुत र सामाजिक जीवनमा गरिने असमान व्यवहारमा खासै ठूलो परिवर्तन आउन सकेको देखिँदैन। समावेशीकरण र जातीय भेदभाव तथा छुवाछुत दुई फरक पाटाहरू रहेछन्। दलितलाई आरक्षणद्वारा मूलप्रवाहीकरण गर्ने प्रयासका बारेमा गैरदलितहरूबाट ठूलो असन्तुष्टि प्रकट गरी दलितहरूलाई थप मानसिक र मनोवैज्ञानिक असर पुऱ्याउने गरेको समाचारहरू दैनिक रूपमा आइरहेका देखिन्छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार १३.८ प्रतिशत जनसङ्ख्या रहेको दलित समुदायलाई राज्यका सवै क्षेत्र र संयन्त्रहरूमा समावेश गर्ने उद्देश्य अनुसार निजामती ऐन र अन्य ऐनहरू संशोधन गरी आरक्षणको व्यवस्था गरिएको छ।

स्वरूप र आयामका भेदभाव निषेध र नियन्त्रण गर्न सकिन्छ। राज्यद्वारा जारी गरिएका मौजुदा कानुनहरू पर्याप्त नभएपनि अहिलेका लागि उपयुक्त देखिन्छन्। मौजुदा कानुनी व्यवस्थाहरू हुँदाहुँदै पनि दलित विरुद्धका भेदभाव र छुवाछुतजन्य आपाराधिक क्रियाकलापहरूले निरन्तरता पाईरहेका छन्। प्रत्येक दिनका समाचार तथा सामाजिक सञ्जालहरूमा सयौँका मात्रामा विभेदका घटनाहरू सार्वजनिक हुदै आएका छन्। पर्याप्त कानुनी व्यवस्था हुँदा पनि छुवाछुत र भेदभाव न्युनिकरण हुन नसक्नु गम्भीर चासोको विषय हो। अहिलेसम्म न्यूनीकरण हुन नसक्नुका कारण निम्न औल्याउन सकिन्छ:

१. नेपाली समाज कानुनको व्यवस्था भन्दा पनि परम्परागत कूसंस्कारजन्य व्यवहारिक, सामाजिक र सांस्कृतिक अभ्यासलाई निरन्तरता दिन चाहन्छ। तर, राज्यले यसलाई नियन्त्रण गर्न आवश्यक र पर्याप्त तदरुकता देखाएको देखिँदैन।

२. कानुनको अनभिज्ञता क्ष्यम्य हुँदैन तथापि मौजुदा कानुनी प्रबन्ध र प्रावधानहरूका बारेमा पीडित तथा पीडक(समुदाय)सम्म जानकारी तथा चनचेतना पुऱ्याउन राज्यका संयन्त्र निरुत्साहित भएको देखिन्छ।

३. अधिकांश पीडित समुदायले विभेदका विरुद्धमा कानुनी उपचार खोज्ने प्रयास नगरेको देखिन्छ किनकी त्यस्ता उजुरी र कानुनी उपचारले समाजमा थप द्वन्द्व, असमाञ्जस्यता र विवाद बढाउँछ भन्ने आशङ्का देख्छन्। त्यसले भोलिका दिनहरूमा सामाजिक बहिष्कार र सामाजबाट नै विस्थापित हुने भय देखिन्छ।

४. विभेदका अधिकांश पीडित व्यक्तिहरू कहाँ, कसलाई र कसरी उजुरी दिने ? तथा कसरी कानुनी न्याय वा उपचार पाउने ? भन्ने बारेमा अनभिज्ञ देखिन्छन्।

५. अधिकांश छुवाछुत र भेदभावका मुद्दाहरू स्थानीय स्तरमा स्थानीय जनप्रतिनिधि तथा प्रहरीको रोहवरमा मेलमिलापमा नै टु याइएको देखिन्छ। पीडितलाई उक्त निर्णय चित्त नबुझे पनि विरोधमा बोल्ने आँट गर्न सक्दैन।

६. अधिकांश विभेदविरुद्ध उजुरीहरू दर्ता गर्न प्रहरीले असहयोग गरेका समाचार दैनिक रूपमा आउँछन्। उजुरीमा प्रमाणको अभाव देखाइन्छ र दर्ता गरिँदैन ।

७. दर्ता गरिएका मुद्दाहरू उपर प्रहरीले फितलो र कमजोर अनुसन्धान गर्ने तथा प्रमाणको अभाव देखाउने गरेको देखिन्छ भने जिल्ला सरकारी वकिलको कार्यालयमा पेश गर्ने रायसहितको प्रतिवेदनलाई सरकारी वकिलले सम्भव भएसम्म मुद्दा अघि नबढाउने र यदि मुद्दा अघि बढाएमा पनि कमजोर दावीसहित मुद्दा अघि बढाउने जसले गर्दा अदालतबाट पीडकले सफाई पाउने अवस्था रहन्छ।

८. अदालतमा पुगेका छुवाछुत तथा भेदभावका मुद्दाले संक्षिप्त कार्यविधि ऐन अनुसार मुद्दा अगाडि बढाउने हुनाले पर्याप्त प्रमाण बुझ्ने र साक्षी बुझ्ने नगरी फैसला गरेको देखिन्छ। धेरैजसो मुद्दाहरूका फैसलाहरूमा न्यूनतम सजाय वा सफाई दिएको पाईन्छ।

९. नेपालको कानुनी प्रक्रिया खर्चिलो, झंझटिलो र प्रक्रियामुखी छ। त्यसैले पनि सर्वसारण पीडितले प्रहरी र अदालतसम्म पुग्ने आँट नै गर्न सक्दैन। सरकारवादी मुद्दा भएता पनि आफ्नो कानुन व्यवसायी राख्नुपर्ने बाध्यता रहन्छ। खर्च र समय दुवै बढि लगाउनु पर्ने भएकोले अदालती झन्झटमा पीडितहरू अल्झिन चाहदैनन्।

१०. पीडित समुदायमा चेतनाको अभाव वा कानुनी प्रावधानहरूको अनभिज्ञताका कारण कानुनी

उपचारमार्फत न्याय पाइन्छ भन्ने जानकारी वा विश्वास कम रहेको देखिन्छ।

जातीय भेदभाव तथा छुवाछुतजन्य समस्या समाधानका उपायहरू

जातीय भेदभाव तथा छुवाछुत मानवता विरुद्धको अपराध नै हो। यस्ता अपराधका पीडितहरू कहिलेकँहि त आफूलाई मानव भएको महसुस नै गर्दैनन् जब उनीहरूको पक्षमा समाज र प्रशासन दुवै नभएको महसुस गर्दछन्। आजको एक्काइसौँ शताब्दीका दलितहरू आफ्नो अस्तित्वको खोजी गरिरहेको देखिन्छन्। आत्मसम्मान र मर्यादित जीवन बिनाको दलित समुदायले आफू अपमानित भएको महसुस मात्र गर्दैन, आफैँलाई घृणासमेत गरेको देखिन्छ। नेपालमा पर्याप्त मात्रामा मौजुदा कानुन र नियमहरूका बाबजुद् पनि भेदभावजन्य व्यवहार र घटनाहरू दैनिकजसो सार्वजनिक हुनुले कार्यान्वयनको प्रभावकारितामा आशङ्का गर्ने ठाउँ देखिन्छ। मौजुदा कानुनी व्यवस्था र प्रावधानहरूको प्रभावकारी कार्यान्वयनले मात्र शताब्दीऔँ लामो सामाजिक कुरीति र कुसंस्कारलाई नियन्त्रण र न्यूनीकरण गर्न सम्भव हुन्छ। तसर्थ यसको न्यूनीकरणका लागि सम्बन्धित सरोकारवालाहरूले तपसीलका उपायहरू अबलम्बन गर्नुपर्दछ:

१. मौजुदा संवैधानिक र कानुनी व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कानुन, नियम, नियमावली र निर्देशिकाहरू तत्काल निर्माण गरी कार्यान्वयन गराउनु पर्दछ।
२. संवैधानिक तथा कानुनी व्यवस्थाहरूको कार्यान्वयन समुदाय स्तरसम्म पुऱ्याउन आवश्यक थप रणनीति, गतिविधि र कार्यक्रम निर्माण गरी कार्यान्वयन गराउनु पर्दछ। जसका लागि सङ्घीय, प्रदेश सरकार र स्थानीय निकायहरूले पर्याप्त बजेट व्यवस्थापन गर्नुपर्दछ।
३. सरकारका सम्बन्धित संयन्त्रहरूलाई जिम्मेवार र जबाफदेही बनाउनुपर्दछ। उजुरी नलिने, फितलो अनुसन्धान गर्ने तथा मुद्दा कमजोर बनाउन सहयोग गर्ने प्रहरी र अन्य कर्मचारीहरूलाई विभागीय कारवाही गर्नुपर्दछ।
४. कानुनमा व्यवस्था भए बमोजिम भेदभावमा संलग्न र पीडकलाई बचाउन खोज्ने राष्ट्रसेवकलाई दोब्बर सजायको व्यवस्था गर्नुपर्छ।
५. भेदभावका पीडकहरूलाई संविधान र कानुनमा भएको व्यवस्था बमोजिम अधिकतम जरिबाना र कैद सजाय गरिनु पर्दछ।
६. समुदायस्तर र सरोकारवालाहरूसमक्ष चेतना विस्तारका कार्यक्रम तथा गतिविधिहरू संचालन गर्न राज्यका संयन्त्रहरू क्रियाशील हुनुपर्दछ। आफ्ना वार्षिक कार्यक्रमका निश्चित प्रतिशत बजेट सोका लागि विनियोजन गर्नैपर्ने बाध्यकारी व्यवस्था हुनुपर्दछ।
७. जातीय भेदभाव तथा छुवाछुत सामाजिक फौजदारी अपराध भएकाले त्यस्ता अपराधमा सजाय पाएका पीडकहरूलाई कानुनी सजायका साथै सामाजिक बहिष्कार र राज्यबाट लिने सेवासुविधाबाट निश्चित समय वञ्चित गराउनुपर्दछ।
८. जातीय भेदभाव तथा छुवाछुतजन्य व्यवहार अमानवीय, गैरकानुनी र मानवीय मूल्य मान्यताका विरुद्ध भएको कुरालाई राज्यले स्वीकार गर्दै राज्यले आधारभूत तहदेखि उच्च शिक्षासम्म दलित समुदायसँग सम्बन्धित पाठ्य सामाग्रीहरू अनिवार्य समावेश गर्न आवश्यक छ।
९. जातीय भेदभाव र छुवाछुतका पीडितहरूको सामाजिक आर्थिक सुरक्षाको सुनिश्चितता राज्यले गर्नुपर्दछ। जसका कारण उजुरी गरेकान कारण सामाजिक रूपमा बहिष्कृत हुने वा समाजबाट विस्थापित हुनुपर्ने अवस्था रहँदैन।

निष्कर्ष

दलित समुदायविरुद्ध भएका जातीय भेदभाव र छुवाछुत जस्तो अमानवीय, अव्यवहारिक र कानुनी नजरमा फौजदारी अपराधमा संलग्न पीडक तथा अपराधीहरूलाई राज्यका मौजुदा कानुन र नियमहरू बमोजिम अधिकतम सजाय गरिएमा जातकै कारण सेते दमाइ जसरी मारिनुपर्ने थिएन। रुकुम जाजरकोटमा जस्तो अन्तरजातीय सम्बन्धका कारण नवराज बिकलगायतका व्यक्तिहरूको हत्या हुने थिएन। रूपा सुनार, दिपा नेपाली र करुणा विश्वकर्माहरू जस्ता शिक्षित दलित युवतीहरू देशको मुटु राजधानी काठमाडौँमा नै जातकै कारण डेरा पाउनबाट वञ्चित हुनुपर्ने थिएन र आफ्नो पेसा छोडेर न्यायका निम्ति प्रहरी प्रशासन र अदालत धाउनु पर्ने थिएन। कानुनको प्रभावकारी कार्यान्वयन भइदिएको भए जातीय भेदभाव जस्तो अपराधकी आरोपित छुटाउन बहालवाला मन्त्री आफैँ प्रहरीसमक्ष पुग्ने र आरोपिलाई सरकारी गाडीमा घरसम्म पुऱ्याउने अवस्था रहने थिएन। संविधान र विद्यमान कानुनहरू प्रभावकारी कार्यान्वयन गरिदिए मात्रै पनि जातीय भेदभाव र छुवाछुत नियन्त्रण र न्यूनीकरणमा ठूलो साथ मिल्ने थियो। मौजुदा कानुनी प्रावधानको कार्यान्वयन गर्नका लागि समेत राज्यसंयन्त्र तयार नहुँदा दलित समुदायले न्याय पाउने र सम्मानित र मर्यादित जीवन जिउने परिकल्पना साकार हुन सकेको छैन। तत्कालीन राजनीतिक परिवर्तनमार्फत दलित, पिछडिएको समुदाय र सीमान्तकृत समुदायहरूको मर्यादित जीवन जिउने अभिलषा पूरा हुने आशा गरिएको भएता पनि दलितहरूले अझै मानवीय जीवन जिउन पाएका छैनन्। दलित समुदायले सम्मानजनक र मर्यादित जीवन जिउन पाउने वातावरण बनाउन जिम्मेवार नागरिकका हैसियतले सबैले आआफ्नो क्षेत्र र तहबाट भूमिका खेल्नु आवश्यक छ।

द्वन्द्व रूपान्तरणमा नागरिक समाजको उपादेयता



शोभाकर बुढाथोकी*

भूमिका

द्वन्द्व रूपान्तरण र दिगो एवम् न्यायपूर्ण शान्ति स्थापनाका लागि शान्ति प्रक्रिया सहभागितामूलक एवम् समावेशी हुनुपर्ने मान्यता रहेको छ। शान्ति स्थापनाको कार्य व्यवस्थित र सरोकारवालालाई स्वीकार्य हुनु पर्दछ। शान्ति सम्झौता तथा सहमतिहरूको कार्यान्वयनका लागि द्वन्द्वमा प्रत्यक्ष रूपमा संलग्न पक्षहरूमा इमान्दारिता आवश्यक रहन्छ। यसको मतलव द्वन्द्वमा संलग्न पक्षहरूको इच्छाशक्ति र प्रतिबद्धताविना शान्ति प्रक्रियाको परिमाण संस्थागत पनि हुन सक्तैन।

शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनका लागि शान्ति प्रक्रियाका पक्षहरूकाबिचमा आपसी विश्वास र सुमधुर सम्बन्ध अपरिहार्य मानिन्छ। तर, आपसी विश्वास र सम्बन्धको अभावमा शान्ति सम्झौता एवम् यससँग सम्बन्धित सहमति, सम्झौता र संयन्त्रहरूको कार्यान्वयन हुने वातावरण तयार हुन सक्तैन। फलस्वरुप शान्ति प्रक्रियाले पनि निकास पाउने सम्भावना रहँदैन। यस्तो अवस्थामा शान्ति प्रक्रियाका पक्षधरहरूलाई उनीहरूबाट जारी प्रतिबद्धता अनुरूप जिम्मेवारी निर्वाह गर्न र शान्ति सम्झौता तथा सहमतिहरूको कार्यान्वयनबाट विचलित हुन नदिन नागरिक समाजको रचनात्मक भूमिका अपरिहार्य हुन्छ।

द्वन्द्वउप्रान्त अवधिमा राज्यका संयन्त्रहरू कमजोर हुने भएकाले सङ्क्रमणकालीन समयको व्यवस्थापन, आम नागरिकको जीवनको सुरक्षा, मानव अधिकारको संरक्षण, लोकतान्त्रिक संरचनाहरूको पुन:निर्माण र कानुनी शासनको प्रत्याभूतिका सवालमा शान्ति प्रक्रियाका पक्षधरहरूका अलावा समाजका अन्य शक्तिहरू मूलत: राजनीतिक नेतृत्व र नागरिक समाज गम्भीर हुनै पर्दछ। अन्यथा राज्यका निकायहरूले राजनीतिक रूपमा तरल र अस्थिर अवस्थालाई समयमा उचित ढङ्गले सम्बोधन गर्न नसकेका कारण मलुकमा जातीय, भाषिक तथा अल्पसङ्ख्यक समूहसँग सम्बन्धित सरोकारहरूलाई सम्बोधन गर्न कठिन हुन्छ भने राज्यको पुर्नसंरचना तथा लोकतान्त्रिकरणको प्रयासहरूलाई व्यवहारमा उतार्न सकिँदैन। शान्ति प्रक्रियामा देखिन सक्ने यस्ता जटिलताहरूको सरल निकास र समाधानका लागि नागरिक समाजको सक्रियता जरुरी हुने गर्दछ।

नागरिक समाजले हिंसात्मक द्वन्द्वका कारकहरूको पहिचान र समस्याहरूको दीर्घकालीन समाधान निकाल्न उपयुक्त तथा न्यायपूर्ण संयन्त्रहरूको स्थापनाका लागि व्यवस्थित र प्रक्रियागत निकासको ढोका खोल्न सक्दछन्। तसर्थ, देशलाई पुन: द्वन्द्वतर्फ फर्किन नदिनका लागि न्यूनतम सहमतिका आधारहरूको निर्माण, आम समुदायमा विश्वासको वातावरण तयार गर्न र समाजमा सद्भावपूर्ण वातावरण निर्माणमा नागरिक समाजको रचनात्मक सक्रियता आवश्यक हुन्छ।

शान्ति प्रक्रिया र नागरिक समाजको सम्बन्ध

नागरिक समाजको सहभागिताविना शान्ति प्रक्रिया निष्कर्षतर्फ उन्मुख हुन सक्तैन। मूलत: शान्ति प्रक्रियाका पक्षधर संस्थाहरूका बिचमा समय-समयमा अविश्वासको वातावरण सृजना हुन सक्ने र त्यसको परिणामस्वरुप समस्त शान्ति प्रक्रिया अवरुद्ध हुने सम्भावना रहन्छ। यस्तो असहज स्थितिको सामान्यीकरण गर्न नागरिक समाजले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउन सक्दछ। यस्ता कार्यले शान्ति सम्झौता तथा सहमतिहरूको कार्यान्वयनका अलावा द्वन्द्व पीडितहरूको न्याय तथा परिपूरणको सुनिश्चितता गर्न र आरोपित पीडकहरूलाई निष्पक्ष प्रक्रिया अनुरुप कानुनको दायरामा ल्याउन सहयोग पुऱ्याउन सक्दछ।

विश्वव्यापी रूपमा नागरिक समाजका संस्थाहरू तथा यससँग सम्बन्धित व्यक्तिहरूलाई स्वयम्सेवी अभियानका रूपमा बुझ्ने गरिन्छ। यसको संरचना सङ्गठित र असङ्गठित दुवै स्वरूपमा हुने गर्दछ। साथै, नागरिक समाजका स्वरुप र गतिविधिहरू गैरदलीय र गैरनाफामुखी चरित्रको हुनुपर्दछ भन्ने मान्यता रहेको छ। तथापि नागरिक समाजको दायरामा समाजका सबैजसो अभियानहरू समेटिएको पाइन्छ। उदाहरणका लागि नागरिक समाज भन्नाले धार्मिक संस्थाहरू, परम्परागत प्रथाजन्य संरचनाहरू, सामुदायिक संस्थाहरू, प्राज्ञिक संस्थाहरू, मानवीय तथा विकास संस्थाहरू, मानव अधिकार संस्थाहरू, अभियानमूलक संस्थाहरू, द्वन्द्व समाधान तथा शान्ति निर्माणसम्बन्धी संस्थाहरू, सामाजिक आन्दोलन तथा सञ्जालहरू, व्यापारिक संस्थाहरू इत्यादिलाई राख्न सकिन्छ। यस अर्थमा नागरिक समाजले द्वन्द्वकालको अवधिमा द्वन्द्व समाधान गर्न वा शान्ति प्रक्रियाको समयमा यसलाई निष्कर्षमा पुऱ्याउन निम्नानुसारका भूमिकाहरू खेल्न सक्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासबाट सिक्न सकिन्छ।

सर्वसाधारणको सुरक्षा तथा संरक्षण

सामान्तया सुरक्षा तथा संरक्षण भन्नाले सर्वसाधारण नागरिकलाई द्वन्द्वको चपेटाबाट जोगाउनु र यसबाट पर्नसक्ने प्रभावबाट सुरक्षित राख्नु हो। मूलत: सर्वसाधारण नागरिकहरू द्वन्द्वकालमा द्वन्द्वरत पक्षहरूबाट सञ्चालित हिंसात्मक गतिविधिहरूबाट प्रभावित हुने गरेको पाइन्छ। तसर्थ, द्वन्द्वकाल होस् या शान्ति प्रक्रियाका समयमा द्वन्द्वरत पक्षहरूबाट सृजना हुने अविश्वास तथा आक्रोसका कारण सर्वसाधारण पीडित हुने सम्भावना रहन्छ। यस्तो अवस्थामा नागरिक समाजले द्वन्द्वमा कुनै पनि प्रकारको भूमिका नभएका निर्दोष नागरिकहरूको सुरक्षा तथा संरक्षणमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ। हरेक

* मानव अधिकारकर्मी तथा द्वन्द्व विशेषज्ञ बुढाथोकी इन्सेक कार्यसमितिका सदस्य हुनुहुन्छ।

नागरिकको सुरक्षा तथा संरक्षण गर्नु राज्यको दायित्व भए पनि नागरिक समाजले सहयोगिको भूमिकामा द्वन्द्वलाई हिंसात्मक हुनबाट जोगाउन र अन्तत्वगत्वा शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन मद्दत गर्न सक्दछ।

स्थितिको अनुगमन

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा नागरिक समाजका सङ्घ संस्था तथा व्यक्तिहरू संस्थागत एवम् व्यक्तिगत तहमा मानव अधिकार एवम् हिंसात्मक गतिविधिहरूको अनुगमनका अलावा शान्ति सम्झौता तथा समझदारीहरूको अनुगमनमा पनि सक्रिय रहेको पाइन्छ। यस्ता अनुगमनले राज्य तथा गैरराज्य पक्षहरूमा जवाफदेहीता सृजना गर्न र सम्झौता एवम् समझदारीहरूको इमान्दारितापूर्वक कार्यान्वयन गर्नमा सहयोग पुऱ्याउने गर्दछ। साथै, द्वन्द्वकालको अवधीमा हुनसक्ने हिंसा तथा मानव अधिकारको उल्लङ्घन न्यूनीकरण गर्न र उनिहरूमा विद्यमान अविश्वासको वातावरणलाई सहज बनाउन पनि मद्दत गर्दछ। अनुगमन कार्यहरू कतिपय अवस्थामा "फ्याक्ट फाइण्डिङ" जस्ता भौतिक रूपमा घटनास्थलको अनुगमनको माध्यमबाट गर्ने गरिन्छ भने आवश्यकता अनुसार अध्ययन तथा अनुसन्धानका माध्यमबाट पनि गरिन्छ।

अभियानमूलक गतिविधिहरूको सञ्चालन

नागरिक समाजले द्वन्द्वको रूपान्तरण अर्थात् द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि उपयुक्त वातावरण निर्माण गर्नेदेखि शान्ति प्रक्रियालाई औपचारिक रूपमा सञ्चालनका लागि दवावमूलक अभियान सञ्चालन गर्न सक्दछ। यसले शान्ति प्रक्रियालाई औपचारिक रूपमा निष्कर्षसम्म पुग्ने विश्वासको वातावरण निर्माण गर्नका लागि पनि मद्दत पुग्दछ। यसले द्वन्द्वरत पक्षहरूलाई वार्तामा बस्न, शान्ति सम्झौता तथा सहमतिहरूको मस्यौदा तयार गर्न र त्यस्ता सम्झौता तथा सहमतिहरूको कार्यान्वयनमा सहयोगिको भूमिका निर्वाह गर्दछ। साथै, शान्ति सम्झौताको कार्यान्वयनमा इमान्दारिताको अभावका कारण द्वन्द्वको पुन:रुत्थान हुन नदिने वातावरण निर्माणका आधारहरू पनि तयार गर्न सक्दछ। यस्ता अभियानात्मक कार्यक्रमहरूलाई दुई प्रकारले विभाजन गर्न सकिन्छ। पहिलो, शान्तिपूर्वक गरिने सार्वजनिक प्रदर्शन, जुलुस, धर्नाका अलावा प्रेस विज्ञप्ति र सामाजिक सञ्जालका माध्यमबाट सरोकारवालाहरूलाई परिचालन गरिने अभियानलाई लिन सकिन्छ। दोस्रो, गोप्य तवरमा गरिने अनौपचारिक सम्वाद, वार्ताका अलावा आपसी विश्वासको वातावरण तयार गर्ने र द्वन्द्वरत पक्षहरूका बिचमा सम्बन्ध विस्तारलाई लिन सकिन्छ। यस्ता प्रयासले द्वन्द्वको शान्तिपूर्ण रूपान्तरणमा सहयोग गर्दछ,। उदाहरणका लागि उत्तरी आयरल्याण्डमा नागरिक समाजको पहलका कारण शान्ति सम्झौतामा मानव अधिकारका प्रावधानहरू समावेश गर्नुपर्ने बाध्यता सृजना भएको थियो।

चेतनामूलक सामाजिक अभियान

यस्ता अभियानले समाजमा द्वन्द्वको अन्त्य र शान्ति स्थापनाका लागि दवाव सृजना गर्दछ। चेतनामूलक सामाजिक अभियानले समाजभित्र शान्तिपूर्ण र सहिष्णुतात्मक मान्यताहरूलाई प्रवर्द्धन गर्दछन्। यसलाई विभिन्न सङ्घ-संस्था, सञ्जाल वा आन्दोलनको प्रत्यक्ष एवम् सक्रिय सहभागिताबाट मात्र अगाडी बढाउन सकिन्छ, जसको नेतृत्व र सञ्चालन नागरिक समाजका संस्था र व्यक्तिहरूबाट मात्र सम्भव हुन्छ। यस्ता अभियानहरू द्वन्द्वको अन्त्य र शान्ति स्थापनाका लागि उपर्युक्त वातावरण निर्माणमा पनि सहयोग पुऱ्याउछ। साथै जनसहभागितामूलक अभियानले द्वन्द्व रूपान्तरणका लागि आवश्यक वातावरण निर्माण गर्न मद्दत गर्दछ भने यस प्रकारका कार्यहरूमा विद्यालय, धार्मिक संस्थाहरू, सांस्कृतिक समूहहरू लगायत सामूहिक अभियानहरूलाई परिचालन गर्न सकिन्छ।

सहिष्णुताको अभिवृद्धि

शान्ति प्रक्रियाका पक्षधरहरूको बिचमा सृजना हुन सक्ने असमझदारी र असहमतिको अन्त्य गर्दै आपसी विश्वास र सुमधुर सम्बन्ध स्थापित गर्न सकेमा मात्र उनीहरूका बिचमा आपसी सहिष्णुताको अभिवृद्धि गर्न सकिन्छ। यसको मतलव विगतका असन्तुष्टिहरूको अन्त्य गर्दै शान्ति प्रक्रियाका पक्षहरूका बिचमा सुमधुर सम्बन्धको विकास गर्नु भन्ने रहेको हुन्छ। यस्तो समझदारी विकास गर्न र विश्वासको वातावरण तयार गर्नमा नागरिक समाजको भूमिका अपरिहार्य हुन्छ। नागरिक समाजले शान्ति प्रक्रियाका पक्षधरहरूमा विद्यमान मनमुटावको अन्त्य गर्दै सहकार्यका लागि आधारहरू तयार गर्न र विश्वासको सङ्कटका बिचमा गुज्रिरहेका संस्थाहरूमा सहकार्यको भावना विकास गर्न मद्दत पुऱ्याउन सक्दछन्। वास्तवमा यस्ता प्रयासहरूको उद्देश्य समस्याको समाधान गर्नु र समाजमा शान्ति स्थापनाका लागि आधारहरू तयार गर्नु हुने गर्दछ।

सहजीकरण, पर्यवेक्षण र मध्यस्थता

द्वन्द्वको अन्त्य र शान्ति स्थापनाका लागि नागरिक समाजले खेल्न सक्ने महत्वपूर्ण भूमिका भनेको सहजीकरण, पर्यवेक्षण र मध्यस्थता हो। आवश्यकताअनुसार अनौपचारिक रूपमा विश्वासको वातावरण निर्माणदेखि सूचना आदान-प्रदान गर्ने कार्यहरूका अलावा औपचारिक सम्वाद एवम् वार्तामा नेतृत्वदायी भूमिका खेल्न सक्ने क्षमता नागरिक समाजमा हुने गर्दछ। शान्ति प्रक्रियाको सहजीकरण, पर्यवेक्षण र मध्यस्थतामा संलग्न भएका स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा प्रशस्त उदाहरणहरू पाउन सकिन्छ। शान्ति प्रक्रियामा संलग्न समूहहरू तथा व्यक्तिहरूलाई सम्वादका लागि आधारहरू तयार गर्ने, विश्वासको वातावरण निर्माण गर्ने, वार्ताको समयमा सहजीकरण गर्ने, वार्ता प्रक्रियाको पर्यवेक्षण गर्ने र आवश्यकता अनुसार मध्यस्थता गर्ने भूमिका निर्वाह गर्ने गरेको पाइन्छ। अपवादमा बाहेक नागरिक समाजले खेलेको निष्पक्ष भूमिकामा प्रश्न उठाउन सकेको पाइँदैन भने उनीहरूले शान्ति प्रक्रियाका पक्षधरहरूको अलावा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायहरूकाबिचमा पनि विश्वसनीयता हासिल गरेको पाइन्छ। उदाहरणका लागि नाइजेरिया, फिलिपिन्सको मिण्डानाओ लगायतका शान्ति वार्ताहरूको सहजीकरण नागरिक समाजले गरेको थियो।

सामान्यतया शान्ति वार्ताहरूमा नागरिक समाजका प्रतिनिधिहरूलाई पर्यवेक्षकको रूपमा साक्षीको हैसियत प्रदान गर्ने गरेपनि द्वन्द्वको प्रकृति र द्वन्द्वरत पक्षहरूकाबिचको आपसी सहमतिका आधारमा सहजीकरण र मध्यस्थता गर्ने उपर्युक्त निकायका रूपमा पनि आत्मसात गर्ने गरेको छ। यस्तो अवस्थामा नागरिक समाजले वार्ता प्रक्रिया र सम्झौतामा

सहमतिका लागि आवश्यक मापदण्ड तयारी गर्नुका साथै समस्त प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सकारात्मक भूमिका खेलेको पाइन्छ। तसर्थ, नागरिक समाजले सहजकर्ता, मध्यस्थकर्ता वा पर्यवेक्षकको भूमिका निभाए पनि मुलभूत उद्देश्य द्वन्द्वलाई रूपान्तरण गर्नु र द्वेषपूर्ण सम्बन्धलाई सामान्यीकरण गर्दै हिंसात्मक स्थितिलाई शान्तिपूर्ण निकास दिनु रहेको हुन्छ।

सेवा प्रवाहमा सहजीकरण

द्वन्द्वको अवधीमा नागरिक समाजका संस्थाहरूले सर्वसाधारण नागरिकहरूको पहुँचभन्दा बाहिर रहेका राज्यका अलावा मानवीय संस्थाहरूका सेवाहरूलाई सर्वसाधारण नागरिकहरू समक्ष सहज रूपमा उपलब्ध हुने वातावरण बनाउन सहजीकरण गर्न सक्दछन्। उदाहरणका लागि औषधी तथा खाद्यान्नको ढुवानी, खानेपानीको नियमितता, अस्पतालको व्यवस्थापन, आवागमनको सुनिश्चितता जस्ता विषयमा द्वन्द्वरत पक्षहरूसँगको सम्वादका माध्यमबाट अवरोध खुलाउन सक्दछन् भने यस्ता सेवाहरूको निरन्तरताका लागि विद्यमान अवरोधहरू हटाउन र सेवा प्रवाहलाई बिना अवरोध सञ्चालन गर्ने उपयुक्त वातावरण बनाउनमा सहजीकरण गर्न सक्दछन्। यसका लागि नागरिक समाजले द्वन्द्वरत पक्षहरूका बिचमा निरन्तर सम्वादका माध्यमबाट विश्वासको वातावरण तयार गर्न सक्दछ भने अत्यावश्यक सेवा प्रवाहका लागि कुनै पनि प्रकारको अवरोध नहुने सुनिश्चितता हुने आधारहरू तयार गर्दछ। साथै, आवश्यकता अनुसार सार्वजनिक प्रतिबद्धताका माध्यमबाट जवाफदेहिता सुनिश्चित गर्ने गर्दछ।

परामर्श कार्यक्रमको सञ्चालन

नागरिक समाजले शान्ति प्रक्रिया र शान्ति सम्झौताको कार्यान्वयनसँग सम्बन्धित कुनै पनि विषयमा राज्य एवम् सरोकारवालाहरूकाबिचमा परामर्श कार्यक्रम सञ्चालन गर्न सक्दछ। यस्ता परामर्श कार्यक्रमले वार्ता प्रक्रियालाई प्रभावकारी बनाउन र शान्ति प्रक्रियालाई जनमुखी एवम् मानव अधिकारमैत्री बनाउन दवावको सृजना गर्दछन्। साथै, शान्ति प्रक्रियामा अन्यौलता सृजना भएको अवस्थामा उनीहरूलाई जवाफदेही र जिम्मेवार बनाउन पनि मद्दत गर्दछ। यस्ता परामर्श कार्यक्रमले शान्ति सम्झौता र सहमतिहरूको इमान्दारिताका साथ कार्यान्वयनका सवालमा थप महत्वपूर्ण हुने गर्दछन्। किनकी शान्ति सम्झौतामा हुन सक्ने अस्पष्टता र शान्ति प्रक्रियाका पक्षहरूका बिचमा सृजित अविश्वास तथा अन्य समस्याका कारण कार्यान्वयनमा देखिने अनिच्छाबाट शान्ति प्रक्रिया अवरुद्ध हुने सम्भावना रहन्छ। उक्त अवस्थालाई व्यवस्थित र मूलधारमा ल्याउन नागरिक समाजबाट आयोजना हुने यस्ता परामर्श कार्यक्रमले विश्वासको वातावरण निर्माण गर्न सक्दछन् र सम्झौता तथा सहमतिको मूल भावना तथा मर्मअनुसार कार्यान्वयनमा ल्याउनका लागि आधारहरू तयार गर्न सक्दछन्।

कार्यान्वयन संयन्त्रमा नेतृत्व

शान्ति सम्झौताको अनुगमन तथा कार्यान्वयनका लागि संयन्त्रहरू बनाउनुपर्ने हुन्छ। द्वन्द्वरत पक्षहरूका बिचमा अविश्वासको अवस्था हटाउन लामो समय लाग्ने गर्दछ। शान्ति सम्झौता तथा सहमति आवश्यकता र बाध्यताका उपज हुने गर्दछन्। सामान्यतया कुनै एक पक्षले जितेको अवस्थामा सहमति वा सम्झौताको आवश्यकता रहँदैन। तर, सहमति वा सम्झौता भनेको दुवै पक्षलाई शान्तितर्फ रूपान्तरण हुनुपर्ने आवश्यकता महसुस भएको वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाबका कारण द्वन्द्वको अन्त्यका लागि वार्तामा बस्नुपर्ने अवस्था सृजना भएको हुन्छ। सहमति वा सम्झौता भनेको हार वा जीत नभई समझदारीको दस्तावेज हुने गर्दछ। तसर्थ यसको कार्यान्वयनका लागि प्रशस्त चुनौतीहरू हुने गर्दछन्। यस्तो अवस्थामा नागरिक समाजको भूमिका अहम् हुने गर्दछ। त्यस्ता कार्यान्वयन संयन्त्रहरूको नेतृत्व नागरिक समाजले गरेको अवस्थामा निष्पक्षता कायम गर्न सहज हुन्छ भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायमा निष्पक्षता पुष्टि गर्न पनि मद्दत गर्दछ। नागरिक समाजको सहभागिताले अन्तत्वगत्वा शान्ति प्रक्रियालाई मूलधारमा ल्याउन मद्दत गर्दछ।

नेपालको शान्ति स्थापनामा नागरिक समाजको भूमिका

नेपालको शान्ति प्रक्रिया औपचारिक रुपमा २०६२-६३ को शान्तिपूर्ण जनआन्दोलनको नेतृत्व गरिरहेका तत्कालीन सात राजनीतिक दलहरू र विद्रोही नेकपा (माओवादी) का बिचमा प्रारम्भ भएको थियो। नेपाल सरकार र नेकपा (माओवादी) का बिचमा शान्ति सम्झौतामा २०६३ मङ्सिरमा हस्ताक्षर भई मुलुकको १० वर्षे हिंसात्मक द्वन्द्वको विधिवत अन्त्य भएको थियो। फलत: मुलुक द्वन्द्वबाट शान्तितर्फ रूपान्तरण भएको घोषणा गरियो। द्वन्द्वको अन्त्यका क्रममा नेपालको नागरिक समाजको अत्यन्त महत्वपूर्ण सहभागिता रहेको थियो। साथै, द्वन्द्वको अवधिमा आम नागरिकको सुरक्षा एवम् संरक्षणका अलावा मानव अधिकारको अनुगमन र राज्यका सेवा प्रवाहमा निरन्तरता दिनका लागि नागरिक समाजले पहलकदमी लिनुका साथै स्थिति सामन्यीकरणका लागि आवश्यकता अनुसार द्वन्द्वरत पक्षहरूका बिचमा सहजीकरण र मध्यस्थता समेत गरेको थियो।

नेपालको नागरिक समाजमा मूलत: मानव अधिकारकर्मी संस्थाहरूका अलावा मानव अधिकार अभियानमा सक्रिय व्यक्तिहरूको नेतृत्वदायी भूमिका रहेको पाइन्छ। उनीहरूले मुलुकमा हिंसाको अन्त्य, मानव अधिकार उल्लङ्घनमा न्युनिकरण र शान्ति वार्ताको प्रारम्भका लागि एकपक्षीय, द्विपक्षीय वा बहुपक्षीय सम्वादहरू सञ्चालन गरेका थिए। द्वन्द्वकालमा घटेका घटनाहरूको अनुगमन र सत्य-तथ्यको सार्वजनिकीकरणका साथमा आमनागरिकको आवागमनको स्वतन्त्रता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, गैरकानुनी थुना, हत्या-हिंसा, अपहरण लगायतका घटनाहरूमा सार्वजनिकरूपमा अभियानहरू सञ्चालन गर्नुले केही हदसम्म द्वन्द्व प्रभावित क्षेत्रहरूमा राहतको महसुस भएको थियो। यसले राज्य तथा विद्रोही माओवादीलाई जिम्मेवार र जवाफदेही हुन दबाब सृजना गरेको थियो। साथै, यस्ता अभियानमा इन्सेक लगायतका मानव अधिकार संस्थाहरूले पीडितहरूमाथि न्याय र क्षतिपूर्तिका लागि सरकारलाई दबाब दिनुका साथै मानव अधिकार उल्लङ्घनमा कमी ल्याउनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अभियान सञ्चालन गरेको पाइन्छ।

नागरिक समाजको सक्रियताले राजनीतिक शक्तिहरूका बिचमा विद्यमान बढ्दो अविश्वास तथा मतभेदमा केही हदसम्म न्यूनिकरण गर्न मद्दत पुऱ्याएको थियो। शान्ति सम्झौतामा द्वन्द्व रूपान्तरण तथा न्यायपूर्ण शान्तिका लागि आवश्यक सबैजसो महत्वपूर्ण प्रावधानहरू समावेश गर्ने

प्राचीको आगामी यात्राका लागि पूर्व सम्पादकहरूको अनुभव र सुझाव

डा. कुन्दन अर्याल

'मानवका लागि मानव अधिकार, मानव अधिकारका लागि मानव अधिकार संस्कृति' हाम्रो मुल ध्येय हो । मानव अधिकारका विषयमा ओजपूर्ण, खोजमुलक र गहिराइमा पुगेर लेखिएका तर्कपूर्ण र विश्लेषणात्मक सामग्री प्राचीका प्राथमिकतामा पर्नुपर्छ । यसको विशिष्ट पहिचान भनेको मानव अधिकार र सामाजिक न्याय नै हो । यो पहिचानलाई उच्च बनाउन आवश्यक सामग्रीलाई एकत्रित गरी परिष्कार र परिमार्जनसहित प्रकाशन गर्नुपर्छ ।

साहित्यिक अभिव्यक्तिदेखि स्थलगत रिर्पोटिङ, गहन अनुसन्धान वा सर्सर्ति अवलोकन सामग्री तयार गर्ने प्रकृया विभिन्न प्रकारका हुन सक्छन् । कसैको अन्तर्वार्ता छापेर त कसैको विचारोत्तेजक धारणालाई ठाउँ दिएर पनि प्राचीलाई अझ पठनीय मात्र होइन संग्रहणीय बनाउन सकिन्छ ।

आत्माराम शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित प्राची संचेतना द्वैमासिक पत्रिकाको १ सय अङ्क पुगेको जानकारी पाउँदा अत्यन्त खुशी लागेको छ । प्राचीका प्रकाशित अङ्कहरू साहित्यिक अङ्क, किन कोही छुत, कोही अछुत अङ्क, हल्लामा अलमलिएको भूमिसुधार, संविधानको मर्मलाई कस्ले लत्याउँदै छ ?, फैलँदैछ कमैया मुक्ति आन्दोलन लगायतका सामग्रीहरू विशेष रहेका छन् । त्यतिखेर मैले सदैव सम्झिरहने प्राचीको मानव अधिकार साहित्य अङ्क, सहकर्मी अग्नी शिखा र इन्सेकको अघिल्लो पुस्ता र वर्तमान पुस्तालाई सधैँ स्मरण गरिरहन्छु।

नोट : प्राची संचेतना द्वैमासिकका पूर्व सम्पादकहरूसँग आफूले सम्पादन गर्दाको समयको अनुभव र सुझाव माग गरिएको थियो । हामीलाई प्राप्त भएका अनुभव र सुझावहरूलाई यहाँ समावेश गरिएको छ।

नरनाथ लुइँटेल

वर्ष पुस्तक प्रकाशनको पहिलो शृङ्खलादेखि म इन्सेकसँग जोडिन पुगेँ, यो मेरा निम्ति सुखद संयोग नै थियो । यसका पाँच शृङ्खलासम्म म अत्यन्त सक्रियताका साथ आबद्ध थिएँ भन्न पाउँदा आज पनि गौरवको अनुभूति हुन्छ। कुन्दन अर्यालको कुशल सम्पादनमा प्राचीले नेपालको मानव अधिकार स्थितिसम्बन्धी ज्वलन्त विषयहरूको उठान गऱ्यो । कमैया मुक्ति आन्दोलनको अभियान र इन्सेकद्वारा संयोजित नेपालगञ्जमा सम्पन्न कमैया राष्ट्रिय सम्मेलनको आयोजनाको पृष्ठभूमि तयार गर्ने कार्यमा पनि प्राचीको भूमिका अविष्मरणीय रहेको छ। प्राची अहिले १०० औँ अङ्क पुगेको जानकारी पाउँदा पनि अत्यन्त सुखद अनुभूति भइरहेको छ । बदलिँदो परिस्थितिमा पनि मानवअधिकार रक्षा, संवर्धन एवम् सचेतना अभिवृद्धिमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न प्राची सदैव सफल रहोस् भनी शुभकामना व्यक्त गर्दछु।

देविका तिमिल्सिना

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रवेश गर्दा मानव अधिकारसम्बन्धमा मलाई कुनै ज्ञान थिएन। मेरा लागि इन्सेक मानव अधिकारको पाठशाला जस्तै थियो । प्राचीको प्रकाशनको थालनी सुशील–प्रकाशबाट भएको रहेछ । इन्सेकका तत्कालीन अध्यक्ष सुशील प्याकुरेल मेरा लागि स्रोत व्यक्ति हुनुहुन्थ्यो । उहाँको निर्देशनमा मैले प्राचीको सम्पादन गर्ने अवसर पनि पाएको थिएँ। यसपछि मैले आधा दर्जन भन्दाबढी इन्सेकका प्रकाशनहरूमा लेखन र सम्पादन गरेको छु। हामी प्राचीलाई स्रोत सामग्रीको रूपमा समुदायका हरेक तह र तप्कामा पुऱ्याउँदथ्यौँ । यो नै प्राचीको बौद्धिक सुन्दरता थियो। प्राचीले अहिले पनि सुशील–प्रकाशको पदचाप पछ्याई नै रहेको छ।

लक्ष्मणदत्त पन्त

दबाइएका आवाज र सीमान्तकृत नागरिकलाई सशक्त बनाउन प्राचीले स्थापना कालदेखिनै महत्वपूर्ण योगदान गरेको छ। संविधानमा उल्लेखित मौलिक हक र अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्र/सन्धिको पालनाका लागि नेपालले गरेको प्रतिवद्धतामाथि निरन्तर निगरानी नेपाली समाज र समग्र मानव अधिकार संस्कृतिका लागि प्रेरणादायी छन् । नागरिक अधिकारको संरक्षणका लागि जवाफदेही बनाउने सन्दर्भमा प्राचीले खेलेको भूमिका सराहनीय छ। प्राचीले आउँदा दिनमा यी विषयको सशक्त उठान, संवाद र बहसमार्फत राज्य, राजनीतिक दल, संवैधानिक निकाय लगायतलाई जवाफदेही बनाउन सकोस्, शुभकामना।

मदन पौडेल

नेपालको मानव अधिकार अभियानमा प्राचीले खेलेको भूमिका महत्वपूर्ण छ। मानव अधिकारको विषयमात्रै समेटेर कुनै पनि पत्रिका नेपालमा न त विगतमा प्रकाशन भएका थिए न त अहिले नै। प्रजातन्त्रको स्थापनापछि मानव अधिकारका विभिन्न विषय जस्तै दलित, महिला, यातना, शान्ति संविधान, कमैया, हलिया, सशस्त्र द्वन्द्वले मानव अधिकारमा पारेको असरजस्ता विषयलाई सतहमा ल्याउन प्राचीले सहयोग पुऱ्याएको छ । इन्सेकमा आवद्ध भएपछि मानव अधिकारका बारेमा बुझ्न प्राचीले मलाई सहयोग पुऱ्याएको थियो। यस पत्रिकाको ३४ वटा अङ्कको सम्पादन गर्ने अवसर मैले प्राप्त गरेँ । यसले विगतमा उजागर गरेका विषय र यसको महत्व कायम राख्न प्राचीले मद्दत पुऱ्याओस् प्राचीको १ सय अङ्कका लागि धेरै शुभकामना।

प्रकाश ज्ञवाली

नेपालको मानव अधिकार क्षेत्रमा ज्ञान निर्माण, प्रयोग र समुन्नतिको यो प्रक्रियामा केही प्रयासहरूको जीवन्त इतिहास र गौरवपूर्ण वर्तमान छ। त्यस्ता केही प्रयासहरू सीमित छन्, जसले विगत र वर्तमानको गर्विलो महत्ता बोकेका छन् । "प्राची" तिनै सीमित प्रयासहरूमध्ये एक हो । "प्राची" १०० औँ श्रृङ्खलामा पुग्दै गर्दा यसले मानव अधिकारका क्षेत्रमा पुऱ्याएको योगदानका निम्ति अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र "प्राची"सँग सम्बद्ध सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछु।

प्राचीका जति पनि अङ्कहरू पढ्ने मौका पाएको छु, सबैमा गहनता र मानव अधिकार क्षेत्रमा गम्भीर ज्ञान निर्माण एवम् विस्तारको उद्देश्य मुखरित भएको पाएको छु । "प्राची" मा अभिव्यक्त र संग्रहित विश्लेषण र पहिचान गरिएका समाधानका उपाय निकै गहन र यथार्थपरक छन् । विगतका विश्लेषणहरू अहिलेको अवस्थासम्म सान्दर्भिक छन् । इन्सेकमा आबद्ध भएको केही समयपछि २०५३–५४ देखि बेलाबखत लेखरचनाहरु मार्फत् म "प्राची" मा जोडिएको हुँ । त्यसक्रममा २०५८ देखि २०६१ को अवधिमा सम्पादकको भूमिका निर्वाह गर्ने जिम्मेवारी पनि प्राप्त गरेँ, जतिबेला नेपालमा हिंसात्मक द्वन्द्व र प्रजातन्त्रमाथि अधिनायकवादी शासनको आक्रमण उत्कर्षमा थियो । त्यसक्रममा "प्राची"को महत्व र योगदानको बारेमा अझ बढी नजिकबाट सिक्ने अवसर प्राप्त गरेँ।

बदलिँदो परिस्थितिसँगै मानव अधिकारका क्षेत्रमा थपिएका विषयवस्तुगत एवम् परिस्थितिजन्य जटिलताहरूको सामना गर्दै मानव अधिकार अभियानलाई प्रभावकारी बनाउनु चुनौतीपूर्ण छ । प्राचीले आलोचनात्मक चेतसहितको रचनात्मक पहलकदमीका लागि तथ्यमा आधारित प्रोत्साहन दिन सकोस्। हार्दिक शुभकामना।

आधारहरू तयार गर्नमा पनि नागरिक समाजको अहम् भूमिका रहेको छ। साथै, शान्ति सम्झौतामा संलग्न द्वन्द्व निवारणसँग सम्बन्धित सवालहरूको सम्बोधन गर्नका लागि र भविष्यमा पुनः द्वन्द्व सृजना हुन नसक्ने वातावरण बनाउनमा पनि नागरिक समाजको राजनीतिक तहमा हुने गरेका निरन्तर संवादले सहयोग पुऱ्याएको मान्न सकिन्छ। शान्ति सम्झौताको सफल कार्यान्वयन र शान्ति प्रक्रियाको सहज अवतरणका लागि सर्वप्रथम राजनीतिक नेतृत्वले दीर्घकालिन सोच प्रदर्शन गर्न सक्नुपर्दछ। साथै, शान्ति प्रक्रियाको सहज अवतरणका लागि राजनीतिक इच्छाशक्ति र स्पष्टता आवश्यक हुन्छ। तर यस्तो इच्छाशक्ति सृजना गर्न र शान्ति सम्झौता तथा सहमतिमा उल्लेखित प्रावधानहरूको कार्यान्वयनको वातावरण तयार गर्न नागरिक समाजले अग्रणी भूमिका खेल्न सक्दछ।

शान्ति सम्झौताको कार्यान्वयन र सहज अवतरण हुनसकेमा दिगो एवम् न्यायपूर्ण शान्ति स्थापनाका अलावा सङ्घीय संविधानको कार्यान्वयन, लोकतान्त्रिक शासन पद्धतिको संस्थागत विकास, राष्ट्रिय मेलमिलापको वातावरण निर्माण, भौतिक पूर्वाधारहरूको पुर्ननिर्माण तथा विकास, आर्थिक समुन्नति तथा रोजगारीको अवसरको सृजना गर्न, सुशासनका आधारहरू तयार गर्न, द्वन्द्वपीडितका लागि न्यायको सुनिश्चितता (सत्य जान्न पाउने, न्यायमा पहुँच, परिपूरणको व्यवस्था र हिंसाको पुनरावृत्ति नहुने) हुने वातावरण निर्माण गर्न, सङ्क्रमणकालीन न्यायिक संयन्त्रको स्थापनाका अलावा संस्थागत सुधारका पहलहरू प्रारम्भ गर्न सहज हुनेछ। मुलुकको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन द्वन्द्व पीडितहरूको न्याय सुनिश्चित हुनुपर्दछ र सङ्क्रमणकालीन न्यायिक प्रक्रियालाई प्रभावकारी रूपमा सञ्चालन गरिनुपर्दछ। यसका लागि नागरिक समाजको निरन्तर सक्रियता र सहभागिता जरुरी हुन्छ।

शान्ति प्रक्रियाको अनुगमन नीतिगत, सैद्धान्तिक र व्यावहारिक रूपमा स्वतन्त्र निकायबाट गरिनु पर्दछ। प्रारम्भदेखि दलीय नेतृत्वमा केन्द्रित र अपारदर्शी ढङ्गबाट सञ्चालित नेपालको शान्ति प्रक्रियामा आरोह-अवरोहको महसुस गरिएको हो। फलस्वरुप सङ्क्रमणकालिन न्यायसँग सम्बन्धित संयन्त्रहरू प्रभावकारी हुन नसकेको अवस्था छ। मतभेद निरूपण तथा कार्यान्वयन संयन्त्र अर्न्तगत शान्ति अभियानलाई सफल बनाउन आवश्यक संयन्त्रहरूको निर्माण गर्नसक्ने र स्थिति सामान्यीकरणका उपायहरू अर्न्तगत समाजमा शान्ति कायम गराउन तथा द्वन्द्व पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्यमा नागरिक समाजलाई सक्रिय बनाउनुपर्ने हुन्छ। साथमा समस्त शान्ति प्रक्रियाको अनुगमन तथा शान्ति सम्झौताको कार्यान्वयनमा नागरिक समाजले हस्तक्षेपकारी भूमिका समेत निर्वाह गर्नुपर्ने हुन्छ।

शान्ति प्रक्रियामा नागरिक समाजले प्रत्यक्ष रूपमा पुऱ्याउन सक्ने योगदानहरू पनि द्वन्द्वको प्रकृति र अवस्था अनुसार फरक-फरक हुने गर्दछन्। मूलतः औपचारिक वार्तामा नागरिक समाजको भूमिका न्यून हुने गर्दछ। तथापि विश्वका कतिपय द्वन्द्वहरूमा नागरिक समाजको भूमिकालाई उच्च सम्मान दिइएको पाइन्छ। सामान्यतया शान्ति वार्ताका क्रममा द्वन्द्वरत पक्षहरू स्वयम् निष्कर्षमा पुग्न चाहन्छन् र सकारात्मक परिणामको गुण पनि अन्य पक्षसँग बाँड्न चाहँदैनन्। अधिकाँश अन्तर्राष्ट्रिय समुदायको मध्यस्थतामा भएका वार्ताहरूमा नागरिक समाजको उपस्थिति सामान्य मानिन्छ। किनकी मध्यस्थकर्ताको भूमिका शान्ति सम्झौतामा हस्ताक्षरको अवधिसम्ममा मात्र नभई कार्यान्वयनका समयमा पनि महत्वपूर्ण हुने भएकाले उनीहरूको सहभागितालाई शान्ति वार्तामा औपचारिक मान्यता दिइएको हुन्छ। उदाहरणका लागि कोलम्बिया, उत्तरी आयरल्याण्ड लगायतका शान्ति वार्ताहरूमा नागरिक समाजको उल्लेखनीय भूमिका रहेको पाइन्छ।

नेपालको द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्ने र शान्ति सम्झौता तथा सहमतिको कार्यान्वयनमा आंशिक सक्रिय भूमिका भए पनि प्रत्यक्ष भूमिका भने न्यून रहेको थियो। उदाहरणका लागि युद्धविराम आचार संहिताको अनुगमन संयन्त्र नागरिक समाजका व्यक्तिको नेतृत्व र सहभागितामा गठन गरिए पनि शान्ति सम्झौताको कार्यान्वयनका संयन्त्रहरूमा राजनीतिक दलहरूको मात्र प्रतिनिधित्व हुन पुगेको थियो। माओवादी लडाकुहरूको व्यवस्थापन जस्ता सवालमा नागरिक समाजका प्रतिनिधित्व नभएका कारण पटक-पटक विवादहरू सृजना भएका थिए। तथापि नेपालको हिंसात्मक द्वन्द्वको अन्त्य र देशमा शान्ति स्थापनाका सवालमा नागरिक समाजले महत्वपूर्ण योगदान पुऱ्याएको यथार्थ स्विकार्नै पर्दछ। साथमा नेपालको हिंसात्मक द्वन्द्वको अन्त्य र शान्तिको स्थापनामा नागरिक समाजको भूमिका र योगदान स्वर्ण अक्षरमा लेख्नुपर्ने हुन्छ।

निष्कर्ष

मुलुकमा द्वन्द्वको अन्त्य र दिगो एवम् न्यायपूर्ण शान्तिको स्थापनाका लागि नागरिक समाज एउटा अभिन्न आयामको रूपमा स्वीकार गरिएको छ। नागरिक समाजसँग द्वन्द्वरत पक्षहरूले तुलनात्मक रूपमा सुरक्षित तवरले सम्पर्क तथा समन्वय गर्नसक्ने र उनीहरूका बिचमा सूचनाहरू आदान-प्रदान गर्न पनि सहज हुन सक्ने भएकाले धेरैजसो द्वन्द्व प्रभावित मुलुकहरूले नागरिक समाज एवम् यस क्षेत्रमा सक्रिय व्यक्तिहरूलाई द्वन्द्व रूपान्तरण जस्तो महत्वपूर्ण कार्यमा चलायमान बनाएको पाइन्छ। नागरिक समाजले विश्वसनीय आधारहरूसहित वार्ताको वातावरण तयार गर्ने, सहमति तथा सम्झौताहरूमा हस्ताक्षरका लागि समर्थन जुटाउने र हस्ताक्षर गर्नुका अलावा यस्ता सहमति तथा सम्झौताहरूको कार्यान्वयनको अनुगमनमा नेतृत्वदायी भूमिका खेल्न सक्ने अपरिहार्य पक्षलाई आत्मसात् गर्नुपर्ने हुन्छ। प्रभावकारी र सशक्त नागरिक समाजको विश्वसनीयता तथा वैधताले कुनै पनि हिंसाग्रस्त समाज तथा मुलुकलाई तुलनात्मक रूपमा सुरक्षित रूपमा शान्तितर्फ रूपान्तरण गर्न सकेको यथार्थतालाई पनि स्वीकार गर्नुपर्ने हुन्छ। नागरिक समाज मुलुकको अभिन्न अङ्ग भएकाले मुलुकमा देखा पर्नसक्ने कुनै पनि द्वन्द्व वा समस्याको समाधानका क्षेत्रमा यसलाई राज्यले परिचालन गर्नुपर्दछ भने नागरिक समाजका कार्यलाई मूल प्रवाहमा ल्याई अपनत्व पनि लिनुपर्दछ। यस्ता कारणहरूले समाजमा द्वन्द्व तथा अशान्तिको अवस्थालाई अन्त्य गर्दै शान्तिपूर्ण, मेलमिलापपूर्ण, न्यायपूर्ण र समुन्नत समाज निर्माणमा नागरिक समाज प्रभावकारी हुने तथ्य स्थापित भएको छ।

विश्लेषण

यज्ञप्रसाद अधिकारी*

मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनको अवस्था र चुनौती

१. पृष्ठभूमि

मानव अधिकार हरेक व्यक्तिले उपभोग गर्न पाउने मर्यादा, समानता, स्वतन्त्रता, न्याय, शान्ति र अभेद्य अधिकारको मान्यता हो। त्यसैले यसलाई व्यक्ति वा निकायले दिने दान दातव्य जस्तो प्राप्त गर्ने वा खोस्ने विषयको रूपमा बुझ्नु हुँदैन। संरक्षण, संवर्द्धन र प्रभावकारी कार्यान्वयनका लागि राज्यले संवैधानिक कानुनी, नीतिगत व्यवस्था गर्नु पर्दछ। मानव अधिकार, मौलिक अधिकार र स्वतन्त्रताको संरक्षणका लागि न्यायपालिकालाई स्वतन्त्र र निष्पक्ष अङ्गका रूपमा स्वीकार गरिएको छ।

अदालतबाट सम्पादन हुने न्याय प्रणाली प्रक्रियामुखी हुने, अन्य मुद्धामामिला सरह प्रमाणको मूल्याङ्कन, प्रमाणको भार, स्वच्छ पुर्पक्षको अधिकार अन्तर्गत पुनरावेदन तहबाट निर्णय हुँदा लामो समय लाग्ने कारण छिटो छरितो रूपमा स्वविवेकीय अधिकार अन्तर्गत आफै अनुसन्धान गर्न सक्ने र मानिसका अधिकार हनन भएमा तत्काल र छिटो छरितो रूपमा निर्णय सिफारिस भएमा मानव अधिकार संरक्षण हुने, विषयगत र आवधिक अनुगमन गरी त्यसको आधारमा सिफारिस हुँदा पीडितले छिटो छरितो न्याय प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले मानव अधिकार संस्था (National Human Rights Institutions NHRIs) को गठन गर्ने प्रचलन सुरु भएको पाइन्छ।

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था (NHRIs) गठन गर्ने सम्बन्धी पेरिस सिद्धान्त १९९६ को आधारमा स्थापित मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था तटस्था, निष्पक्ष, विश्वसनीय, स्वतन्त्र, जवाफदेही, पारदर्शी र स्वायत्त हुनुपर्ने देखिन्छ। त्यस्ता संस्थाहरूको कार्यादेश र सक्षमता, कार्यपालिका, न्यायपालिका, विधायिका जस्ता राज्यका अङ्गबाट स्वतन्त्र र स्वायत्त संस्थाका रूपमा हुन्छन्। राज्यबाट पर्याप्त स्रोत, अनुसन्धानसम्बन्धी क्षेत्राधिकार निर्धारण गरेको छ भने मानव अधिकारको उल्लङ्घन भएको अवस्थामा उजुरी ग्रहण गरी अनुसन्धान व्यवस्थापन, सिफारिस गर्ने, मध्यस्थता गर्ने, आकस्मिक तथा विषयगत रूपमा अनुगमन गरी मानव अधिकार अवस्थासम्बन्धी प्रतिवेदन प्रकाशन गर्ने सिफारिस गर्ने जस्ता महत्वपूर्ण अधिकार तोकेको पाइन्छ। पेरिस सिद्धान्तको कसीमा हेर्दा राज्यले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि, संविधान र राष्ट्रिय कानूनद्वारा प्रदत्त अधिकारलाई नेपालले मानव अधिकारको परिभाषा भित्र समेटेको पाइन्छ।

राष्ट्रिय मानव अधिकार संस्थाहरूलाई उजुरी ग्रहण गर्ने अनुसन्धान गर्ने, आफ्नै स्वविवेकीय अधिकार (Suo-moto) अन्तर्गत उजुरी लिने, साक्षी प्रमाण बुझ्ने, हिरासत तथा कारागारको भौतिक अवस्था र सुविधाको अनुगमन गर्ने, मध्यस्थता तथा मेलमिलाप पद्धतिद्वारा विवादको समाधान गर्ने, मानव अधिकार शिक्षा र तालिम कार्यक्रम गर्ने, सिफारिस गर्ने, सरकार र संसदलाई ऐन, नियम, नीति र कार्यक्रम तर्जुमा गर्न सिफारिस गर्ने, पीडितलाई क्षतिपूर्ति राहतको लागि सिफारिस गर्ने जस्ता अधिकार रहेको पाइन्छ।

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको स्तर निर्धारण गर्दा पेरिस सिद्धान्तको पालना भए नभएको कुराको मूल्याङ्कन, समीक्षा तथा विश्लेषणका आधारमा राष्ट्रिय संस्थालाई राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सङ्गठन (Global Alliance of Human Rights Institutions GANHRI) ले क, ख, ग, श्रेणीमा वर्गीकरण गर्दछ। पेरिस सिद्धान्त अनुकूल भएको आधारमा नेपालको राष्ट्रिय मानव अधिकार आयोग स्थापनाकालदेखि नै 'क' वर्गमा रहेको छ। मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था पेरिस सिद्धान्तका आधारमा गठन गरिनु पर्दछ र यस्ता संस्था सो सिद्धान्तले अङ्गिकार गरेका सिद्धान्त र मापदण्ड अनुकूल हुनु पर्दछ। यस्ता संस्थाको स्विकार्यता, विश्वासनीयता र वैधानिकतालाई यही पेरिस सिद्धान्तको कसीमा जाँचिन्छ।[१]

२. मानव अधिकार आयोगको अनुसन्धान कार्यादेश र पद्धति

मानव अधिकारको संरक्षण, संवर्द्धन र व्यवहारिक परिपालनाको लागि स्वतन्त्र र स्वायत्त संस्थाको रूपमा मानव अधिकार आयोग ऐन २०५३ बमोजिम नेपालमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको हो। नागरिक समाजको निरन्तर दबाब, सर्वोच्च अदालतको परमादेश[२] को आधारमा २०५७ जेठ १३ गते आयोगको गठन भएको हो। अन्तरिम संविधान २०६३ ले संवैधानिक अङ्गको रूपमा स्थापित गरेको थियो भने वर्तमान संविधानले मानव अधिकार सम्बन्धी विषयगत आयोग सरह मानव अधिकार आयोगलाई संवैधानिक अङ्गको रूपमा राखेको पाइन्छ।[३] मानव अधिकार आयोगलाई संसद, कार्यपालिका आदिबाट स्वतन्त्र र

---

* सहसचिव, राष्ट्रिय मानव अधिकार आयोग

१. महेश शर्मा पौडेल, राष्ट्रिय मानव अधिकारको अनुसन्धान सम्बन्धी अधिकार संवाहक, अङ्क १३, वर्ष ५, पृ. ९६, राष्ट्रिय मानव अधिकार आयोग।

२. भोजराज ऐरविरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय नेकाप २०५५ पृ.

३. नेपाल संविधान (२०७२) भाग २५ धारा २४८

स्वायत्त रूपमा राख्ने उद्देश्य लिएको छ।[४]

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भन्ने संवैधानिक व्यवस्था छ।[५] सोही कर्तव्य र जवाफदेहिताको पालना गर्दै नागरिकको मानव अधिकारको अवस्था सुदृढीकरण गर्दै मानव अधिकारको प्रत्याभूतिका लागि आयोगले स्थापनाकालदेखि नै रणनीतिक योजना कार्यान्वयन गरेको छ। नेपालमा २०५२ सम्ममा नेकपा माओवादीले सुरु गरेको सशस्त्र द्वन्द्व चरमोत्कर्षमा पुगेको बेला गठन भएको आयोगले नागरिकका अधिकार संरक्षणका लागि सशस्त्र द्वन्द्वको बेला व्यापक रूपमा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको थियो।[६] यसका अतिरिक्त निर्वाचनमा मानव अधिकार, भूकम्प र मानव अधिकार २०७२, भूकम्प प्रभावितको अनुगमन प्रतिवेदन २०७४, कारागार अनुगमन प्रतिवेदन २०७४, छाउपडी प्रथाले महिलाको जीवनमा पारेको प्रभाव अध्ययन प्रतिवेदन २०७५, किसानको अधिकार अध्ययन प्रतिवेदन २०७५, वातावरण प्रदुषण र मानव अधिकार अध्ययन प्रतिवेदन २०७६, नेपालमा बालबालिकाको अवस्था २०७६ लगायत विषयगत प्रतिवेदन प्रकाशन गरी सरकारलाई सिफारिस गर्दै आएको छ। आयोगले स्थापनाकालदेखि नै विज्ञ सम्मिलित टोलीबाट मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरुमा अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गर्दै आएको छ।[७] यसरी अनुगमन पश्चात नीतिगत रुपमा मानव अधिकार अवस्था सुधारका लागि सिफारिस गर्ने र उजुरी अनुसन्धान पुरा गरी दोषीलाई कारबाही र पीडितलाई राहत क्षतिपूर्तिका लागि सिफारिस गर्न संविधान र ऐन प्रदत्त अधिकार प्रयोग गरी निरन्तर सिफारिस गर्दै आएको पाइन्छ।[८] त्यसका लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ का अतिरिक्त आयोगले उजुरी छानविन, अनुसन्धान र सिफारिसका लागि आवश्यक नियमावली, निर्देशिका समेत जारी गरेको छ।[९]

३. आयोगको सिफारिस, निर्णय वा आदेशको कार्यान्वयनसम्बन्धी कानुनी व्यवस्था

तथ्य प्रमाण र प्रतिवेदनमा मानव अधिकार आयोगले गरेका सिफारिस निर्णय वा आदेशको कार्यान्वयनका लागि सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकाय समक्ष लेखी पठाउनु पर्ने,[१०] आयोगबाट सिफारिस कार्यान्वयनका लागि लेखी आएमा सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले सामान्यता ३ (तीन) महिना भित्र त्यस्तो निर्णय वा आदेश कार्यान्वयन गरी आयोगलाई जानकारी गराउनु पर्ने[११] व्यवस्था रहेको छ। आयोगबाट प्राप्त सिफारिस निर्णय वा आदेश कार्यान्वयन गर्न अफ्ठ्यारो भएमा सो को कारण खुलाई आयोगबाट सिफारिस, निर्णय वा आदेश प्राप्त भएको मितिले दुई महिनाभित्र सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले सो सम्बन्धी जानकारी आयोग समक्ष पठाउनु पर्ने[१२] व्यवस्था छ। यसरी जानकारी प्राप्त हुन आएमा आयोगले सो सम्बन्धमा विचार गरी पुनः निर्णय गर्नुपर्ने छ। यसरी निर्णय गर्दा आयोगले यथावत रूपमा वा संशोधन सहित कार्यान्वयनको लागि लेखी आएमा सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले सो निर्णय बमोजिम यथाशिघ्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनु पर्नेछ[१३]। आयोगले मानव अधिकार उल्लङ्घनमा दोषी ठहर गरेको व्यक्तिलाई कारबाहीका अतिरिक्त पीडित व्यक्तिलाई क्षतिपूर्ति उपलब्ध गराउन गरेको सिफारिस अनुसार तीन महिनाभित्रै क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने व्यवस्था छ।[१४] आयोगले गरेको निर्णयमा कुनै खास पदाधिकारीले बदनियतका साथ वा कसैप्रति आग्रह वा पूर्वाग्रह राखी कुनै काम गर्दा मानव अधिकारको उल्लङ्घन भएको ठहर भई त्यस्तो पदाधिकारीबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने उल्लेख भएकोमा सो क्षतिपूर्ति त्यस्तो पदाधिकारी तत्काल बहाल रहेको निकायले उपलब्ध गराउनु पर्ने[१५] सम्बन्धित निकायले सम्बन्धित पदाधिकारीले पाउने मासिक पारिश्रमिक वा अन्य कुनै रकमबाट कट्टा गर्नु पर्ने, त्यस्तो पदाधिकारी सेवाबाट अवकास प्राप्त गरेको रहेछ भने सम्बन्धित निकायले पीडितलाई रकम उपलब्ध गराई सो रकम त्यस्तो व्यक्तिबाट प्रचलित कानून बमोजिम असुल उपर गर्नु पर्ने[१६] कानुनी व्यवस्था रहेको पाइन्छ।

४. ऐ.ऐ. धारा २९३
५. नेपाल संविधान (२०७२)को धारा २४९(१)
६. सङ्कटकाल र मानव अधिकार सम्बन्धीप्रतिवेदन २०६०, राष्ट्रिय मानव अधिकार आयोग।
७. रामेछाप दोरम्बा घटना, अनुसन्धान समितिको स्थलगत निरीक्षण प्रतिवेदन, २०६०, पाँचथर नागी घटनाको प्रतिवेदन २०६०, सिराहा जिल्ला धनगढी गा.वि.स. २ जिरो माइल घटना प्रतिवेदन, २०६०, कालीकोट जिल्लाको दाह गा.वि.स. ८ पीलि कोप इलाकामा शाही नेपाली सेनामा आधारमा शिविर माथि २०६२ श्रावण २३ गते नेकपा(माओवादी) द्वारा भएको आक्रमणको सम्बन्धमा अनुसन्धान टोलीको स्थलगत अनुसन्धान प्रतिवेदन, २०६२।
८. नेपाल संविधान (२०७२) को धारा २४९ को उपधारा २(क)
९. राष्ट्रिय मानव अधिकार आयोग उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९, राष्ट्रिय मानव अधिकार आयोग उजुरी तथा कारबाही सम्बन्धी निर्देशिका, २०६९, मानव अधिकार अनुगमन नियमावली, २०६१।
१०. राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ उपदफा (१)
११. राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ उपदफा (२)
१२. ऐ.ऐ दफा १७ उपदफा (३)
१३. ऐ.ऐ दफा १७ उपदफा (५)
१४. ऐ.ऐ दफा १७ उपदफा (६)
१५. ऐ.ऐ दफा १७ उपदफा (७)
१६. ऐ.ऐ दफा १७ उपदफा (८)

४. उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्ने सम्बन्धी व्यवस्था

मानव अधिकारको उल्लङ्घन सम्बन्धमा गरेको सिफारिस आदेश वा निर्देशनको जानी जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम आयोगले मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्नेछ[१७]। त्यसरी नाम सार्वजनिक गर्नु अघि आयोगबाट भएको सिफारिस कार्यान्वयन नगरेको कुरा उल्लेख गरी त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायलाई सफाई पेश गर्न १५ दिनको म्याद दिइ लेखी पठाउनु पर्ने, म्याद भित्रै सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले सफाइ पेश नगरेमा वा पेश गरेको सफाइ मनासिव नदेखिएमा त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायको नाम आयोगले सार्वजनिक गर्ने छ[१८]। आयोगले नाम सार्वजनिक गरेपछि त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायको नाम अभिलेख गरी राख्नुपर्ने र त्यसरी नाम सार्वजनिक गरिएको व्यक्तिलाई कुनै पदमा नियुक्ति, बढुवा र वृत्ति विकासका लागि सिफारिस गर्दा सम्बन्धित निकायले त्यसरी राखिएको अभिलेखलाई समेत आधार लिन सक्ने[१९] कानुनी व्यवस्था रहेको छ।

५. आयोगका सिफारिसको अवस्था :

पेरिस सिद्धान्तको आधारमा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको अनुसन्धान र सिफारिसलाई प्रमुख कार्यादेशको रूपमा लिएको छ। नेपालको राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाकाल देखिनै सशस्त्र द्वन्दसँग सम्बन्धित रामेछापको दोरम्बा घटना, पाँचथर नागी घटना, चितवनको बाँदरमुढे घटना, कालीकोटको कोटवाडा र पिलीघटना, भैरवनाथ गणबाट बेपत्ता पारिएको घटनालगायत मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनसँग सम्बन्धित सयौँ प्रतिनिधिमूलक घटनाको अनुसन्धान गरी संविधान र ऐन प्रदत्त जिम्मेवारी पूरा गर्दै आएको देखिन्छ। तर, आयोग स्थापनादेखि नै सिफारिस कार्यान्वयन पक्ष फितलो रहेकोले सम्बन्धित सरोकारवाला राज्यका पदाधिकारी, पीडित, नागरिक समाजसँग छलफल, अन्तरक्रिया गरी सिफारिस कार्यान्वयनका लागि निरन्तर रूपमा सक्रियता देखाएको देखिन्छ। जसरी उपचार विनाको हकलाई अधिकारको रूपमा मानिँदैन। (Rights without remedy is no rights) भने झैँ कार्यान्वयन विनाको सिफारिसको पनि कुनै महत्व रहँदैन।

विषयगत आधारमा हेर्दा २० वर्षको अवधिमा कूल १ हजार १ सय ९५ सिफारिस भएकोमा सबैभन्दा बढी जीवनको अधिकार (Right to life) सँग सम्बन्धित रहेको छ। जीवनको अधिकारअन्तर्गत हत्यासम्बन्धी विषयमा ६ सय ६०, यातना ८७, बेपत्ता १ सय २१, अपहरण २६, आन्तरिक विस्थापित ४४, सम्पत्तिको अधिकार ४७, कुटपिट घाइते ८०, स्वेच्छाचारी पक्राउ १३, न्याय प्रशासन २५, महिला अधिकार २०, बाल अधिकार १४, जातीय विभेद ७ आदि विषयमा सिफारिस भएको देखिन्छ। यसरी हेर्दा सबैभन्दा बढी हत्यासँग सम्बन्धित ६ सय ६० वटा सिफारिस देखिन्छ भने सबैभन्दा कम शरणार्थीको अधिकार, सूचनाको अधिकार र स्वच्छ वातावरणको अधिकारअन्तर्गत दुई/दुई वटा सिफारिस रहेका छन्।

उपरोक्त तालिकामा हेर्दा नेपालको १० वर्षे सशस्त्र द्वन्द्वसँग सम्बन्धित गैरन्यायिक हत्या, अपहरण, यातना, बेपत्ता, आन्तरिक विस्थापन, द्वन्द्वको कारण आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा पारेको प्रभावसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घनसँग सम्बन्धित रहेको छ। कुल सिफारिसको प्रतिशतमा हेर्दा ७८.६ प्रतिशत उजुरी द्वन्द्वसँग सम्बन्धित देखिन्छन् भने द्वन्द्वसँग असम्बन्धित मानव अधिकारको उल्लङ्घनका घटनाको अनुसन्धान पश्चात गरेको सिफारिस २१.४ प्रतिशत रहेको देखिन्छ। यस तथ्यलाई विश्लेषण गर्दा आयोगमा अधिकाँश उजुरी शसस्त्र द्वन्द्वसँग सम्बन्धित देखिन्छ। त्यस्तै आयोगमा दर्ता भएको उजुरीको तथ्याङ्क हेर्दा आयोगको स्थापनाको वर्ष आ.व. ०५७।५८ मा ३ सय ८५ वटा उजुरी परेको देखिन्छ। आ.व. २०६१।६२ मा १ हजार ८३ रहेको उजुरी आ.व. २०६१।६२ मा १ हजार ७ सय ८२, आ.व. २०६२।६३ मा २ हजार ३ सय ३१ र आ.व. २०६३।६४ मा १ हजार ९ सय ४८ रहेको पाइन्छ। त्यस पछिका आर्थिक वर्षहरुमा उजुरी दर्ता न्यून रहेको देखिन्छ। आ.व. २०७४।७५ मा सबैभन्दा कम उजुरी १ सय ५२ रहेको देखिन्छ। आयोगमा दर्ता हुने उजुरीको सङ्ख्या घट्दै जानुका कारणलाई विश्लेषण गर्ने हो भने सशस्त्र द्वन्दमा नागरिक अधिकार उल्लङ्घनका घटना बढी भएको र शान्ती प्रकृयापछि सशस्त्र द्वन्द्वको तुलनामा कमी आएको हुनसक्ने देखिन्छ भने आयोगका सिफारिस नै कार्यान्वयन नभएपछि किन उजुरी गर्न जाने भन्ने अवस्थामा पनि रहेको देखिन्छ।

मानव अधिकारका उल्लङ्घनकर्ताको अवस्था हेर्दा आयोगले अनुसन्धानपछि उल्लङ्घनको विषय उल्लङ्घनकर्ता व्यक्ति वा निकायको पहिचान गर्ने र दोषी देखिएमा कारबाहीका लागि सिफारिस गर्ने गरेको देखिन्छ। आयोगले आफ्नो स्थापनाकालदेखि हालसम्म गरेका सिफारिसहरूमा ११ वटा निकायलाई नामै किटान गरी कारबाहीको लागि सिफारिस गरेको छ। निकाय वा व्यक्ति स्पष्ट खुल्न नसकेको अवस्थामा अज्ञात भनी उल्लेख गरेको छ। मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा किटान गरिएका निकायहरूमा सुरक्षाकर्मी, सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, सरकारी निकाय रहेका छन्। मानव अधिकार उल्लङ्घनकर्तामा सबैभन्दा बढी ३ सय ६० वटा सिफारिसमा सुरक्षाकर्मीलाई उल्लङ्घनकर्ताको रूपमा अभिलेख गरिएको देखिन्छ। तत्कालीन शाही नेपाली सेना २ सय ८, नेपाल प्रहरी १ सय ३१, सशस्त्र प्रहरी बल २२, तत्कालिन नेकपा माओवादी २ सय २८, अन्य सरकारी निकाय ५३, समुदाय २९, कारागार ७, विद्यालय/शिक्षक १६, प्रतिकार समूह २३ र अज्ञात समूहको रूपमा २३ वटा सिफारिस राष्ट्रिय मानव अधिकार आयोगले गरेको छ।[२०]

१७. ऐ.ऐ दफा ७ उपदफा (१)

१८. राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ७ उपदफा (३)

१९. ऐ.ऐ दफा ७ उपदफा (६)

२०. आयोगको २० वर्ष, आयोगका सिफारिस र कार्यान्वयन अवस्था प्रतिवेदन २०७७ पृ. १२, राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, ललितपुर।

आयोगले उजुरी अनुसन्धान पश्चात नीतिगत सिफारिस समेत गर्दै आएको छ। दोषीलाई कारबाही, पीडितलाई राहत, क्षतिपूर्ति, परिपुरणको अतिरिक्त आगामी दिनमा मानव अधिकार संरक्षण, सम्वर्धनका लागि सम्बन्धित निकायले सुधार गर्नुपर्ने नीतिगत विषयलाई समेत ध्यान दिएकोछ। सिफारिस भएका कुल १ हजार १ सय ९५ सिफारिस मध्ये १ सय १५ वटा उजुरीमा नीतिगत सिफारिस[३१] मध्ये कारागार र हिरासतको भौतिक अवस्थामा सुधार, अपाङ्गता भएका व्यक्तिको अधिकार, बाल अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, उपभोक्ताको अधिकार, सुरक्षा निकाय र सरकारी निकायको क्षमता अभिवृद्धि संस्थागत सुधार, नया ऐन नियमको तर्जुमा र संरचनागत सुधार वा विषय समावेश भएको छ।

६. राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनको बाध्यत्मकता

राष्ट्रिय मानव अधिकार आयोगबाट भएका निर्णयको सिफारिस कार्यान्वयन हुनु भनेको मानव अधिकारको संरक्षण हुनु हो। दण्डहीनताको अन्त्य र विधिको शासनको प्रत्यभूतिको लागि दोषीउपर कारबाहीको लागि भएका सिफारिसको कार्यान्वयन हुनु पर्ने कानुनी बाध्यकारी[३२] व्यवस्था हो। मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न[३३] आयोग गठन भएकोले यसका सिफारिस वा आदेश कार्यान्वयनका लागि लेखी आएमा सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले तीन महिनाभित्र त्यस्तो सिफारिस, निर्णय वा आदेश कार्यान्वयन गरी आयोगलाई जानकारी गराउनु पर्ने[३४] बाध्यकारी कानुनी व्यवस्था गरिएको छ। त्यस्तै आयोगको सिफारिस बमोजिम पीडित व्यक्तिलाई उपदफ (२) को म्यादभित्र क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने छ भन्ने व्यवस्थाले आरोपितलाई कारबाही र पीडितलाई क्षतिपूर्ति जस्ता प्रावधानहरू बाध्यकारी बनेका छन्।

संविधान र कानुनमा रहेको व्यवस्थालाई थप प्रष्ट पार्दै सम्मानित सर्वोच्च अदालतले आयोगका सिफारिस, निर्णय र आदेशलाई सरकारले जस्ताको तस्तै कार्यान्वयन गर्न[३५] भन्ने नजिर स्थापित गरेको छ। मानव अधिकार आयोगका सिफारिसलाई कार्यान्वयन गर्ने वा नगर्ने स्वविवेक त्यस्तो सिफारिस प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहँदैन। त्यस्तो स्वविवेक प्रदान गर्ने खालको कानुनी व्यवस्थाहरू सविधानको प्रावधान र त्यसको मनसाय अनुकूल हुन्छन् भनी अर्थ गर्न नमिल्ने[३६] भनी सर्वोच्च अदालतबाट संविधान र कानुनको व्याख्या गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारले प्रतिवद्धता व्यक्त गरेको छ। मानव अधिकारको विषय देश भित्र मात्र सीमित रहने आलङ्कारिक व्यवस्था होइन। कानुनी राज्यमा राज्यद्वारा गठित स्वतन्त्र र स्वयत्त संस्थाबाट भएका सुझाव सिफारिसको इमान्दारीसाथ कार्यान्वयन भएमा नै सरकारले गरेका प्रतिवद्धता पूरा भएको ठहर्छ। नेपालको अन्तर्राष्ट्रिय छवि उचो राख्न पनि आयोगका सिफारिसको कार्यान्वयनमा आलटाल गरिनु सर्वथा उचित देखिँदैन। त्यसैले आयोगले आफूले गरेका सिफारिस कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्ने कानुनी व्यवस्था[३७] लाई अन्तिम अस्त्रको रूपमा प्रयोग गर्नुपरेको छ। यसबाट मानव अधिकार उल्लङ्घनकर्तालाई संरक्षण गर्ने प्रवृत्तिमा कमी आउन सक्ने अनुमान गरिएको छ।

संवैधानिक तथा कानुनी व्यवस्था र सम्मानित सर्वोच्च अदालतको आदेशहरूलाई हेर्दा आयोगका सिफारिसको कार्यान्वयन बाध्यकारी रहेको देखिन्छ। त्यसको कार्यान्वयनबाट नै पीडितले न्यायको अनूभुती गर्न सक्दछन् भने देशको मानव अधिकार अवस्थामा गुणत्मक सुधार देखिदै जाने छ।

७. सिफारिस कार्यान्वयनमा चुनौती

नेपालको संविधान अर्न्तगत रहेका संवैधानिक निकायहरू आफ्नो कार्यका लागि स्वतन्त्र र स्वायत्त रहेका छन्। मानव अधिकारको पहिलो संरक्षक राज्य हो। कार्यपालिका अन्य निकायको तुलानामा बढी शक्तिशाली रहेको आयोगको सिफारिसको अध्ययन र विश्लेषण गर्दा देख्न सकिन्छ। त्यसैले सरकार मातहतका निकाय पदाधिकारी वा व्यक्तिबाट नै मानव अधिकारको उल्लङ्घन र ज्यादती भएका घटनामा दोषीउपर कारबाही हुन नसकेको देखिन्छ। कानुनी शासनको कमजोर अवस्था, शक्तिशाली व्यक्ति र वर्गलाई कानुनी दायरामा ल्याउन नसक्नु र अपराधीको राजनीतिक संरक्षण र अपराधको राजनीतिकरण गरिनु[३८] चुनौतीको रूपमा रहेको छ। त्यसैगरी आयोगबाट भएका सिफारिसको प्रकृति हेर्दा ७८.६ प्रतिशत शसस्त्र द्वन्द्वसँग सम्बन्धित रहेका छन् भने २१.४ प्रतिशत द्वन्द्वसँग असम्बन्धित रहेका छन्। नेपालको १० वर्षे शसस्त्र द्वन्द्वसँग सम्बन्धित विषयमा सत्य तथ्य पत्ता लगाई दोषी उपर कारबाही गर्न पीडितलाई परिपूरण क्षतिपूर्तिको लागि सङ्क्रमणकालीन न्याय संयन्त्र गठन भई काम गर्दा आएका छन्। सङ्क्रमणकालीन संयन्त्रमा रहेका द्वन्द्वकालीन घटना र राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसको विषयसमेत दोहोरो रूपमा छुट्टाछुट्टै निकायमा रहेकोले

३१. ऐ.ऐ. पृ. १८
३२. नेपालको सविधान (२०७२) को धारा २४९ को उपधारा २ (क)
३३. राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को प्रस्तावना
३४. ऐ.ऐ. दफा १७ को उप दफा (१)
३५. सम्वत २०६२ सालको रिट नं ३०८१ सर्वोच्च अदालतबाट भएको आदेश २०६४।९।२४
३६. सम्वत २०६६ सालको रिट नं ०६८–WS–००६३ सर्वोच्च अदालतको मिति २०६९।११।२३ को आदेश
३७. राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ७ को उप दफा (१)
३८. आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन पृ.६६, राष्ट्रिय मानव अधिकार आयोग हरिहरभवन ललितपुर।

सिफारिस कार्यान्वयन गर्न केही जटिलता उत्पन्न हुन सक्ने देखिन्छ।

त्यसका अतिरिक्त संविधानमा फौजदारी मुद्दाको अनुसन्धान गरी मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था छ। सरकारवादी मुद्दाको अनुसूचीमा मानव अधिकार आयोगमा सिफारिस नपरेको अवस्थामा मानव अधिकार आयोग र महान्यायाधिवक्ताको कार्यालयबिच मुद्दा चलाउने सम्बन्धमा स्पष्ट कानुनी सम्बन्ध (Jural Relationship) रहेको पनि देखिँदैन। उपरोक्त कानुनी जटिलतालाई समेत सिफारिस कार्यान्वयन हुन नसक्नु अर्को चुनौतीको रूपमा रहेको छ।

तथापि राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो स्थापनाकालदेखि २० वर्षको अवधिमा सिफारिस कार्यान्वयनलाई प्राथमिकतामा राखेको छ। ऐन प्रदत्त अधिकार प्रयोग गरी आयोगबाट सम्बन्धित निकायलाई सिफारिस पठाउने, ताकेता गर्ने, सिफारिस कार्यान्वयन गर्ने दायित्व भएका निकायमा पदाधिकारीसँग छलफल, अन्तरक्रिया, बैठक, परामर्श गर्दै आएको छ। २०६५ सालदेखि हालसम्म आयोगका सिफारिस कार्यान्वयनको अवस्थासम्बन्धी ४ (चार) वटा प्रकाशन सार्वजनिक भइसकेका छन्[१९]। सिफारिस कार्यान्वयनको निम्ति आयोगले पटक-पटक सरोकारवालासँग छलफल गर्दा पनि स्थितिमा तात्विक परिवर्तन आएको छैन। साविक मानव अधिकार आयोग ऐन २०५३ को दफा १३ र मौजुदा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ को उपदफा (२) मा आयोगले पठाएको सिफारिस तीन महिनाभित्र कार्यान्वयन गरी वा कार्यान्वयन गर्न नमिल्ने भए कारणसमेत खुलाइ दुई महिनाभित्र आयोगलाई जानकारी उपलब्ध गराउनु पर्छ भन्ने व्यवस्था छ। आयोगको ऐनमा स्पष्ट रूपमा आयोगको निर्णय कार्यान्वयन नभए के हुन्छ ? भन्ने बारेमा भने कहीँ कतै उल्लेख भएको पाइँदैन। आयोगको सिफारिस मात्र हो अदालतको फैसला जस्तो बाध्यकारी र मान्न कर लाग्ने कानुनी व्यवस्था नहुँदा सम्बन्धित निकायले आयोगको सिफारिसलाई कार्यान्वयन गर्न बाध्यकारी श्रेणीमा राखेको देखिँदैन।

राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारले प्रतिवद्धता व्यक्त गरेको छ। मानव अधिकारको विषय देश भित्र मात्र सीमित रहने आलङ्कारिक व्यवस्था होइन। कानुनी राज्यमा राज्यद्वारा गठित स्वतन्त्र र स्वयत्त संस्थाबाट भएका सुझाव सिफारिसको इमान्दारीसाथ कार्यान्वयन भएमा नै सरकारले गरेका प्रतिवद्धता पूरा भएको ठहर्छ। नेपालको अन्तर्राष्ट्रिय छवि उचो राख्न पनि आयोगका सिफारिसको कार्यान्वयनमा आलटाल गरिनु सर्वथा उचित देखिँदैन। त्यसैले आयोगले आफूले गरेका सिफारिस कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्ने कानुनी व्यवस्थालाई अन्तिम अस्त्रको रूपमा प्रयोग गर्नुपरेको छ। यसबाट मानव अधिकार उल्लङ्घनकर्तालाई संरक्षण गर्ने प्रवृत्तिमा कमी आउन सक्ने अनुमान गरिएको छ।

आयोगको निर्णय कार्यान्वयनको अर्को चुनौती जवाफदेहिताको अभाव पनि हो। आयोगले गरेका सिफारिसको कार्यान्वयन सम्बन्धमा जवाफै नपठाउने, दृढ इच्छाशक्तिको अभाव तथा असल शासनको अभाव देखिन्छ। नेपालको संविधान जारी भएर तीनै तहका सरकार गठन भए पनि राजनीतिक अस्थिरता रहनु, दण्डहीनतामा कमी नआउनुजस्ता कारणले आयोगका सिफारिसको आशातित कार्यान्वयन हुन सकेको छैन। नेपाल सरकारले जारी गरेको मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२ ले समेत मानव अधिकारका १७ वटा प्राथमिकताका क्षेत्र मध्ये राष्ट्रिय तथा संयुक्त राष्ट्रसङ्घीय निकायका सिफारिस/सुझाव कार्यान्वयन गर्ने शीर्षकअर्न्तगत ३.२.१५ बुँदामा राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन गर्ने प्रतिवद्धता जारी गरेको छ। त्यसैगरी अन्य विषयगत संवैधानिक आयोगका सिफारिस कार्यान्वयन गर्ने, अनुगमन गर्ने र कार्यान्वयन अवस्थाको विवरण अध्यावधिक गर्ने जस्ता विषय समेटेको छ।

निचोडमा भन्नु पर्दा मानव अधिकार आयोग जस्ता पेरिस सिद्धान्त बमोजिम गठित संस्थाको सिफारिस कार्यान्वयनलाई सरकारले प्राथमिकतामा राखी कार्ययोजना नै तयार गरी कार्यान्वयन गर्नु पर्दछ। आयोगका सिफारिस कार्यान्वयन नहुनु भनेको देशको मानव अधिकार अवस्था सन्तोषजनक छैन भन्ने सूचक पनि हो। देशमा रहेको संवैधानिक आयोगको सिफारिस कार्यान्वयन कानुनत: बाध्यकारी हुनु पर्नेमा आलटाल गरिनु कार्यान्वयन गर्न उद्धत नहुनुलाई सकारात्मक मान्न सकिँदैन। अर्थात विधिको शासन, मानव अधिकार र आधारभूत स्वतन्त्रताको उपभोग गर्न बाधा अड्चन भएको रूपमा बुझ्न सकिन्छ। यसबाट पीडितको न्यायको ढोका बन्द हुन पुग्दछ। परिणामत: कतिपय देशभित्र कै उजुरी समेत प्रभावकारी नभएको भनी अन्तर्राष्ट्रिय क्षेत्राधिकार Universal Juridiction अर्न्तगत बाह्य सरोकारको विषय हुन पुगेका उदाहरण पनि छन्। पीडितको न्यायको हक सुनिश्चित गर्न सरोकारवालाबिच समन्वय र सहकार्यबाट गरी आयोगका सिफारिसहरू कार्यान्वयन हुनु अत्यन्त जरुरी देखिन्छ।

१९. आयोगको सिफारिस कार्यान्वयन अवस्था (२०५७ जेठ २०७७ असार) पृ.१ राष्ट्रिय मानाव अधिकार आयोग, हरिहर भवन ललितपुर

विश्लेषण

मदन पौडेल

प्राची र मानव अधिकारका सवाल

२०२८ सालमा सुशील बन्धु प्रकाशक तथा प्रकाश काफ्ले सम्पादक रहेर प्रकाशन शुरु भएको प्राचीले प्रकाशनको पाँचदशकको यात्रा गर्ने क्रममा १ सय अंकमा पाइला टेकेको छ। नेपालमा २०४६ सालअघि यस्ता प्रकाशनहरू प्रमुख जिल्ला अधिकारी वा अञ्चलाधीशले सेन्सर गर्ने चलन थियो। त्यसैले २०३० देखि २०४९ सालसम्म एकरूपताका साथ वा एक ढङ्गले प्राचीको



प्रकाशन भएको पाइँदैन। सामाजिक परिवर्तनको अभियानमा योगदान गर्ने योजनाका साथ प्रकाशन भएको प्राचीले प्रगतिशील विचारधाराका माध्यमबाट विचार तथा बहसको सर्जिना गर्ने आफ्नो दायित्व निर्वाह गरेको थियो। नियमित प्रकाशनमा आउनु अघि अर्थात २०४९ साल अघिका प्राचीका अंकहरू संग्रहमा छैनन्। त्यसयता द्वैमासिक रूपमा प्रकाशन हुन थालेको प्राचीको ९९ अंकहरू प्रकाशन भइसकेका छन्। यसअवधिमा यसले अनेकौं आरोह अवरोह पार गरेको छ। मानव अधिकारका विषय सार्वजनिक चासो र चिन्ताको वियष नभइरहेका बेला प्रचीका अंकहरूले यसलाई उजागर गर्ने कामहरू गरिरहे। देशको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तनका पदचापहरू पछ्याउने कार्यमा प्राचीले कहिल्यै बाटो बिराएन।

प्राचीले देशको राजनीतिक परिवर्तनको दस्तावेजमात्रै गरेन आमजनतालाई सुसूचित पार्ने कार्य निरन्तर गरिरह्यो। इन्सेकका संस्थापकद्वय सुशील प्याकुरेल तथा प्रकाश काफ्लेले पञ्चायतकालदेखि प्रकाशन थालेको यस प्रकाशनले आजका मितिसम्म आइपुग्दा मानव अधिकार, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार, महिला तथा बाल अधिकार, यातनाविरुद्धको अधिकार, सशस्त्र द्वन्द्व, शान्ति स्थापना, द्वन्द्व रूपान्तरण, दलित पडाडि पारिएका नागरिकको अधिकारलगायतका विषयमा लगातार सुसूचित तथा खबरदारी गर्ने कार्य गरिरह्यो। यो आलेखमा प्रचीले उठाएका मूलभूत विषयहरूका बारेमा विभिन्न शीर्षकमा चर्चा गर्ने प्रयास गरिएको छ।

नागरिक तथा राजनीतिक अधिकार

मानिसको सबैभन्दा ठूलो अधिकारका रूपमा रहेको नागरिक तथा राजनीतिक अधिकारका सवाललाई प्राचीका हालसम्मको अङ्कमा निरन्तररूपमा समेटिँदै आएको छ।

प्राचीका कतिपय आवरण लेखहरू नागरिक तथा राजनीतिक विषय बाहेकका भए पनि यसमा प्रकाशन भएका लेखहरूमा नागरिक तथा राजनीतिक अधिकारका विषय प्राथमिकतामा परेका छन्। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी संयुक्त

राष्ट्रसङ्घीय प्रतिज्ञापत्रले प्रत्याभूत गरेका अधिकारहरूकै सेरोफेरोमा रहेर यसमा लेखहरू प्रकाशित भएका छन्। राजनीतिक सहभागिता र अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा प्राचीमा समेटिएका सामग्रीहरू नै आलेखका विषयवस्तु बनेका छन्, बन्ने गरेको छ। जिल्ला प्रशासन कार्यालयमा विधिवत दर्ता भएपछि प्राची संचेतनाको पहिलो अङ्क द्वैमासिक रूपमा ०४९ साल भदौ-असोजमा प्रकाशित भएको थियो। प्रजातन्त्रको पुनःबहाली भएपछि प्रकाशित हुन थालेको प्राचीका हालसम्म प्रकाशित कूल ९९ अङ्कहरूले मानव अधिकारका दृष्टिका साथ समाजको यथार्थ तस्वीर प्रस्तुत गरेका छन्।

प्राचीको पहिलो अङ्कको



सम्पादकीयमै नेपालमा नागरिक तथा राजनीतिक अधिकारहरूको इतिहासका विषयमा चर्चा गरिएको छ। निर्वाचन, मानव अधिकार र प्रजातन्त्रको मौलिक हकका विषयमा पनि छुट्टै लेख प्रस्तुत गरिएको छ। छयालीस सालपछिको पहिलो निर्वाचित सरकारका सयममा भएका प्रहरी ज्यादतीको विवरण प्राचीमा समेटिएका छन्। पहिलो अङ्कमै निर्वाचित सरकारको पालामा भएको मानव अधिकार उल्लङ्घनका सम्बन्धमा विस्तृत प्रतिवेदन प्रकाशित गरिएको छ। यातना हिंसात्मक प्रवृत्तिको उपज हो भन्ने शीर्षकमा स्वर्गीय प्रकाश काफ्लेको लेख पनि पहिलो अङ्कमा समेटिएको छ।

'जबसम्म आमरूपमा जनता नै अधिकार र दायित्वबारे जानकार हुँदैनन्, तबसम्म मानव अधिकार एउटा नारामा मात्र सीमित हुन्छ। त्यसैले नै इन्सेकले मानव अधिकारको मुद्दालाई आमजनतासम्म पुऱ्याउन सचेतन कार्यक्रमको सुरुवात गरेको छ। र, त्यसै क्रममा मानव अधिकारसम्बन्धी यो पत्रिकाको हामीले सुरुवात गरेका छौँ' प्राचीका पूर्णाङ्क ९ मा छापिएको स्वर्गीय प्रकाश काफ्लेको यो विचार उहाँले प्रारम्भिक तयारीका क्रममा लेख्नु भएको थियो। प्राचीको पूर्णाङ्क ९ मा केन्द्रीय कारागारको पृष्ठभूमिमा लेखिएको छ- निर्धक्क भएर पसेका छैन जेलभित्र मानव अधिकार। प्राचीको ०४९ साल माघमा प्रकाशित अङ्कमा नेपालका जेलहरूको दुरावस्थाका सम्बन्धमा विस्तृत रिपोर्टिङ प्रकाशित गरिएको छ। यसका विभिन्न अंकहरूमा नागरिक तथा राजनीतिक अधिकारको उपहास राजनीतिकर्मीहरूबाटै भएको, अपराधको वैसाखीमा



राजनीति, राजनीतिको छातामुनि अपराध छुवाछूत र त्यसविरोधी आन्दोलनका बारेमा लेखहरू प्रकाशित छन्।

महिलाविरुद्धको भेदभाव अन्त्यको आवश्यकता, मानिसलाई बेपत्ता पार्ने कार्यविरुद्ध, बेपत्ता: नागरिक अधिकारको हनन् अनि प्राचीले पञ्चायत गयो स्वेच्छाचारी गिरफ्तारीको प्रचलन गएन शीर्षकका लेखहरू प्रकाशन गरी बेपत्ता पारिने कार्यकावरुद्ध सशक्त आवाज उठाएको छ।

नेपालका प्रहरी हिरासतमा हुने यातनाका घटनाका बारेमा प्राचीले निरन्तर खबरदारी गर्दै आएको छ। नेपालका प्रहरी हिरासतहहरू मृत्युकेन्द्रमा परिणत भएको लेखमा देशका विभिन्न हिरासतहरूमा हत्या गरिएका घटनाको संख्या र विवरण प्रकाशन गरिएको छ। त्यस्ता घटना विवरणका सन्दर्भमा सरोकारवालाको भनाइहरू



समेटेर उनीहरूको गैरजिम्मेवार अभिव्यक्ति उजागर गर्ने प्रयास गरिएको छ। जीवनको अधिकारका सम्बन्धमा यस अतिरिक्त अन्य अङ्कहरूमा पनि विविध सामग्रीहरू प्रकाशित गरिएका छन्। माओवादी हिंसाको सन्दर्भलाई समेट्दै जीवनको अधिकारका बारेमा पनि प्राचीले निरन्तर आवाज उठाएको छ। सशस्त्र द्वन्द्वमा महिलामाथिको हिंसा भएका घटना समेटेर आलेखहरू प्रकाशन गरिएका छन्। त्यतिमात्रै होइन त्यसबेला भएका हिंसात्मक गतिविधिका लेखहरू प्रकाशन गरिएका छन्। माओवादी समस्याको सुरुवात र त्यसको प्रभावजस्ता विषय प्राचीमा सिलपिसलावद्ध रूपमा अध्ययन गर्न सकिन्छ। ०५३ साल भदौ-असोजमा प्रकाशित पूर्णाङ्क १७ माओवादी

समस्याको सुरुवात कसरी भयो भन्ने विषयमा अध्ययन गर्न चाहनेहरूका निमित अति महत्वपूर्ण छ। माओवादी गतिविधिको उद्गमस्थल रोल्पा, रुकुममा भएका राज्यको दमनका बारेमा यस अङ्कमा विस्तृत विवरण छापिएको छ। नेपालमा मौलाएको राजनीतिक विकृति, सत्ता परिवर्तनका सन्दर्भमा सांसदहरूको खरिद बिक्री भएको विषयलाई प्राथमिकता दिइएको छ। प्राचीले यसका शुरुका अंकहरूमा उजागर गरेका विषयको सान्दर्भिकता अझै पनि कायम रहेको हाल जारी राजनीतिक गतिविधि नियाल्दा देखिन्छ। प्राचीले शान्तिका पक्षमा पनि महत्वपूर्ण सामग्रीहरू प्रस्तुत गरेको छ। ०५९ साल माघ-फागुनमा प्रकाशित पूर्णाङ्क ४५ मा आवरण पृष्ठमै ठूलाठूला अक्षरमा माग गरिएको छ- बन्द हुनुपर्छ सर्धैका लागि नेपालीले नेपालीलाई मार्न।

प्राची एक दशकको यात्रा अवधिमा समेटिएका इतिहासका अति उल्लेखनीय घटनाहरूमध्येको एक ०५८ जेठ १९ गतेको राजदरबार हत्याकाण्ड पनि हो। पूर्णाङ्क ३५ मा यही विषयलाई आवरण कथा बनाइएको छ। प्राचीका विभिन्न अंकमा मानव अधिकारका विभिन्न सवालहरूले ठाउँ पाएका छन्। दश वर्ष लामो सशस्त्र द्वन्द्व र यसले पारेको प्रभाव, बेपत्ता पारिएका तथा विस्थापित भएका नागरिकहरूको बारेमा विभिन्न समयमा लेखहरू प्रकाशन भएका छन्। आवधिक निर्वाचनको महत्व, संविधान सभाको निर्वाचन, संविधान निर्माण, स्थानीय प्रदेश तथा संघीय निर्वाचनहरूका बारेमा प्राचीले प्राथमिकताका साथ विषयहरू उठान गरेको छ। नेपालको अन्तर्राष्ट्रिय दायित्व

अन्तर्गत युपीआरको प्रकृया नेपालको संलग्नता, युपीआरको महत्व युपीआरमा प्राप्त भएका सुझाव आदि बारेमा पनि प्राचीले प्राथमिकता दिएको छ। देशमा व्याप्त दण्डहीनताका सवालमा प्राचीका विभिन्न अंकहरूमा प्राथमिकता पाएका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

प्राचीले आर्थिक, सामाजिक अधिकारका पक्षमा पनि आफ्नो परिचय

स्थापित गर्ने कोसिस गरेको छ। प्राचीका झण्डै १७ वटा अङ्कमा आर्थिक, सामाजिक पक्ष अधिकारका विषयले प्राथमिकता पाएका छन्। आर्थिक, सामाजिक प्रसङ्गमा चेलिबेटी बेचबिखन र देह व्यापार, कमैया प्रथा र त्यसको उन्मूलन, चेपाङ जातिको अवस्था, छुवाछूत, कथित बोक्सीका नाममा महिलामाथि हुने दुर्व्यवहार तथा हिंसा, बालश्रम, भूमिसुधार प्राचीको प्राथमिकतामा परेका छन्। प्राचीको ०४९ पुस-माघको अङ्कमा नेपालको बाँधाश्रमकारूपमा रहेको कमैया प्रथाका बारेमा र्चा गरिएको छ। प्राचीले प्राथमिकता दिएको अर्को विषय हो- छुवाछूतविरुद्धको अभियान। साउन ०५७ को अङ्कमा लहानका चार जातिले भोग्नु परेको छुवाछूतका बारेमा मुख्य लेख प्रकाशित छ। प्राचीले उठाएका सामाजिक, आर्थिक पक्षका कुरा गर्दा भूमिसुधारको पाटोलाई छाड्न मिल्दैन। ०५८ साल साउन ३२ गते शेरबहादुर देउवाको सरकारले भूमिसुधार कार्यक्रमको घोणा गरेपछि प्राचीले यो प्रसङ्गलाई गम्भीर रूपमा उठाएको छ। सरकारले घोषणा गरेको कार्यक्रमका पक्षमा निस्केका जुलुसलाई मात्र यसले समेटेन, यसका सकारात्मक र नकारात्मक पक्षलाई राम्रैसँग केलाउने कोसिस गरेको छ। तर एक महिना पनि नबित्दै यो कार्यक्रम असफल हुनुमा नेताहरूको मानसिकता दोषी देखियो। खाद्य अधिकारका विषयमा पनि प्राचीमा प्रशस्त लेखहरू प्रकाशन भएका छन् भने प्राचीका केही अंकको आवरण लेख नै खाद्य अधिकारका सम्बन्धमा रहेका छन्। दुर्गमका जनताले भोग्नु परेका खाद्य अभाव, महँगी तथा खाद्य सामग्रीमा मिसावट तथा खाद्य असुरक्षका बारेमा लेखहरू प्रकाशित गरी सचेत बनाउने कार्य गरिएको छ।

महिला अधिकार

प्राचीले महिला अधिकारका क्षेत्रमा आफ्नो जति पनि कलम चलायो त्यसमा सबैभन्दा बढी भाग नेपाली समाजको चिरफार गर्न, नेपाली समाजभित्र गुम्सिएर बसेका महिलाविरुद्ध भेदभाव, कुसंस्कार, हिंसा र अमानवीय व्यवहारका घटनाहरूलाई समाजसामु छर्लङ्ग पार्न खर्च गरेको देखिन्छ। प्राचीका सुरुका वर्षहरूमा विशेषत: नेपाली समाजमा जरा गाडेर बसेका भेदभावपूर्ण, अमानवीय र महिलाको अमानव अधिकारमा



गम्भीर चोट पुऱ्याउने खालका विभिन्न प्रथाहरू, चलनहरू, संस्कारहरू र क्रियाकलापहरूको बारेमा स्थलगत रिपोर्टिङ, सर्भेक्षण प्रतिवेदन र लेखहरूमार्फत् प्रस्तुत गरिएको छ। प्राचीका अङ्कहरूमा मध्यपश्चिमको वादी प्रथाभित्रका महिलाहरूको पीडा, हुम्ला, जुम्लालगायत कर्णालीका जिल्लाहरूमा विद्यमान जारी प्रथा, सिन्धुपाल्चोक र नुवाकोटबाट भएका चेलिबेटी बेचबिखनका घटनाहरूलाई स्थलगत रिपोर्ट, घटनामा आधारित विश्लेषणात्मक लेखहरूका माध्यमबाट प्रष्ट पारिएको छ।

प्राचीमा १० वटा जति लेखहरू चेलिबेटी बेचबिखनसँग सम्बन्धित छन्। बोक्सीको आरोपमा महिलामाथि गरिने दुर्व्यवहारसम्बन्धी लेख, जारी प्रथा, छाउपडी प्रथा, वादी महिलाहरूका समस्या, बहुपति, बहुपत्नी प्रथा, बालविवाह, दाइजो, तिलक प्रथा र घरेलु हिंसासम्बन्धी लेख, घटना अध्ययनहरू प्राचीले समेटेको छ। साथै महिलामाथिको भेदभाव, घरेलु हिंसा, सामाजिक हिंसा, महिलामाथि गरिने यौन दुर्व्यवहारका विषयहरू समेटिएका कथा कविताहरूसमेत प्राचीका विभिन्न अङ्कमा समेटिएका छन्। प्राचीले महिला सशक्तिकरण र उत्प्रेरणाका लागि कुनै पनि क्षेत्रमा नेतृत्व गर्ने महिलाहरूका बारेमा जानकारी दिने, महिलाहरूले गरेका विशेष योगदान र साहसिक कार्यहरू उजागर गर्ने र उनीहरूबाट नेपाली महिलाहरूलाई उत्प्रेरणा जगाउने उद्देश्य राखेको देखिन्छ। प्राचीको दोस्रो अङ्कमा नै सन् १९९२ मा नोबेल पुरस्कारप्राप्त ग्वाटेमालकी आदिवासी रेड इन्डियन रिगोवेर्ता मिन्चुबारे खोजमूलक लेख प्रकाशन गरिएको छ। त्यसैगरी नेपालका विभिन्न आन्दलोलन र विशेषगरी ०४६ सालको जनआन्दोलनमा शहादत प्राप्त गर्ने महिला सहिदहरूको बारेमा विस्तृत जानकारी दिंदै २२ औं अङ्कमा "नेपालको राजनीतिक आन्दोलनमा शहादत प्राप्त गर्ने महिलाहरू" प्रकाशन गरिएको छ।

संसारकै सर्वोच्च शिखर सगरमाथामा पाइला टेक्ने प्रथम महिला पासाङ ल्हामु शेर्पाबारे जानकारी दिंदै उनको साहसिक कदमबारे चर्चा गरेर २२ औं अङ्कमा नै अर्को लेख

लेखिएको छ। विश्वका महान महिला नेतृहरू मार्था, साराह, अल्वर्टिना र डोनबारे प्रकाशन पार्दै वर्ष ९ को ३२ आमैं अङ्कमा प्रकाशन गरिएको छ। गरिबी र महिलाविरुद्धका हिंसाविरुद्ध सञ्चालित महिलाहरूको विश्वयात्रा २००० बारे जानकारीमूलक लेख पनि अङ्क ३२ मा प्रकाशित गरिएको छ। यसैगरी राजनीतिमा प्रत्यक्ष संलगन व्यक्ति र राजनीतिमा लागेर शहादत प्राप्त गर्ने शहिद परिवारका महिलाहरूको आवाजलाई ठाउँ दिएर वर्ष ४ को अङ्कमा "हामीले सोच्यौं देशका लागि, हाम्रो लागि कसले सोच्ने" शीर्षकमा आवरण लेख छापिएको छ। महोत्तरीमा निरन्तर महिलाहरूको मताधिकारका लागि अभियानरत बसन्तीदेवीको बारेमा तथा मुगुमा महिला अधिकार तथा मानव अधिकारका लागि क्रियाशील सोनाम छेजुङ लामाका बारेमा आवरण लेख प्रकाशन गरिएको छ। प्राचीका विभिन्न अङ्कमा मुलुकी ऐन संशोधनको आवश्यकता, घरेलु हिंसाविरुद्ध कानुनको आवश्यकता, चेलिबेटी बेचबिखनविरुद्ध प्रभावकारी कानुनको लागि संशोधनको आवश्यकता, बोक्सी, दाइजो, घरेलु हिंसा जस्ता विषयलाई कानुनी दायरामा समेट्नका लागि सुझाव दिइएको छ।

प्राचीले नेपालमा अधिकार सम्पन्न महिला आयोग आवश्यक छ भनेर वकालत गर्दै आएको कुरा यसका लेखरचनाको अध्ययनबाट पुष्टि हुन्छ। प्राचीमा महिला विषयक रचनाहरूलाई विधागतरूपमा छुट्याउँदा लेखको सङ्ख्या धेरै छ। स्थलगत रिपोर्टहरू पनि प्रशस्तमात्रामा देखिन्छन्। छाउपडी प्रथा, तराइमा विद्यमान दाइजो, तिलक, बालविवाह, कमैया



प्रथाभित्र महिला जस्ता समस्याहरूलाई सार्वजनिक गर्ने र आम पाठकहरूलाई समस्याप्रति गम्भीर हुन प्रेरित गरेको छ। प्राचीको पूर्णाङ्क ४८ महिला विशेषाङ्कका रूपमा प्रकाशित भएको छ।

बालअधिकारका सवाल

प्राचीको वर्ष १ अङ्क १ मा 'तथ्यको कसीमा हाम्रा केटाकेटीहरूको बाल अधिकार' शीर्षकको लेख प्रकाशन गरी बालअधिकारको सवालमा प्राचीले आवाज उठाउन शुरु गरेको थियो। सो लेखमा नेपालमा बालश्रमिकहरूको अवस्थाबारे चर्चा गरिएको छ। लेखमा भरिया, ईटाभट्टा, ढुङ्गाखानी, चिया बगान, गलैंचा बुनाइदेखि सडक बजारमा फोहोर खोतली प्लास्टिक टिप्ने लगायत विविध क्षेत्रमा बालबालिकाको संलग्नता बारे चर्चा गरिएको छ।

विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धता मार्फत् राज्यले बालबालिकालाई प्राथमिक शिक्षा अनिवार्य र



निःशुल्क प्रदान गर्नुपर्ने तर व्यवहारिक रुपमा सरकाले विद्यालय शिक्षा निःशुल्क भनेता पनि विभिन्न नामले लिइने शुल्कहरूले गर्दा उनीहरूलाई शिक्षा आर्जनमा हतोत्साहित गरिएको प्राचीका लेखहरूमा छन्। बाल अधिकार महासन्धिको तीनदशक र कमैया बालबालिकाका शीर्षकको लेखमा बालबालिकाविरुद्ध बालबालिकाकै प्रयोग गरी भएका अपराध र निर्वाचनहरूमा विभिन्न ढङ्गले बालबालिकाको प्रयोग गरी राजनीतिक दलहरूले बाल अपराध गरेको कुरा उल्लेख गरिएको छ। बाल अधिकारसम्बन्धी महासन्धिका थप ऐच्छिक सन्धिपत्रहरूको

बारेमा प्राचीका लेखहरूमा चर्चा गरिएका छन्। यसैगरी, सङ्कटकालले बालबालिकामा पारेको असर, आन्तरिक सशस्त्र द्वन्द्व र त्यसको समाधानको दौरानमा लगाइएको सङ्कटकालले बालबालिकामा पारेको असरबारे पनि लेखहरू प्रकाशित छन्। बालविवाह ग्रामीण नेपाली समाजमा जरा गाडेर बसेको छ। बालविवाहको असर, बालविवाह रोकथामका लागि राज्यले गरेको पहल, यससम्बन्धी चेतनाजस्ता विषयहरू पनि प्राथमिकतामा परेका छन्। बालश्रम, विद्यालयमा दिइने शारीरिक दण्ड, बालसुधार गृहका अवस्था, सशस्त्र द्वन्द्वले बालबालिकालाई पुऱ्याएको असरजस्ता विषयले ठाउँ पाएका छन्।

२०६० सालमा प्रकाशित प्राचीले साउनको अङ्कको प्राची बालश्रमसम्बन्धभी विशेषाङ्कको रूपमा प्रकाशित छ। प्राचीको बालश्रम विशेषाङ्कले नेपालमा प्रचलित रहेका विभिन्न खाले बालश्रमको चर्चा गर्दै बालश्रमको कारणले बालबालिकामा पर्न गएको असरहरूबारे यथेष्ट मात्रामा उजागर गर्ने प्रयत्न गरेको पाइन्छ। त्यसैगरी उक्त अङ्कले बालश्रम शोषणको अन्त्यका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरमा भएका प्रयत्नहरूको चर्चा गर्दै नेपाली बालश्रमिकहरूको अवस्थालाई उजागर गर्ने कार्य गरेको छ। प्राचीले बालबालिकासम्बन्धी विभिन्न पक्षहरूलाई उजागर गरेको छ।

दलितका सवाल

इन्सेकले सन् २००५ मा संयुक्त राष्ट्रसङ्घमा जातीय विभेद र मानव अधिकारका सम्बन्धमा प्रतिवेदन पेश गरी

जातीय अधिकारलाई अन्तर्राष्ट्रियकरण गरेको थियो। त्यसयता पनि सन्धिजनिक प्रतिवेदन पेश गर्ने क्रममा जातीय विभेदका मुद्दालाई सधैँ प्राथमिकतामा राख्दै आएको छ। विश्वव्यापी आवधिक समीक्षाका तीन ओटै चक्रमा इन्सेकको संयोजनमा नेपालका गैरसरकारी संस्थाहरूको तर्फबाट जातीय विभेदका मुद्दालाई अन्तर्राष्ट्रियकरण गरिँदै आइएको छ। यी र यस्ता विषयलाई प्राचीले



प्राथमिकतामा राख्ने गरेको छ। मानिस-मानिस हुने विभेद र कथित तल्लो जातिको नाममा हुने अमानवीय व्यवहारको विरुद्ध इन्सेकले थालेको अभियान अहिले देशव्यापी भएको छ। दलितका मुद्दामा आवाज उठाउने संस्थाहरूको अब नेपालमा कमी छैन। तर, पनि पहुँच र नीति निर्माणको तहमा दलितको उपस्थिति नहुँदा आज एक्काइसौँ शताब्दीमा प्रवेश गर्दा पनि मुलुकमा अझै पनि मानिस-मानिसका बीचमा विभेद कायम छ। दलित भएको आरोपमा देशका धेरै मानिसहरू अझै पनि समाजको मूल प्रवाहीकरणबाट बाहिरै छन्। जातपातका आधारमा मानिस-मानिसबीच गरिने यस्तो विभेद कानुनत: अक्षम्य भए पनि यो प्रथा, सस्कृति, धर्म, परम्परा, विचार आदि कारणबाट समाजमा विद्यमान छ। कथित तल्लो जातको भएको आरोपमा मानिसहरूलाई गरिने व्यवहार र यस्तो व्यवहारका कारण उत्पन्न परिस्थिति र विभेदको शिकार लाखौँ मानिस भएका छन्।

नेपालले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता तथा राष्ट्रिय ऐन कानुनले जातका आधारमा गरिने छुवाछूतजस्तो कार्यलाइ गैरकानुनी र दण्डनीय मानेको छ। प्रजातन्त्रको पुनर्स्थापना भइसकेपछि गठन भएका सरकारहरूले छुवाछूत प्रथालाई गैरकानुनी र दण्डनीय भनी घोषणा गरेका छन्। प्राकृतिक मानवीय जीवनलाई छुवाछूतको आधारमा विभेद गर्ने यस्तो कुप्रचलन नेपाललगायत विश्वका धेरै मुलुकमा कायम छ। नेपालमा जातीय छुवाछूत प्रथाको प्रचलन कायम भएको एकिन ऐतिहासिक प्रमाण छैन। तर लामो समाजदेखि प्रचलनमा रहँदै आएको यो प्रथाका कारण लाखौँ मानिसहरू प्रताडित भएका छन्। जातीय छुवाछूतका कारण दलितहरूमाथि भएको उत्पीडन कम्ती डरलाग्दो छैन। समाज परिवर्तनसँगै जातीय छुवाछूतको प्रथामा विस्तारै कमी आउन थाले पनि यसका कारण उत्पन्न हुने र भएका पीडाको निकै लामो छ। मानिसलाई मानिस नगन्ने यो प्रथाका कारण मानिसहरू उत्पीडनको शिकार भएका छन्। सामाजिक न्याय र मानवअधिकारका क्षेत्रमा इन्सेकले आफ्नो स्थापनाकालदेखि नै जातीय छुवाछूतका विरुद्धमा भेला गोष्ठी र सचेतन कक्षाहरू सञ्चालन गर्नुका साथै यस विषयमा आफ्ना प्रकाशनहरूको माध्यमबाट जनसमुदायलाई सचेत गराउँदै आएको छ। इन्सेकबाट सामाजिक उत्पीडन, जातीय



छुवाछूतका बारेमा अध्ययन, अनुसन्धान, विश्लेषण तथा उन्मूलनका लागि प्रयासहरू भएका छन्। अहिले पनि यो अभियान चलिरहेको छ। प्रजातन्त्रको पुनर्स्थापनापछि जातीय छुवाछूत प्रथामा कमी आए पनि उन्मूलन हुन सकेको छैन। इन्सेकले आफ्ना विविध क्रियाकलापहरू तथा यसको नियमित प्रकाशन प्रचीमार्फत दलितका मुद्दाहरू उठाउने गरेको छ।

प्राचीमा छापिएका विभिन्न लेख तथा समाचारहरूमध्ये उत्पीडित जातिहरूको सम्बन्धमा जम्मा २२ वटा शीर्षकमा प्रकाशन भएका छन्। ०४९ साल कात्तिक-मङ्सिर महिनामा प्रकाशित प्राचीको पहिलो अङ्कमा दलित जातिमा रहेको समस्यालाई सार्वजनिक सरोकारको विषयका रूपमा बाहिर ल्याउन सफल भएको छ। स्थलगत अध्ययनका आधारमा तयार पारिएको खोजमूलक लेखले साच्चिनै ठूला भनिने जातका शिक्षित जमातले जातपातको सम्बन्धमा बनाएको मर्माहत धारणाले कसरी जरा गाडेको छ भन्ने सवाल उजागर गरिएको छ। ०४९ सालकै पुस-माघको प्राचीको अङ्कमा मानिसको हक खोजिरहेछन्, नेपालका उत्पीडित मानिसहरू शीर्षकमा खोजमूलक लेख प्रकाशित भएको पाइन्छ। प्राचीको पहिलो अङ्कमा बझाङ जिल्लामा दलित भनिएको आधारमा उक्त समुदायले झेल्नु परेका समस्याहरूलाई उजागर गरिएको छ।

प्राचीको ०५७ साउन महिनाको अङ्कमा उत्पीडित जातिहरूको पक्षमा विशेषाङ्कको रूपमा नै प्रकाशित भएको छ। "जातपात र छुवाछूत प्रथा: शास्त्रीय सन्दर्भ र समाधानको प्रक्रिया" लेखमार्फत् छुवाछूत प्रथाको सूरुवात र समाधानको उपायको सम्बन्धमा प्रष्ट धारणा राखेको पाइन्छ। नेपालमा दलितहरूबीच गरिबी शीर्षक अन्तर्गत विभिन्न आर्थिक, सामाजिक परिसूचकका आधारमा दलितहरूमा रहेको गरिबीको बारेमा प्रकाश पारिएको छ।

प्राचीमा समेटिएका यातनासम्बन्धी विषय

प्राचीले मानव अधिकारका गम्भीर विषय "यातना" का बारेमा पनि आफ्ना अङ्कहरूमा समेट्दै आइरहेको छ। "यातना हिंसात्मक प्रवृत्तिको उपज हो"

शीर्षकमा इन्सेकका संस्थापक सुशील-प्रकाशद्वारा लेखिएको लेख यसको पहिलो अङ्कमा प्रकाशित भएको छ। यस लेखमा यातना सभ्य समाजका लागि नसुहाउने व्यवहार हो भन्ने मान्यतालाई उजागर गरिएको छ। "जनताले पाए जनताले, प्रहरीले पाए प्रहरीले यातना दिने" कार्य हुँदै गयो भने समाज शान्तिमय हैन हिंसात्मक हुँदै जान्छ भन्दै कुनै पनि आरोपमा प्रहरी हिरासतमा लिएका व्यक्तिलाई अमानवीय यातना दिने र जबरजस्ती कुने लिखत स्वीकार्न लगाउने कार्यको विरोध गर्नु यातनाको विरोध हो भनिएको छ।

"निर्धक्क भएर बसेको छैन जेलभित्र मानव अधिकार, "प्रहरी ज्यादतीको जाँच गरियोस्" शीर्षकको लेखमा प्रजातन्त्र पुनर्वहालीपछि पहिलो जननिर्वाचित सरकारको पालामा सञ्चालित विभिन्न आन्दोलनको क्रममा भएका हत्याका घटनाहरूका साथै स्वेच्छाचारी गिरफ्तारी, बेपत्ता पार्ने, यातना दिने जस्ता घटनाहरूको फेहरिस्त प्रस्तुत गरिएको छ।

०४९ को स्थानीय निकाय निर्वाचनको क्रममा रामेछाप जिल्लाको दोरम्बा गाविस-८ बाट बेपत्ता पारिएका भुवनलाल थापा मगर र ०५० असार ११ गते काठमाडौँबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारिएका प्रभाकर सुवेदीको घटनाका बारेमा पनि प्राचीले आवाज उठाएको छ। ०५३ भदौ-असोज, वर्ष ८, अङ्क १ मा "ढुकुर भन्दा सहजै मानिस मारिन्छन्" शीर्षकको आवरण लेखमा माओवादी अति प्रभावित मानिने रोल्पा र रुकुमको स्थलगत भ्रमणपछि तयार गरेको सामग्री छापिएको छ। "नेपालका प्रहरी हिरासतहरू मृत्यु केन्द्रमा परिणत" शीर्षकको खोजमूलक आवरण समाचार प्रकाशित भएको छ। लेखमा प्रहरी हिरासतमा लिइएका व्यक्तिहरूको यातनाकै कारण मृत्यु हुने गरेका घटनाहरू समावेश गरिएको छ। "बेपत्तै-बेपत्ता" उपशीर्षकमा गैरकारनी ढङ्गले गिरफ्तारी गर्ने र बेपत्ता पार्ने क्रम तीब्र हुन थालेकोमा स्थिति चित्रण गरिएको छ। बेपत्ता पार्ने क्रम अझ बढ्दै गएको, त्यसले गर्दा बेपत्ता पारिने व्यक्तिलाई दिइएको हुनसक्ने यातना र बेखबर हुँदै परिवारजनले भोग्नु परेको मानसिक यातनाका बारेमा चिन्ता व्यक्त गरिएको छ। विस्तृत शान्ति सम्झौतामा उल्लेख भएका प्रावधानहरूको कार्यान्वयनका सन्दर्भमा भएका प्रगति तथा त्यसमा व्यक्त प्रतिबद्धताको कार्यान्वयनका सन्दर्भमा प्राचीले निरन्तर आवाज उठाएको छ। राणाशासनको अन्त्यपछि बेपत्ता पारिएका मानिसहरूका बारेमा धेरथोर अभिलेख राख्ने कार्य शुरु भएको पाइन्छ। ३० वर्षको पञ्चायतकालमा मानिस बेपत्ता पार्ने कार्य सङ्गठित रूपमा हुन थालेको देखिन्छ। यो क्रम २०४६ सालको प्रजातन्त्रप्राप्तिपछि पनि कम भएन बरु २०५२ सालमा शुरु भएको दश वर्ष लामो सशस्त्र द्वन्द्वमा ठूलो संख्यामा मानिसहरू बेपत्ता पारिए। इन्सेकले यस्ता विषयमा प्राचीले बारम्बार आवाज उठाएको छ।

सशस्त्र द्वन्द्व, लोकतन्त्र, शान्ति र संविधान

२०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनको एजेण्डा राजतन्त्रको अन्त्य मात्र थिएन। त्यसमा आर्थिक, सामाजिक रूपान्तरणको एजेण्डासहित केन्द्रीकृत राज्यको अन्त्य तथा सङ्घीय र समावेशी राज्यको स्थापनाका मुद्दाहरू मुखरित भएका थिए। अझ मुख्य र बलियो मुद्दा त जनताको स्थायी शान्तिको चाहना थियो। दश वर्ष लामो सशस्त्र द्वन्द्व र राजाको निरङ्कुश सैनिक शासनबाट मुक्त भई शान्ति प्राप्त हुन्छ भन्ने भावना व्यापकरूपमा जनतामा थियो। आमजनताको सहभागिताबाट आन्दोलन सफल पनि भयो। जनआन्दोलनको सफलतासँगै २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताले सारा नेपाली जनतामा शान्ति, लोकतन्त्र र आमूल परिवर्तनको दिशामा मुलुक अगाडि बढ्छ भन्ने सुखानुभूति भयो। अझ संविधानसभाको चुनाव र त्यसबाट निर्माण भएको संविधानले देशमा अस्थिरताको अन्त्य गर्न सघाउँछ भन्ने

आमजनताको चाहना थियो। शान्ति सम्झौतामा हस्ताक्षर भएको १४ वर्ष बितिसक्दा पनि यसको टुङ्गो नलागी शान्ति सम्झौताको मूल संरचनामा चारैतिरबाट चुनौती खडा भइरहेको छ। यस्ता विषयमा प्राचीले विभिन्न लेखहरू मार्फत आवाज उठाउने गरेका छ। सशस्त्र द्वन्द्व चलिरहेकै बेला इन्सेकले शान्ति अभियान शुरु गऱ्यो। यस अभियानका बारेमा प्राचीमार्फत इन्सेकले आवाज मुखरित गरेको थियो। संविधान निर्माण, संघीयता जुन नेपालको सन्दर्मा नयाँ शासन प्रणाली थियो त्यसका बारेमा प्राचीले विभिन्न लेखहरूमार्फत धारणा राखेको थियो।

निष्कर्ष

प्राचीले आफ्नो १०० अंकको यात्रा गरिरहेको यस सन्दर्भमा यसले गितमा नेपालको मानव अधिकार सामाजिक न्यायका क्षेत्रमा गरेको योगदानको स्मरण गर्नु वाञ्छनीय हुन्छ। पत्रचायतकालका कठिन दिनमा प्रगतिशील विचारमार्फत मानव अधिकार तथा समाजमा व्याप्त कुरीतिविरुद्ध जनचेतना जगाउने उद्देश्यले प्रकाशन शुरु भएको प्रचीले मानव अधिकारका विविध सवालमा आफूलाई केन्द्रित गऱ्यो। प्राचीमा प्रकाशन भएका विपन्न तथा दलित अधिकारका विषय, महिलामाथि हुने शोषण तथा विभेदका विषय, यातना, गिरफ्तारी तथा बेपत्ता पारिने कार्यका विरुद्ध होस् वा बाँधाश्रम, हलिया, कमैया प्रथा, शान्ति र संविधान, संघीयताका बारेमा विस्तृत् लेखहरू प्रकाशन गरी सुसूचित पार्ने कार्य निरन्तर गरिरहेको छ। मानव अधिकारका विष्यामा निरन्तर खबरदारी गर्ने कार्य आज पर्यन्त जारी छ। यो नै प्राचीको सुन्दर पक्ष हो।

विश्लेषण

सम्झा श्रेष्ठ

राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरूमा महिला सहभागिताको अवस्था

पृष्ठभूमि

विश्वका विकसित देशहरूमा महिला मुक्तिको आन्दोलन झण्डै २ शताब्दी अगाडि थालनी भएतापनि आन्दोलनले २१ औँ शताब्दीको मध्यतिर अर्थात दोस्रो विश्वयुद्धको अन्त्यतिर मात्र गति लिन थालेको पाईन्छ।[१] करिब ३ दशकको अनवरत प्रयत्न पश्चात सन् १९७५ मा ल्याटिन अमेरिकाको मेक्सिको सहरमा प्रथम विश्व महिला सम्मेलन भएको थियो। उक्त सम्मेलनमा विभिन्न देशबाट ३ हजार महिलाहरू भेला भएका थिए। पहिलो पटक विश्वस्तरमा महिलाहरूले "समानता, विकास र शान्ति"को ऐक्यबद्धता जाहेर गरेका थिए।[२]

महिला अधिकारको विल अफ राईट्सको रूपमा जारी गरिएको महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ अनुसार पक्ष राष्ट्रले राजनीतिमा महिलाहरूको सहभागिता पुरूष सरह बराबरीको आधारमा गराउनुपर्ने व्यवस्था गरेको छ। नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र भएकोले नेपाललाई महिलाहरूको समानुपातिक सहभागिता गराउनुपर्ने दायित्व रहेको छ। उक्त महासन्धिले "सबै निर्वाचनहरू तथा जनमत सङ्ग्रहहरूमा मत दिने अधिकार तथा सर्वजनिक रूपमा निर्वाचित हुने संस्थाहरूमा निर्वाचनका लागि योग्य हुने अधिकार"[३] को व्यवस्था गरेर निर्वाचनमा सहभागी हुने भएकाले राजनीतिक दलहरूलाई पनि महिलाहरूको सहभागिता पुरूषको बराबरी गराउने दायित्व तोकेको छ।

सन् १९७५ देखि हरेक ५ वर्षमा हुँदै आएको महिला सम्मेलन तेस्रो विश्व महिला सम्मेलन १० वर्ष पछि चीनको बेइजिङमा सन् १९९५ मा सम्पन्न भएको थियो जसले महिलाहरूको राजनीतिमा सहभागिता सहित १२ ओटा अति चासोको विषयलाई केन्द्रित गरी महिला आन्दोलन परिचालन गर्नुपर्ने दिशानिर्देश गरेको छ।

नेपाली महिला आन्दोलन

पश्चिमी जगतका महिलाहरूले समान कामका लागि समाज ज्याला, भोट हाल्ने अधिकारको लडाई लडिरहेको बेला नेपाली महिला जगतमा कुनै हलचल नै भएको थिएन।[४] उच्चतम राजनीतिक अधिकार (भोट हाल्ने अधिकार) का लागि पश्चिमी महिलाहरूले झण्डै आधा शताब्दी लामो सङ्घर्ष गर्नुपरेको थियो।[५] विश्वमा महिला आन्दोलनहरूको एकै उद्धेश्य "महिला मुक्ति" भएपनि विभिन्न देशको परिवेश अनुसार महिला आन्दोलनको स्वरूपहरू फरकफरक पाइन्छ। विकसित देशका महिलाहरूले आर्थिक र राजनीतिक मागलाई प्रमुखता दिएको पाइन्छ भने नेपालमा अर्ध सामन्ती र अर्ध औपनिवेशिक अवस्था हुँदा समाजमा विद्यमान कूरीतिहरूका हटाई समाजको संरचनामा परिवर्तनप्रति महिलाहरूलाई सचेत गराउनु महिला आन्दोलन थियो। त्यसैगरी नेपालमा जहानिया शासनको कालखण्डमा जनताले चुन्न र चुनिन पाउने अधिकार बारेमा कल्पना बाहिरको कुरा थियो। त्यस अवस्थामा महिलामात्र नभइ पुरूषहरू पनि राजनीतिक अधिकारबाट वञ्चित रहेका थिए। राजनीतिक अधिकारका लागि महिला पुरूष दुवैले विभिन्न किसिमका आन्दोलन गर्नु परेको थियो। यस आलेखमा महिलाको राजनीतिमा सहभागिताको विकासक्रममा राष्ट्रिय स्तरका राजनीतिक दलको नेतृत्वमा महिला सहभागितालाई विश्लेषण गरिएको छ।

राजनीतिमा महिलाहरूलाई सक्रिय बनाउन अलग्गै सङ्गठन चाहिन्छ भनेर वि.सं. २००४ साल साउन २२ गते नेपाल महिला सङ्घको निर्माण भयो। त्यसबेलासम्म पार्टीहरू पनि निर्माण भएका थिएनन् वा प्रभावशाली थिएनन्। पहिलो महिला सङ्घ निर्माण गर्दा म्हैपीमा ६२/६३ जना महिला पिकनिक खाने भनेर जम्मा भएका थिए। पिकनिकको मुख्य उद्धेश्य महिला सङ्घ निर्माण गर्नु रहेको थियो।[६] पिकनिकको रूपमा भेला भएका महिलाहरूले मङ्गलादेवी सिंहको अध्यक्षतामा "नेपाल महिला सङ्घ" निर्माण गरे।[७] यसरी महिला सङ्गठनको औपचारिक रूपबाट सुरूआत भयो। त्यसबेला पार्टीहरू नभएको हुनाले कांग्रेस कम्युनिष्ट सबै एक थिए।[८]

वि.सं. २००८ सालमा हुने नगरपालिकाको चुनावको लागि मतदाता नामावली तयार गर्दा महिलाहरूलाई मतदान गर्न नदिने कुरा भयो। त्यसपछि महिलाहरूलाई पनि पुरूष सरह चुन्ने चुनिने हकका लागि आवाज उठाइयो। आवाज उठाउने मात्र होइन निकै ठूलो आन्दोलन नै गर्नुपरेको थियो। मतदान गर्ने अधिकार पाउनका लागि तत्कालिन प्रधानमन्त्री मोहन

---

१. इन्सेक, राजनीतिमा महिला सहभागिता, "नेपाली महिला आन्दोलनको दिशा-साहना प्रधान" पेज ५२ अनुच्छेद २

२. इन्सेक, राजनीतिमा महिला सहभागिता, "नेपाली महिला आन्दोलनको दिशा-साहना प्रधान" पेज ५२ अनुच्छेद २

३. महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, धारा ७ (क)

४. इन्सेक, राजनीतिमा महिला सहभागिता, "नेपाली महिला आन्दोलनको दिशा-साहना प्रधान" पेज ५३ अनुच्छेद २

५. इन्सेक, राजनीतिमा महिला सहभागिता, "नेपाली महिला आन्दोलनको दिशा-साहना प्रधान" पेज ५३ अनुच्छेद २

६. सुशीला श्रेष्ठ, सहाना प्रधान स्मृतिका आँखीझ्यालबाट, पेज ९७, अनुच्छेद ३

७. सुशीला श्रेष्ठ, सहाना प्रधान स्मृतिका आँखीझ्यालबाट, पेज ९८, अनुच्छेद १

८. सुशीला श्रेष्ठ, सहाना प्रधान स्मृतिका आँखीझ्यालबाट, पेज ९८, अनुच्छेद १

शमशेरको दरवारमा जुलुसै लिएर पनि महिला नेतृहरू गएका थिए । यस प्रकारले निरन्तर सशक्त सङ्घर्षद्वारा अन्त्यमा महिला मताधिकार प्राप्त गर्न सम्भव भयो।[९]

वि.सं २००८ सालमा नगरपालिकाको निर्वाचन भयो। नेपालका जनताले पहिलो पटक मत हाल्ने अधिकार पाएका थिए र काठमाडौँ नगरपालिकाबाट साधना प्रधानले जित्नु भएको थियो।[१०]

राजनीतिक दलमा महिलाका सहभागिताको सुनिश्चितताका लागि गरिएका संवैधानिक र कानुनी व्यवस्था

राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।[११] नेपालको संविधानको "राजनीतिक दलसम्बन्धी व्यवस्था" अन्तर्गत दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनु पर्छ।[१२] राजनीतिक दलसम्बन्धी ऐन २०७३ महिलाको सहभागिताको सुनिश्चिताका लागि दलहरूले विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी आफ्ना सदस्यहरूमध्ये त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नुपर्नेछ।[१३] त्यसै दलहरूले आफ्नो सबै तहको समितिमा कम्तिमा एक तिहाई महिला सदस्य रहने व्यवस्था गर्नुपर्नेछ।[१४]

राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरूको पदाधिकारी र केन्द्रिय समितिमा महिला सहभागिता

नेपालको संविधानको प्रस्तावनामा "सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने" संकल्प गरिएको छ भने मौलिक हक अन्तर्गतको धारा ३८ मा "महिलाको हक" मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। संविधानका यि व्यवस्थाहरूले राज्यका सबै निकायको परिभाषामा देशको कानुन अनुसार स्थापित राजनीतिक दलहरूको नेतृत्वमा महिला सहभागिताको सन्दर्भमा संविधान र नेपालको कानुन अनुरूप हुनुपर्ने हुन्छ। यसै सन्दर्भमा नेपालमा राष्ट्रिय दलको मान्यता पाएका दलहरूको विधानमा नेतृत्वमा महिला सहभागिता सन्दर्भमा गरिएका व्यवस्थाको चर्चा गरिएको छ। यस आलेखको सूचनाको श्रोत कोभिड महामारीको कारणले राष्ट्रिय मान्यता पाएका दलहरूको कार्यालयमा पुग्न नसकिएपछि ती दलहरूको आधिकारिक विद्युतीय सञ्चार (वेवपेजहरू) रहेका छन्। यद्यपी सबै राष्ट्रिय दलहरूको विधान र पदाधिकारी तथा केन्द्रिय सदस्यहरूको आधिकारिक विवरण प्राप्त गर्न सकिएन। खासगरी यस स्तम्भमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र जनता समाजवादी पार्टीको पदाधिकारी तथा केन्द्रिय सदस्यहरूमा महिला सहभागिताको चर्चा गरिएको छ सम्भव भएसम्म ति दलहरूको विधानमा भएका महिला सहभागितासम्बन्धी स्पष्ट पारिएका व्यवस्था पनि चर्चा गरिएको छ।

दलहरूको केन्द्रिय पदाधिकारीहरूमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) मा महिला सहभागिता ६.६ प्रतिशत छ भने नेपाली कांग्रेसमा ८.५ प्रतिशत रहेको छ। त्यसैगरी जनता समाजवादी पार्टीको पदाधिकारीमा १४ प्रतिशत महिला रहेको छ। ती दलहरूको केन्द्रिय कमिटीमा महिला सहभागिताको चर्चा गर्दा नेपाल कम्युनिष्ट पार्टी (एमाले) मा १६.३३, नेपाली कांग्रेसमा १५.५७ र जनता समाजवादी पार्टीमा १३.३६ रहेको छ।

१. नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को विधानमा "सबै तहका निर्वाचित पार्टी कमिटीहरू स्थानीय विशेषता अनुरूप समावेशी चरित्रका हुने छन् र तिनमा न्यूनतम ३३ प्रतिशत महिला सदस्य रहनेछन्। महिला प्रतिनिधित्वको स्वरूप पनि समावेशी चरित्रको हुनुपर्नेछ। न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यहरूको स्थान खाली रहनेछ। त्यसै गरी सबै तहका पार्टी कमिटीहरूमा दलित समुदायको समावेशी प्रतिनिधित्व हुनुपपर्ने छ।"[१५] भन्ने व्यवस्था गरेको छ।

आफ्नो विधान अनुरूप नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले आफ्नो केन्द्रिय पदाधिकारी र केन्द्रिय कमिटीलाई बनाउन सकेको देखिँदैन। पार्टीको १६ जना पदाधिकारीहरूमा एक जना मात्र महिलाको सहभागिता रहेको छ भने मौजुदा २ सय२ सदस्यीय केन्द्रिय कमिटिमा ३३ जनामात्र महिला रहेका छन्।[१६] यसरी केन्द्रीय पदाधिकारीमा महिलाको सहभागिता जम्मा ६.६ प्रतिशत देखिन्छ। त्यसैगरी केन्द्रीय कमिटी सदस्यहरूमा महिला सहभागिता १६.३३ प्रतिशत मात्र देखिन्छ।

२ नेपाली कांग्रेस

नेपाली कांग्रेसको विधान, २०१७ नवौ संशोधन २०७५ को दफा २१ को उपदाफा ६ देखि ९ सम्म केन्द्रिय समिति सदस्यरू १ सय १५ जनामध्ये ४० जना महिला सहभागिता हुनुपर्ने व्यवस्था गरेको छ। यसरी उक्त विधानले संविधानको मर्म अनुरूप कूल सदस्यको एक तिहाई महिला (

---

९. सुशीला श्रेष्ठ, सहाना प्रधान स्मृतिका आँखीझ्यालबाट, पेज ९८, अनुच्छेद ४

१०. सुशीला श्रेष्ठ, सहाना प्रधान स्मृतिका आँखीझ्यालबाट, पेज ९८, अनुच्छेद ५

११. नेपालको संविधान, धारा ३८, उपधारा ४

१२. नेपालको संविधान, धारा २६९, उपधारा ४(ग)

१३. राजनीतिक दलसम्बन्धी ऐन २०७३, दफा १५, उपदफा ३

१४. राजनीतिक दलसम्बन्धी ऐन २०७३, दफा १५, उपदफा ४

१५. नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को विधान, २०४९, नवौं राष्ट्रिय महाधिवेशन, २०७१ को संशोधन सहित, धारा ६६ उपधारा ४

१६. http://cpnuml.org/content/-300.html -२०७७ चैत २४ गते हेरिएको)

१७. http://peoplesocialist.org -२०७७ चैत २४ गते हेरिएको)

पश्चिमी जगतका महिलाहरूले समान कामका लागि समाज ज्याला, भोट हाल्ने अधिकारको लडाई लडिरहेको बेला नेपाली महिला जगतमा कुनै हलचल नै भएको थिएन। उच्चतम राजनीतिक अधिकार (भोट हाल्ने अधिकार) का लागि पश्चिमी महिलाहरूले झण्डै आधा शताब्दी लामो सङ्घर्ष गर्नुपरेको थियो। विश्वमा महिला आन्दोलनहरूको एकै उद्देश्य "महिला मुक्ति" भए पनि विभिन्न देशको परिवेश अनुसार महिला आन्दोलनको स्वरूपहरू फरकफरक पाइन्छ।

३४.७८ प्रतिशत) सहभागिताको सुनिश्चितता गरेको छ। मौजुदा केन्द्रिय कार्यसमितिका नौ जना सदस्यहरूमध्ये एक जना महिला अर्थात् यो सङ्ख्या ८.५ प्रतिशत हुन जान्छ। त्यसैगरी केन्द्रिय सदस्यरू १ सय२६ जनामध्ये २० जना महिला रहेका छन्। यो सङ्ख्या १५.८७ प्रतिशत हुन्छ।

३ जनता समाजवादी पार्टी

जनता समाजवादी पार्टीको विधानमा महिला सहभागिताको बारेमा स्पष्टताका साथ उल्लेख गरेको पाइँदैन। उक्त पार्टीको केन्द्रिय कार्यकारणी समिति सदस्यरू ५० जना रहेकामा सात जना महिला सहभागिता रहेको छ।[१७] यो सङ्ख्या १४ प्रतिशत हुन जान्छ। त्यसैगरी केन्द्रिय सदस्यरू ७ सय ७८ मध्ये १ सय ४ महिला सहभागिता रहेको छ। १३.३६ प्रतिशत महिला सहभागिता रहेको देखिन्छ। यसरी विधानमा व्यवस्था गरिएको ३३ प्रतिशतमा हुनुपर्ने महिला सहभागिता व्यवहारमा गरिएको देखिँदैन।

निष्कर्ष

संविधानले स्थानीय तहमा ४० प्रतिशत, सङ्घीय संसद र प्रदेश सभामा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गरेपनि संसदमा प्रतिनिधित्व गर्ने राष्ट्रिय दलहरूको आफ्नै संरचनामा महिलाको सहभागिता झण्डै आधा रहेको छ। राष्ट्रिय मान्यता प्राप्त कतिपय दलहरूको आधिकारिक सूचना पाउन नसक्दा ती दलमा महिला सहभागिताको अवस्था उल्लेख गर्न सकिएन।

सुझाव

राजनीतिक दलहरूले संविधान तथा मानव अधिकारको अन्तर्राष्ट्रिय मान्यता अनुरूप दलहरूको प्रत्येक संरचनामा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्नुपर्ने देखिन्छ। कतिपय राजनीतिक दलहरूको विधान नयाँ संविधान घोषणा हुनुभन्दा अगाडिको भएको हुँदा संविधानको मर्म अनुरूपको महिला सहभागिताबारे स्पष्टता देखिएन। ति दलहरूले यथासम्भव महाधिवेशन आयोजना गरी विधान संशोधन गरेर संविधानको व्यवस्था अनुरूपको महिला सहभागिताको सुनिश्चितता गर्न आवश्यक छ। राष्ट्रिय मान्यता प्राप्त दलले आफ्नो विवरणहरू सार्वजनिक पहुँचका लागि आधिकारिक ढङ्गले वेवपेजको व्यवस्था गर्नुपर्ने देखिन्छ।

मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- मानवअधिकार वर्षपुस्तक (नेपाली र अंग्रेजी)
- मानवअधिकार सङ्गालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार-प्रहरी-कानुन
- मानवअधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- इन्फर्मल
- मानवअधिकार स्थितिसूचक (त्रैमासिक)
- इन्सेक अभियान (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- सुरक्षासम्बन्धी कानुनी प्रावधान
- इन्सेक अनलाईन (www.inseconline.org)
- मानवअधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षा
- मध्यमाञ्चल : जनआन्दोलन र मानवअधिकार
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)
- Reflections : FK Exchange Programme

लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।

विश्लेषण



रमेशप्रसाद तिमल्सिना

कोभिड-१९ को महामारी : मानव अधिकार, सरकार र सरोकार

सन् २०१९ को डिसेम्बरबाट देखिएको काभिड सङ्क्रमण अहिले विश्वका प्राय सबै देशमा फैलिएको छ। आनुवंशिक संरचनामा आरएनए (RNA) भएका भाइरस अर्थात् विषाणुको एउटा समूहलाई वैज्ञानिकहरूले कोरोना भाइरस (Corona virus) नामकरण गरेका थिए। भाइरसको बाह्य रूप किरीट अर्थात् श्रीपेचजस्तै भएकाले अङ्ग्रेजीमा उक्त नाम दिइएको थियो। त्यसलाई नेपालीमा 'किरीटाकार विषाणु' वा 'किरीट विषाणु' पनि भन्न सकिन्छ। तर, कोरोना भाइरस नै प्रचलित र सजिलै बुझिने नाम हो। चीनको वुहाननजिकै पशुपंक्षी व्यापार हुने एउटा बजारमा पहिलो पटक यसको सङ्क्रमण देखिएको उक्त भाइरस केही महिनामै विश्वभरि फैलियो। उक्त भाइरसको वैज्ञानिक नाम सार्स-कोभ-२ (Sars–CoV–2) हो। सङ्क्रमणबाट हुने रोगलाई कोभिड-१९ (Covid–19) भनिन्छ।[१]

कोभिड-१९ र मानव अधिकार

कोभिड-१९ को सङ्क्रमणका कारण सबै किसिमका मानव अधिकारका विषयहरू व्यक्तिले उपभोग गर्न पाएनन्। कतिपय नैसर्गिक अधिकारको उपभोग गर्नसमेत व्यक्ति वञ्चित हुन पुगे। बाँच्न पाउने मानिसको अधिकार कोभिडकै कारण हरणसमेत भएका समाचारहरू सार्वजनिक भए। नेपालको संविधानको धारा १६ र ३५, जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २(१), ३(१) र ४ का साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५, तथा नेपाल पक्ष राष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा १२ ले हरेक व्यक्तिको आकस्मिकलगायत सबै स्वास्थ्य सेवा लिन पाउने अधिकारको प्रत्याभूत गरेको छ। यी प्रावधानहरू अनुसार आमनागरिकको स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि तीनै तहका सरकारको पहलकदमीको महसुसजन्य कदमको अझै खाँचो छ।

संविधान र कानुनमा स्वास्थ्यको अधिकार

नेपालको संविधानले स्वास्थ्यको अधिकारलाई सुनिश्चित गरेको छ। आमनागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हकका साथै बाँच्न पाउने नैसर्गिक अधिकारको सुनिश्चितता संविधानले नै गरेको छ। यसको कार्यान्वयन तीनै तहका सरकारले गर्नुपर्ने हुन्छ। मानव अधिकारको प्रत्याभूत गराउने सरकारका काममा आम नागरिकले सहयोग गर्ने भूमिका त छँदैछ। तर, सरकारले नै निःशुल्क उपलब्ध गराउने भनेका औषधिहरू स्वास्थ्य संस्थामा पाइँदैन। दरबन्दी अनुसारका चिकित्सक स्वास्थ्य संस्थामा उपलब्ध हुँदैनन्। दरबन्दी भएका स्वास्थ्य संस्थामा पनि चिकित्सक खटिँदैनन्। विशेषज्ञ चिकित्सकको प्राथमिकता ग्रामीण क्षेत्र पर्दैन। यी कारणले दूरदराजका नेपाली सर्वसुलभ स्वास्थ्य सेवाबाट वञ्चित छन्। यस्तो परिस्थितिको अन्त्यका लागि तीनै तहका सरकार स्वास्थ्यकेन्द्रित गतिविधिमा लाग्नु पर्ने टड्कारो खाँचो छ।

स्वास्थ्यको अधिकार संविधानले नै सुनिश्चित गरेको मौलिक हक हुँदाहुँदै पनि यसबिचमा नेपाली नागरिकले सहजै सो अधिकार उपभोग गर्न पाएनन्। स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार हुने, स्वास्थ्यसँस्थामा औषधि तथा स्वास्थ्यकर्मीको अभाव हुने जस्ता समस्या यो अवधिमा भए। उपचार नपाएर मृत्यु भएका र अस्पतालले उपचार गर्न नमानेर मृत्यु भएका समाचार पनि यसबिचमा सार्वजनिक भए। क्वारेण्टाइनमा राम्रो व्यवस्था नभएको, हजारौँको सङ्ख्यामा भारतबाट आएका नेपालीलाई उचित व्यवहार नगरिएको, स्वास्थ्य उपचारमा लापरबाही गरिएको, मानव अधिकार रक्षक त्यसमध्ये पनि स्वास्थ्यकर्मी, पत्रकार तथा शिक्षकमाथि कुटपिट तथा दुर्व्यवहार भएका र महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना यो अवधिमा सार्वजनिक भए। तेस्रो मुलुकबाट आउने नागरिकलाई हवाइजहाजमा ल्याएर होटल क्वारेण्टाइनमा राख्ने तथा भारतबाट आउने नागरिकलाई कुटपिट गर्ने जस्ता घृणित गतिविधिसमेत यो अवधिमा भए। बाहिरी मुलुकबाट आउने आफ्ना नागरिकलाई समान अवसर दिने र समान व्यवहार गर्ने काममा सरकार चुक्यो।

नेपालको संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने उल्लेख छ। तर, कोभिड सङ्क्रमितको उपचार निःशुल्क गर्न नसकिने स्वास्थ्य मन्त्रालयले जनाएपछि सर्वोच्च अदालतमा रिट दायर गरिएको थियो। सो रिट उपर सर्वोच्च अदालतले २०७७ असोज १५ गते कोभिड-१९ को परीक्षण निःशुल्क गर्न सरकारका नाममा परमादेश जारी गऱ्यो। स्वास्थ्य मन्त्रालयको सूचना पछि कोभिड-१९ को निःशुल्क उपचार गरिरहेका सरकारी अस्पतालहरूले बिरामी भर्ना हुनुअघि धरौटी राख्नुपर्ने रकमको सूची प्रकाशन गरे। कोभिड-१९ सङ्क्रमणको परीक्षण र उपचार निःशुल्क पाउनु पर्ने नागरिकको संवैधानिक अधिकार भएको सर्वोच्च अदालतको आदेश पुनरावलोकन गर्न माग गर्दै सरकारले असोज १५ गते पुनरावलोकन गर्न निवेदन दियो। सर्वोच्चले कात्तिक २० गते सो निवेदन खारेज गऱ्यो। यो आदेशसँगै कोभिड सङ्क्रमितको निःशुल्क उपचार गर्न सरकार बाध्य भयो।

विश्वमा कोभिड कहर

कोभिड-१९ का कारण विश्वका धेरै देशमा सङ्क्रमण फैलिएको छ। विश्वका सबैभन्दा बढी कोभिड-१९ का सङ्क्रमित भएका १० देशहरूमा क्रमशः अमेरिका, भारत, ब्राजिल, रुस, फ्रान्स, टर्की, बेलायत, अर्जेन्टिना, कोलम्बिया र स्पेन रहेका छन्। यी १० देशमा मात्रै ०७८ साउन १३ गतेसम्म १२ करोड ४५ लाख ३६ हजार ५ सय ९ जना सङ्क्रमित भएका छन् भने

१. https://www.bbc.com/nepali/news-52266607

विश्वभर १९ करोड ६६ लाख ४२ हजार ३ सय ३ जना सङ्क्रमित भएका छन्।[२]

साउन १३ गतेसम्मको तथ्याङ्क अनुसार सार्क मुलुकमा ३ करोड ४९ लाख ६९ हजार १ सय ६१ जना सङ्क्रमित भएका छन् भने सङ्क्रमितको सङ्ख्या अनुसार नेपाल चौथो स्थानमा पर्छ। वल्डोमिटरका अनुसार नेपाल धेरै सङ्क्रमित भएका देशहरूमा ३९ औँ स्थानमा छ। वल्डोमिटरले २ सय २२ मुलुकको सूची राखेको छ।

सार्क राष्ट्रमा कोभिड सङ्क्रमण र मृत्यु			
क्र.सं.	देश	सङ्क्रमित	मृत्यु
१	भारत	३, १५, २६, ६२२	४,२२, ६९५
२	बङ्गलादेश	१२,१०,९८२	२०,०१६
३	पाकिस्तान	१०,१५,८२७	२३,१३३
४	नेपाल	६,८८,३०७	९,७९१
५	श्रीलङ्का	३,०१,८३२	४,२५८
६	अफगानिस्तान	१,४५,९९६	६,६१५
७	माल्दिभ	७७,०९४	२२०
८	भुटान	२,५०१	२
९	**जम्मा**	**३,४९,६९,१६१**	**४,८६,७३०**

नेपालमा कोभिड-१९

०७७ मङ्सिर महिनायता कम हुँदै आएको कोभिड-१९ को सङ्क्रमण दरमा ०७८ वैशाखदेखि वृद्धि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हरेक दिन सार्वजनिक गर्ने प्रतिवेदनमा उल्लेख छ । भारतमा कोभिड सङ्क्रमणको दोस्रो र तेस्रो लहर सुरू भएपछि नेपालमा पनि सङ्क्रमित हुनेहरूको सङ्ख्या बढेको हो। नेपालमा २०७६ साल माघ ९ गते पहिलो सङ्क्रमित फेला परेका थिए। दुई महिनापछि चैत १० गते दोस्रो सङ्क्रमित फेला परेलगत्तै सरकारले चैत ११ गतेबाट लकडाउन (बन्दाबन्दी)को घोषणा गरेको थियो। एक साताका लागि भनेर गरिएको बन्दाबन्दीको अन्त्य २०७७ साउन ७ गतेमात्रै भयो। तर, देशका विभिन्न जिल्ला प्रशासन तथा स्थानीय तहले त्यसपछि पनि निषेध आदेश जारी गरेका थिए। बन्दाबन्दीको शुरुआत भएको १० दिनदेखि *इन्सेक अनलाइन*ले कोभिड-१९ को दैनिक अपडेट प्रकाशन गरी आम नागरिकलाई कोभिड-१९ बारे सुसूचित गर्न थालेको थियो। दैनिक अपडेट यो लेख तयार पारेको दिनसम्म एकदिन पनि नबिराइ नियमित गरिएको छ। २०७७ असोज २७ गतेदेखि साप्ताहिक अपडेट र विश्लेषणसमेत इन्सेक अनलाइनमा प्रकाशन गरिएको छ।[३] दोस्रो लहर आएसँगै ०७८ वैशाख १६ गतेबाट जिल्ला प्रशासन कार्यालयहरूले निषेद आदेश जारी गरे। ०७८ साउन १३ गतेसम्म नेपालमा ६ लाख ८८ हजार ३ सय ७ जनामा कोभिड पोजेटिभ देखिएको छ। एउटै व्यक्तिलाई पटकपटक जाँच गर्दा पोजेटिभ नतिजा आएमा सोसमेत गणना हुने भएकाले उपलब्ध सङ्ख्यालाई व्यक्ति भनिएपनि पोजेटिभ केस भन्नु उपर्युक्त हुन्छ। परीक्षण गरिएकामध्ये १९.३ प्रतिशतमा कोभिड पुष्टि भएको तथ्याङ्कले देखाउँछ। ६ लाख ४९ हजार ७२ जना निको भएका छन् भने ९ हजार ७ सय ९१ जनाको ज्यान गएको छ।

महामारीमा सञ्चार

पहिला संसार निकै टाढा थियो। सञ्चारले संसारलाई नजिकै ल्यायो। सञ्चारको पहुँच नहुँदा एउटा देश वा महादेशमा रोग फैलिँदा अरुलाई थाहापत्तो लाग्दैनथ्यो। वास्ता पनि हुँदैनथ्यो। तर, अहिले सबका सब चासो छ। चिन्ता छ। यो सबै सञ्चारले जुराएको संयोग हो। यस्तो बेलामा सञ्चार माध्यमले आम नागरिकलाई सकारात्मक उर्जा दिने समाचारलाई विशेष प्राथमिकतामा राख्नु आवश्यक छ। एउटा गलत र भ्रामक समाचारले लाखौँ मानिसलाई भ्रममै बाँच्न बाध्य बनाउँछ। सञ्चार माध्यमको जिम्मेवारी अरू बेलामा भन्दा महामारीका बेलामा झन् बढी हुन्छ। तर, हाम्रोमा त्यस्तो देखिएन। अहिले सञ्चारले विश्वलाई एक गाउँको रूपमा समेटेको छ। त्यसैले अहिले गाउँगाउँमा टोलटोलमा र घरघरमा कोभिडको चर्चा छ। चर्चा चल्नुसम्म त स्वभाविकै हो त्यसमाथि के गर्ने के नगर्ने भन्ने अवस्थासम्म पनि सञ्चारले नेपाली नागरिकलाई बल दिएको छ। जुन विषय विज्ञता प्राप्त भन्दा अन्य व्यक्तिले गर्ने काम होइन। यस्तै काममा सञ्चार क्षेत्रको पनि आतङ्क छ। कोभिडको सन्त्रासका सन्दर्भमा मैले जनस्वास्थ्य विज्ञ डाक्टर रविन्द्र समिरसँग कुरा गर्दा उहाँले 'सबैभन्दा बढी डराउनुपर्ने विषय सञ्चारमाध्यम हो। सञ्चारमाध्यमले झुठा समाचार प्रकाशन गर्ने गरेका छन्। म दावी गरेर भन्न सक्छु अहिले ९० प्रतिशत झुठा समाचार आइरहेका छन्। अनलाइनहरूले आफ्नो 'भ्यूअर' बढाउन चाहन्छन्। हामीपनि सनसनीवाला समाचार चाहन्छौँ।' भन्नु भएको थियो। त्यसैले समयमा नै सचेत बनौँ मिडियाको मुर्खतामा आफू चेपुवामा नपरौँ। सञ्चार माध्यमको सनसनी पूर्ण समाचारलाई पत्याएर शेयर गरी नहालौँ। कोभिडबाट त बचिएला तर त्यस्ता सञ्चार माध्यमबाट फेरिफेरि बाँच्न मुस्किल छ।

कोभिड-१९ को खोप

कोभिड १९ को सङ्क्रमण रोक्ने खोपको विकास तथा उत्पादनमा विश्वभरका वैज्ञानिकहरू लागि परेका छन्। अहिलेसम्म एक दर्जनभन्दा धेरै भ्याक्सिन प्रयोगमा आइसकेका छन् भने केही भ्याक्सिन चिकित्सा परीक्षणको विभिन्न चरणमा छन्। तथ्याङ्कअनुसार अहिले विश्वमा १ सय ओटा भन्दा बढी कोभिड-१९ खोप क्लिनिकल ट्रायलमा रहेका छन्। झण्डै २ सय ओटा खोपहरू चिकित्सा परीक्षण पूर्वको अवस्था अर्थात् प्रिक्लिनिकल डेभलपमेन्टको अवस्थामा छन्। क्लिनिकल ट्रायलको अन्तिम अवस्थाका १७ ओटा खोपहरू आम प्रयोगमा आइसकेका छन्।[४] नेपालमा पहिलो चरणमा कोभिसिल्ड र दोस्रो चरणमा भेरोसेल नामका खोप प्रयोगमा आइसकेका छन्। हालैका दिनमा जोन्सन एण्ड जोन्सन खोपसमेत प्रचलनमा आइसेकेको छ। कोभिसिल्ड र भेरोसेल दुई डोज लगाउनु पर्ने भएपनि जोन्सन एण्ड जोन्सन भने एक डोज मात्रै लगाए पुग्ने स्वास्थ्य मन्त्रालयले जनाएको छ। स्वास्थ्य मन्त्रालयले २०७८ साउन १३ गतेसम्म पहिलो मात्रा खोप लगाउनेको सङ्ख्या ३५ लाख ४४ हजार ४३ र पूर्ण खोप लगाउनेको सङ्ख्या १५ लाख ३ हजार ३ सय १२ रहेको छ।[५]

विश्व स्वास्थ्य सङ्गठनबाट प्रयोगको लागि स्वीकृत भएका कोभिड-१९ विरुद्ध हालसम्मका प्रभावकारी खोपहरूमा फाइजर/बायोटेक (९४ प्रतिशत प्रभावकारी), मोर्डोना (९४ प्रतिशत प्रभावकारी), नोभाभेक्स (८९ प्रतिशत प्रभावकारी), बेलायतको अक्सफोर्ड

२. https://www.worldometers.info/coronavirus/
३. https://inseconline.org/np
४. https://www.gavi.org/vaccineswork
५. https://covid19.mohp.gov.np/covid/englishSituationReport/60f6ac8c2b610_SitRep527_COVID-19_20-07-2021_EN.pdf

एस्ट्राजेनेका खोप (८१ प्रतिशत प्रभावकारी), रूसको स्पुतनिक खोप (९२ प्रतिशत प्रभावकारी) तथा चीनको सिनोफार्म कम्पनीको भेरोसेल (७८ प्रतिशत प्रभावकारी) रहेका छन्। अक्सफोर्डले उत्पादन गरेको कोभिशिल्ड खोपको पहिलो र दोस्रो मात्राको कति अन्तरमा खोप लगाउँदा खोपको प्रभाकारितामा वृद्धि हुन्छ भन्ने अध्ययन भएको थियो। उक्त अन्तर्राष्ट्रिय अध्ययन अनुसार तीन हप्ता र १२ हप्ताको अन्तरालमा खोप दिंदाको प्रभाकारिताको अध्ययन गरिएको थियो। नतिजा अनुसार पहिलो र दोस्रो डोजको अन्तर तीन हप्ता भन्दा १२ हप्ताको फरकमा दोस्रो डोज खोप लगाउँदा ३.५ गुणा धेरै एन्टिबडी निर्माण भएको देखिएको हुँदा वैज्ञानिकहरूले पहिलो खोप लिए पश्चात् १२-१६ हप्ताको फरकमा दोस्रो मात्राको खोप लिन सुझाव पेश गरेका छन्।[६]

बजेट: स्वास्थ्य क्षेत्र प्राथमिकतामा

आर्थिक वर्ष ०७८/७९ को बजेट कार्यक्रममा सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको छ। अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा जेठ १५ गते प्रस्तुत कुल १६ खर्ब ४७ अर्ब ५७ करोड रुपियाँको बजेटमध्ये ७.४५ प्रतिशत अर्थात् १ खर्ब २२ अर्ब ७७ करोड रुपियाँ स्वास्थ्य क्षेत्रका लागि छुट्याइएको छ। स्वास्थ्य क्षेत्रका लागि छुट्याइएको बजेटमा सबैभन्दा धेरै खोप खरिद, कोभिड-१९ उपचार तथा नियन्त्रणमा विनियोजित छ। आगामी आर्थिक वर्षको बजेटमा खोप व्यवस्थापनका लागि २६ अर्ब २५ करोड रुपियाँ र कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि ३७ अर्ब ५३ करोड रुपियाँ विनियोजन गरिएको छ। संवैधानिक प्रावधानहरू अनुसार आम नागरिकको स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि बजेटले प्राथमिकता दिएको क्षेत्र कागजमा मात्रै सीमित भएन भने आगामी वर्ष आम नागरिकको स्वास्थ्यको अधिकारमा विगतभन्दा राम्रो पहुँच हुने छ। बजेटमा उल्लिखित विषयको कार्यान्वयन आर्थिक वर्षको सुरूवातसँगै गर्ने व्यवस्थाका लागि संरचनागत क्षेत्रमा गर्नुपर्ने सुधारमा सरकारको ध्यान बेलैमा आकृष्ट हुनु आवश्यक छ।[७]

कानुनी प्रावधान कार्यान्वयनको चुनौती

हरेक क्षेत्रमा नेपाललाई लाग्ने गरेको आरोप भएका कानुनी तथा संरचनागत व्यवस्थाको पूर्ण कार्यान्वयन नै हो। संविधान, ऐन, नीति तथा बजेटमा भएका व्यवस्थाको पनि कार्यान्वयन चुनौती यस्तै नहोला भन्न सकिने आधार तय भइसकेको देखिँदैन। हाम्रो यहि संरचना र काम गर्ने परिपाटीले उल्लिखित विषयको पूर्ण कार्यान्वयन हुन्छ भन्न सकिने अवस्था छैन। आशा त गर्ने पर्छ तर विश्वास गर्नलाई विगत वर्षहरूमा गरिएको कार्यान्वयनले झस्काउँछ। विगतमा पनि नागरिकको आधारभूत स्वास्थ्य अधिकारका संवैधानिक र कानुनी व्यवस्थालाई आम नागरिकले उपभोग गर्न नपाएका कैयन् उदाहरण छन्। विगतमा नि:शुल्क औषधि वितरण गर्ने त भनियो तर प्रशासनिक झञ्झटलगायतका कारण पनि औषधि समयमा नै उपलब्ध गराउन सरकार असमर्थ नै रह्यो। प्रशासनिक झञ्झटलाई हटाउने र स्वास्थ्य जस्तो संवेदनशील सेवा समयमा नै प्रदान गर्ने कार्यमा सरकारी संयन्त्र चुस्तदुरुस्त बनाउने चुनौती सरकार सामु छ। सरकारले चाहेमा यस्ता चुनौतीलाई सहजै पार लगाउन सक्छ। नागरिकसँगको नियमित अन्तरक्रिया र सहभागिताले मात्रै अगाडि देखापरेका चुनौतीको सामना गर्न सकिन्छ। अगाडि आइलागेका चुनौतीको सामनाका लागि सहभागितामूलक विधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ। चुनौतीको सामनाका लागि नागरिकसँग सरकारले साझेदारी गर्नु जतिको उपर्युक्त बाटो अरु केही छैन।

कोभिड परीक्षणमा स्थानीय नागरिक

नेपालमा सुरूसुरूमा कोभिड सङ्क्रमितलाई गरिएका दुर्व्यवहारका घटनाको 'साइड इफेक्ट' कोभिड परीक्षणमा देखिएको छ। काठमाडौँमा नै स्वास्थ्यकर्मीलाई समेत दुर्व्यवहार गरिएका घटनाका कारण धेरै सङ्क्रमितले कोभिड परीक्षणमा अरूची देखाएका छन्। अरूचीका कारण अरू पनि हुन सक्छन् मुख्यत: दुर्व्यवहारको त्रास र कोभिड सङ्क्रमितको खास उपचार नहुनु नै हो। गोरखाको बारपाकमा करिब १ हजार ५ सय परिवार छन्। गाउँभरि रुघाखोकी, ज्वरो र पखालाका बिरामी हुँदा पनि अधिकांशले कोभिड परीक्षण गर्न मानेनन्। २ सय ५० जनाको परीक्षण गर्ने सामग्रीसहित बारपाक पुगेको स्वास्थ्यकर्मीको टोलीले १८ जनाको स्वाब लिएर फर्कनु पर्‍यो। लक्षण देखिएको १५ दिनमा १३ जनाको मृत्यु भयो। मृत्यु भएका अधिकांशमा रुघाखोकी र ज्वरो देखिएको थियो। बारपाक सुलिकोट गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख कृष्ण भट्टका अनुसार पीसीआर तथा एन्टिजेन प्रविधिबाट १ सय १३ जनाको परीक्षण गर्दा ६३ जनामा सङ्क्रमण पुष्टि भयो। कोभिड सङ्क्रमण पुष्टि भएमा गाउँलेले फरक व्यवहार गर्ने त्रासका कारण स्थानीयले परीक्षण गर्न नै नमानेका हुन्।[८] पछिल्लो समय 'कोरोना जचाउने होइन पचाउने हो' भन्ने त स्थानीय नागरिकको मुखमै झुण्डिएको छ। अस्पताल, स्वास्थ्यकर्मीको उपलब्धता र दुर्व्यवहार गर्नेलाई दण्ड सजाय गरेका पत्यारलाग्दा समाचार सार्वजनिक नभएसम्म कोभिड परीक्षणमा नागरिकको अरूची नै रहने अनुमान गर्न सकिन्छ। जसका कारण कोभिड फैलने सम्भावना निकै हुन्छ।

नेपाली सभ्यताको पुन: प्रयोगको अवसर

यो रोग स्वास प्रश्वासबाट फैलने रोग हो। हाम्रो पुर्वीय दर्शनले भने अनुसारका 'नमस्ते गरौँ। बाहिरबाट आएपछि बालबालिकालाई छुनु अघि आगो वा पानी छुने गरौँ।'-भनेका कुरालाई एकैछिन विचार गरौँ। हात कसको सफा छ कसको फोहोर कसरी थाहा पाउनु ? त्यही भएर नमस्ते गरेमा छुनु पर्दैन। नमस्ते गर्दा भौतिक दुरी कायम हुन्छ। आउने बित्तिकै नछुँदा संसर्गबाट लाग्ने रोग सर्दैन। बाहिरबाट आएका मानिसले हात गोडा धोएर वा आगोमा हात सुख्खा गरेर बालबालिका लिँदा भाइरस मर्ने हुँदा सम्भावित जोखिम टर्छ। मृत्यु कर्मका क्रममा किरिया बस्ने चलनले उनीहरूलाई प्राय: सरुवा रोगले छुँदैन। उसले आफ्नो खाना आफैँ बनाएर खान्छ। छुट्टै बस्छ। एक हिसाबले त्यो पनि आइसोलेशन हो। यो धर्मसँग जोडिएको कुरा हो। तर, यसमा वैज्ञानिक कारण पनि रहेछन्। हाम्रा सभ्यतामा भएका कर्महरूको वैज्ञानिकता खोज्ने र वैज्ञानिक आधार पुष्टि भएसम्म सभ्यतालाई जोगाउने तिर सोच्ने बेला आयो। धार्मिक आस्थाकै आधारमा भएपनि रोग नलाग्ने वा नसर्ने बाटोको खोजी गरी जगेर्ना गरौँ। आफ्नोपन प्रयोग गर्दा रोग सर्दैन भने आफ्नोपनको बढावा दिनु उचित हुन्छ।

कोभिड नियन्त्रणमा सरकारी कदम

नेपाल सरकार मन्त्रीपरिषदको २०७६ माघ २० गतेको बैठकले सङ्घ अन्तर्गत रहने गरी ३ सय शैयासम्मको

६. https://www.bbc.com/nepali/news-54244740

७. https://drive.google.com/file/d/1zNg3ec94FYmeaUimttPoeFWZPcDJ3twj/view

८. https://www.onlinekhabar.com/2021/05/960709

राष्ट्रिय सरूवा रोग अस्पताल निर्माण गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरेको थियो। त्यसैगरी सोही बैठकले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल वा नेपाल प्रवेश गर्ने स्थलगत नाकामा रहेका स्वास्थ्यकर्मीलाई नेपाल प्रवेश गर्ने कुनै यात्रुलाई नोभल कोरोना भाइरस लागेको शङ्का लागेमा आवश्यक व्यवस्थाका लागि तोकेको अहस्पताल तथा स्थानमा राख्ने प्रयोजनका लागि आदेश जारी गर्ने निर्णय गरेको थियो।[९] फागुन १८ गते बसेको बैठकले उपप्रधान एवम् रक्षामन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा ११ सदस्यीय नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति गठन गरेर कोभिडविरूद्धको कार्यारम्भ गरेको थियो।[१०] यसैगरी मन्त्रीपरिषदको बैठकबाट कोभिड प्रतिकार्यका लागि निकै लोकप्रिय निर्णय गरिएको छ। तर, कार्यान्वयनका सन्दर्भमा सरकार चुकेको छ। अरु त अरु नागरिकको मौलिक अधिकारका रूपमा स्थापित स्वास्थ्यको अधिकार प्राप्तिका लागि अदालतसम्म पुग्नु पर्ने अवस्था आयो। सरकारले उपचारमा गरेको बेवास्ता, निजी अस्पतालको मनोमानी रोक्न नससक्दा कोभिड सङ्क्रमितले अकालमै ज्यान गुमाउनु परेको छ। कोभिड सङ्क्रमितको उपचारका नाममा बहिरङ्ग सेवा बन्द गर्दा अन्य बिरामीले समेत समयमा उपचार पाउन सकेनन्।

सरकारले ०७७ मङ्सिर १५ गते सङ्घीय सरकारले सात ओटै प्रदेशका ३ सय ९६ ओटा स्थानीय तहमा पाँच, १० र १५ शैयाका अस्पतालको शिलान्यास गऱ्यो। यि अस्पतालमा ४ हजार ८ सय ७५ ओटा शैया तय गरिएको थियो।[११] पाँच शैयाका अस्पताल निर्माणका लागि ७ करोड ११ लाख ९८ हजार रुपियाँ, १० शैयाका अस्पताल निर्माणका लागि १० करोड ८३ लाख ३६ हजार रुपियाँ र १५ शैयाका अस्पतालका लागि १८ करोड ६८ लाख २० हजार रुपियाँ गरी कुल ३६ करोड ६३ लाख ५४ हजार रुपियाँ विनियोजन गरेको सरकारी पत्रिका गोरखापत्रले जनाएको छ।[१२] यि अस्पताल दुई वर्षभित्र सञ्चालन गरिने महत्वाकांक्षी योजना रहेको छ। जुन स्वास्थ्य क्षेत्रका लागि कोशेढुङ्गा साबित हुन सक्छ।

२०७७ मङ्सिर १५ गते शिलान्यास अस्पताल र शैय्याको विवरण



कोभिडबाट सिकिएका पाठ

नेपाली समाजमा भएको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, चेतनास्तर, साक्षरतामा भएको वृद्धिलाई सही रूपमा प्रयोगमा ल्याउनु पर्छ। यो अवधिमा सरकारले गरेका राम्रा अभ्यासलाई निरन्तरता दिने तथा सुधार गर्नु पर्ने पक्षलाई सरकारी संयन्त्रबाटै सुधार गर्नु जरुरी छ। अहिलेसम्मको अवस्थालाई विश्लेषण गर्दा कोभिड-१९ को सङ्क्रमण फैलन नदिनका लागि स्वास्थ्य अनुशासनको पालना नै महत्वपूर्ण भएको हुँदा सोको लागि नागरिक सचेतना बढाउनु आवश्यक छ। यो अवधिमा कलकारखाना, उद्योगधन्दा बन्द हुँदा रोजगारी गुमेकाहरूको वैकल्पिक रोजगारीको व्यवस्थाका लागि तीनै तहका सरकारको तदारूकता आवश्यक छ। आमनागरिकलाई परेको पीडा र मर्कामा तीनै तहका सरकारले संरक्षणका नीति अघि सार्नु आवश्यक छ। स्वास्थ्य अनुशासन पालना गर्ने, विज्ञको सुझाव अनुसार आफ्नो दैनिकी सञ्चालन गर्ने र हाम्रा मौलिक संस्कारलाई वैज्ञानिकताको कसीमा राखेर व्याख्या र अनुशरण गर्नु आवश्यक छ।

अहिलेसम्मको कोभिड महामारी र प्रतिकार्यका कामबाट हामीले समग्र स्वास्थ्यका क्षेत्रमा निकै काम गर्नुपर्ने देखिएको छ। स्वास्थ्य सचेतना, अस्पताल, उपकरण र दक्ष जनशक्तिको उपलब्धताका लागि हामीले गर्नुपर्ने काम निकै बाँकी भएको कोभिड महामारीले सिकाएको पाठ हो। हरेक स्थानीय तहमा अस्पताल, उपकरण र जनशक्तिको व्यवस्था अनिवार्य छ। बेरोजगारी अन्त्यका विषयमा पनि घनिभूत छलफलको आवश्यकता छ। यस्तो महामारीका कारण बेरोजगार बनेका व्यक्तिलाई कसरी सम्बोधन गर्ने भन्ने सुत्र तीनै तहका सरकारसँग देखिएन। सबैभन्दा ठूलो चपेटामा परेको क्षेत्र शिक्षा हो। बालबालिकालाई दिइने शिक्षाले भोलको समाज कस्तो बन्ने भन्ने निर्धारण गर्छ। तसर्थ उनीहरूलाई दिइने शिक्षको प्याकेज प्रविधिमैत्री बनाएर अगाडि बढ्नका लागि दीर्घकालीन योजना बनाउनु पर्ने आवश्यकता टड्कारो छ। कोभिड-१९ को साप्ताहिक विश्लेषण र दैनिक अपडेट https://inseconline.org/np मा उपलब्ध छ।

९. https://bit.ly/2USywTG
१०. https://bit.ly/3iYGRx5
११. https://www.nayapatrikadaily.com/news-details/55632/2020-11-30
१२. https://gorkhapatraonline.com/health/2020-11-30-27403

विश्लेषण

वि.पि. अधिकारी

शरणार्थी संरक्षणका सरोकार

पृष्ठभूमि

शरणार्थी समस्या व्यक्तिको सुरक्षा तथा आधारभूत मानव स्वतन्त्रतासँग घनिष्ठ रुपमा गाँसिएको हुन्छ। आफ्नो जीवनको सुरक्षा र स्वतन्त्रताहरूको संरक्षणका लागि आफ्नो देश छोड्नु बाहेक अर्को विकल्प बाँकी रहदैँन र मानिसहरू शरणार्थी बन्न पुग्दछन्। सरकारले आफ्नो देशमा रहेका नागरिकहरूको आधारभूत मानवअधिकार र सुरक्षाको प्रत्याभूति गर्नुपर्दछ। जब सरकार आफ्ना नागरिकहरूको आधारभूत मानव अधिकार तथा सुरक्षाको प्रत्याभूति गर्न असक्षम हुन्छ वा चाहदैँन त्यस अवस्थामा व्यक्ति शरणार्थी बन्न पुग्दछ। शरणार्थी त्यस्तो व्यक्ति हो जो आफ्नो देश भन्दा बाहिर हुन्छ र उसलाई जात, धर्म, राष्ट्रियता, कुनै विशेष सामाजिक समूहको सदस्य भएको वा राजनीतिक विचारधाराकै कारणले गर्दा उसको आफ्नो देशमा उत्पीडन हुनसक्ने प्रबल भय हुन्छ। यस्तो अवस्थामा त्यस्ता व्यक्ति आफ्नो देशको संरक्षण प्राप्त गर्न असमर्थ हुन्छ वा अनिच्छुक हुन्छ।

शरणार्थी संरक्षणको आवश्यकता

आफ्नो थाकथलो छाडी अर्काको देशमा शरण माग्ने भएकाले शरणार्थीहरु निसाहारा हुन्छन्। यस्तो अवस्थामा शरणार्थीहरुलाई विशेष संरक्षणको जरुरत पर्दछ। शरणार्थीलाई संरक्षण गर्नुको मुख्य आधार भनेको मानवीयता नै हो जो मानवअधिकारको प्रमुख विषय अन्तर्गत पर्न आउँछ। व्यक्तिको स्वतन्त्रतापूर्वक बाँच्न पाउने हक सबैभन्दा महत्वपूर्ण हक हो। जब यो हकको हनन् हुन्छ, तब व्यक्ति शरणार्थी हुन बाध्य हुन्छ। आफ्नो नागरिकता वा पहिले बसोबास गरेको देशमा व्यक्तिले जब सुरक्षा, संरक्षण, स्वतन्त्रता, सहभागिता र पहिचानजस्ता मानवोचित अवस्थाहरू गुमाउँछ तब ऊ शरण माग्न अर्को राष्ट्र पुग्दछ। 'शरणको मरण गर्न नहुने' नेपालको लामो परम्पराले पनि शरणार्थीको संरक्षणको आवश्यकता स्पष्ट रुपमा देखाउँदछ। "उत्पीडनबाट बच्न प्रत्येक व्यक्तिलाई अरू देशमा शरण माग्ने र त्यसको उपभोग गर्ने अधिकार छ" भनी मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १४ (१) ले शरण पाउने अधिकारलाई मानवअधिकारको रुपमा स्थापित गरेको छ। शरणार्थीको हैसियत प्राप्त गरिसकेको व्यक्ति अन्तर्राष्ट्रिय कानुनको विषय हुन्छ। शरणार्थीको हैसियत निर्धारणसम्बन्धी १९५१ को महासन्धि अनुसार प्रत्येक शरणार्थीले संरक्षण प्राप्त गर्ने अधिकार राख्दछ। शरणार्थीलाई उत्पीडन हुने देश तथा ठाउँमा फिर्ता पठाउन मिल्दैन्। त्यस्तो देश वा ठाउँमा फिर्ता पठाएमा उनीहरूको जीवन तथा आधारभूत स्वतन्त्रताहरू खतरामा पर्दछन्। त्यसैले शरणार्थीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षणको आवश्यकता पर्दछ।

शरणार्थी बन्न नसक्ने अवस्थाहरु

देश छाडेर अर्को देशमा शरण मारदैमा शरणार्थी भइहालिदैन। शरणार्थीको मान्यता प्राप्तिका लागि सम्बन्धित गन्तव्य देशमा शरणार्थीको हैसियत प्राप्त गर्न अपनाइएका प्रक्रियाहरु पूरा गर्नुपर्दछ र संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्चायुक्तको निश्चित प्रक्रिया पूरा गरी आवश्यक दस्तावेज र परिस्थितिलाई मध्येनजर गरी राष्ट्रसंघीय शरणार्थी सम्बन्धी उच्चायुक्तको कार्यालयबाट मान्यता प्राप्त गरेपछि वा सम्बन्धित राष्ट्रले शरणार्थीको हैसियता प्रदान गरेपछि मात्रै शरणार्थीको हैसियता प्राप्त हुन्छ। तथापि, शान्ति विरुद्धको अपराध, युद्ध अपराध वा मानवता विरुद्धको अपराध गरेको व्यक्ति, शरणको देशभित्र प्रवेश गर्नुभन्दा पहिले गैर-राजनीतिक प्रकृतिको गम्भीर अपराध गरेको व्यक्ति, संयुक्त राष्ट्रसंघको उद्देश्य र सिद्धान्तहरूको विपरीत कार्य गरेको भनी दोषी ठहरिएको व्यक्तिले शरणार्थीको संरक्षण प्राप्त गर्न सक्दैनन्।

शरणार्थीका समस्या

शरणार्थी भइसकेपछि राज्य विहीनताको अवस्था सिर्जना हुन्छ। उत्पत्ति राष्ट्र छाडिसकेको र शरण दिने राष्ट्रले शरणार्थीको हैसियत प्रदान नगरुञ्जेल राज्य विहिनताको अवस्था हुन्छ। राज्यविहिनाता सँगसँगै शरणार्थीहरुको पहिचान रहितताको अवस्था सिर्जना हुन्छ। राज्यता विहिनता र पहिचान विहिनताको अवस्थाले शरणार्थीहरुका सबै मानव अधिकारहरु कुण्ठित हुन पुग्छन्। सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्र रुपमा घुमफिर गर्न पाउने, पेशा/व्यवसाय संचालन गर्न पाउने, संघसंगठनमा आबद्धता हुन पाउने, उच्च शिक्षा हासिल गर्न पाउने, उचित स्वास्थ्य उपचार लगायत आर्थिक, सांस्कृति, सामाजिक, नागरिक तथा राजनैतिक सबै अधिकारहरुबाट बञ्चित गराउँदछ। मानव भएकै कारण प्राप्त हुने जन्मसिद्ध यस्ता अधिकारहरुबाट पूर्ण रुपमा बन्देज हुन परेपछि शरणार्थीहरुमा नैराश्यता र उदासिनताले राम्रो स्थान पाउँछ जसले गर्दा मानसिक समस्या झेल्न शरणार्थीहरु बाध्य हुने गर्दछन्।

शरणार्थीको संरक्षणमा नेपालको दायित्व

(क) अन्तर्राष्ट्रिय प्रावधानहरु

शरणार्थीको हैसियत निर्धारण गर्ने सम्बन्धी १९५१ को महासन्धि तथा यसको १९६७ को आलेखलाई नेपालले अनुमोदन गरेको छैन। तथापि, नेपाल पक्षराष्ट्र भएका मानवअधिकारका सन्धिहरू अन्तर्गत शरणार्थीहरूलाई संरक्षण प्रदान गर्नु पर्ने दायित्व नेपालको रहेकोछ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १४ ले अरु देशमा शरण माग्ने र पाउने अधिकारलाई मानवअधिकारको रुपमा स्थापित गरेकोछ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ७ ले कसैलाई पनि यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गरिने वा सजाय दिन नपाईने व्यवस्था गरेको छ। त्यसैगरी यातना विरुद्धको महासन्धि १९८४ को धारा ३ ले यातना हुने कुनै पनि देशमा कसैलाई पनि पठाउने वा

निष्कासन गर्न नपाउने व्यवस्था गरेकोछ। बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा २२ ले महासन्धिमा उल्लेखित अधिकारहरू शरण आवेदक वा शरणार्थी बालबालिकालाई पनि प्रत्याभूत गर्न दायित्व तोकेको छ। महिला विरूद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७९ को धारा १ र २ ले लिङ्गका आधारमा भेदभाव गर्न नपाईने र जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ को धारा १ र २ ले जात, रङ्ग वा वंशका आधारमा भेदभाव गर्न नपाईने दायित्व तोकेकोछ जुन कुरा शरणार्थी संरक्षणमा पनि लागू हुन्छ। जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ अन्तर्गतको जातीय भेदभाव उन्मूलन समितिले सन् २००४ मा नेपालमा शरणार्थी संरक्षणसम्बन्धी राष्ट्रिय कानूनको तर्जुमा गर्न तथा शरणार्थीको हैसियतसम्बन्धी १९५१ को महासन्धिलाई अनुमोदन गर्न समेत सुझाव दिएकोछ। नेपाल पक्षराष्ट्र भएका ती मानवअधिकारका सन्धिहरूका व्यवस्था नेपाल सन्धि ऐन २०४७ को दफा ९ बमोजिम नेपाल कानून सरह लागू हुन्छन्।

(ख) राष्ट्रिय प्रावधानहरु

कुनै विदेशी नागरिकलाई विभिन्न प्रक्रिया पूरा गरी संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्चायुक्तको कार्यालय (UNHCR) ले शरणार्थीको मान्यता प्रदान गर्दछ भने ती व्यक्तिहरु नेपालमा बसोबास गर्ने अन्य व्यक्तिसरह हुन्छन्। नेपालमा रहने शरणार्थीहरु अन्य व्यक्तिसरह नै हुने हुँदा उत्पत्ति राष्ट्रमा निजलाई खतरा छ भने फिर्ता नपठाउनु भनी सम्मानित सर्वोच्च अदालतले गरेको फैसलाबाट पनि यो कुरा स्पष्ट हुन्छ। नेपालको संविधान २०७२ को भाग-३ मा मौलिक हकको व्यवस्था छ। उक्त मौलिकमा समेत व्यक्ति र नागरिकका हकका बारेमा छुट्टाछुट्टै व्यवस्था गरेको छ। नेपाली नागरिकका मात्रै प्राप्त गर्ने मौलिक हकको सम्बन्धमा किटान गरेर नै नागरिकका हक भनिएको छ भने नेपाली नागरिक लगायत अन्य व्यक्तिहरुले प्राप्त गर्ने हकका बारेमा व्यक्तिको हक भनिएको छ। यसले नेपालमा बसोबास गर्ने हरेक व्यक्तिलाई खास-खास मौलिक प्राप्त हुन्छ भन्ने विषयलाई स्पष्ट पारेको छ। संविधानको धारा १६ सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चित गरेको भने धारा १७ को उपधारा (१) ले कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित नगरिने व्यवस्था गरेको छ। धारा २६ (१) ले धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्ना आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रताको सुनिश्चितता प्रदान गरेको छ भने धारा ३९ को उपधारा (१) ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक व्यवस्था गरेको छ। यसैगरी, धारा ३९ को उपधारा (२) ले प्रत्येक बालबालिकालाई राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक स्थापित गरेको छ भने उपधारा (७) ले कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने सुनिश्चित गरेको छ।

सरकारले आफ्नो देशमा रहेका नागरिकहरूको आधारभूत मानवअधिकार र सुरक्षाको प्रत्याभूति गर्नुपर्दछ। जब सरकार आफ्ना नागरिकहरूको आधारभूत मानव अधिकार तथा सुरक्षाको प्रत्याभूति गर्न असक्षम हुन्छ वा चाहँदैन त्यस अवस्थामा व्यक्ति शरणार्थी बन्न पुग्दछ। शरणार्थी त्यस्तो व्यक्ति हो जो आफ्नो देश भन्दा बाहिर हुन्छ र उसलाई जात, धर्म, राष्ट्रियता, कुनै विशेष सामाजिक समूहको सदस्य भएको वा राजनीतिक विचारधाराकै कारणले गर्दा उसको आफ्नो देशमा उत्पीडन हुनसक्ने प्रबल भय हुन्छ। यस्तो अवस्थामा त्यस्ता व्यक्ति आफ्नो देशको संरक्षण प्राप्त गर्न असमर्थ हुन्छ वा अनिच्छुक हुन्छ।

यी व्यवस्थाहरुका कारणले गर्दा पनि नेपालमा रहेका शरणार्थीहरु नेपालको संविधानद्वारा पनि संरक्षित छन्। सम्मानित सर्वोच्च अदालतले २०६४ सालमा उस्मान जावेद वि. नेपाल सरकार गृह मन्त्रालयसमेत को मुद्दामा शरणार्थीलाई फिर्ता पठाउँदा उत्पीडन झेल्नु पर्ने भएकोले मानवताका आधारमा समेत उचित नहुने हुँदा निवेदकलाई पाकिस्तान फिर्ता नपठाउनु, शरणार्थीसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९५१ र यसको आलेख १९६७ अनुमोदन तथा शरणार्थी संरक्षणसम्बन्धी राष्ट्रिय कानून बनाउन सरकारको ध्यायाकर्षण गराएको छ। २०७६ साल माघ २० गते सोमालियाका अब्दी फहाद युशुफको बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्दै UNHCR बाट शरणार्थीको मान्यता प्राप्त कुनै पनि शरणार्थीरुलाई यदि खतरा छ भने "निजको देशमा फिर्ता पठाउन नहुने" सिद्धान्त बमोजिम अब्दी फहाद युशुफलाई सोमालिया फिर्ता नपठाउन सम्मानित सर्वोच्च अदालतलले परमादेश आदेश जारी गरेकोबाट पनि शरणार्थी संरक्षणमा नेपालको दायित्व रहेको छ भन्ने स्पष्ट हुन्छ।

शरणार्थी कानुनको आवश्यकता

शरणार्थी समस्यालाई सम्बोधन गर्ने राज्यको स्पष्ट कुनै नीति नभएकाले शरणार्थीको हैसियत निर्धारण र संरक्षणका लागि शरणार्थीसम्बन्धी कानुनको टड्कारो आवश्यकता रहेको छ जसलाई निम्न बुँदाहरुबाट थप प्रष्ट हुन सकिन्छ :

- शरणार्थी समस्याको सम्बोधनमा नियमितता, एकरुपता तथा स्थिरता कायम गर्न।
- शरणार्थी र अन्य अनियमित आप्रवासीहरूबीचको भिन्नता छुट्याई समस्याको छुट्टाछुट्टै रुपमा सम्बोधन गर्ने प्रणालीको स्थापना गर्न।
- आतिथ्यताको दुरुपयोगका घटनाहरूलाई नियन्त्रण गर्न।
- संरक्षणको अति खाँचो रहेका व्यक्तिहरूको पहिचान र निजको सुरक्षा सुनिश्चित गर्न।



"कोभिड-१९ (कोरोना भाइरस)को महामारीमा मानव अधिकार रक्षकहरूको अवस्था एक अध्ययन" पुस्तक अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले अनुसन्धान गरी प्रकाशन गरेको पुस्तक हो। यो पुस्तक मानव अधिकार रक्षकअन्तर्गत स्वास्थ्यकर्मी, सञ्चारकर्मी र मानव अधिकारकर्मीको अवस्था विश्लेषणका लागि नेपाल सरकारले लकडाउन (बन्दाबन्दी) सुरु गरेको मिति २०७६ चैत ११ गतेदेखि २०७७ असोजसम्मको घटनाक्रमलाई छुट्टाछुट्टै प्रश्नावली तयार गरी सङ्कलन गरिएको तथ्यको आधारमा तयार पारिएको छ। यो पुस्तकमा प्रदेश २ बाट धनुषा र रौतहट, लुम्बिनी प्रदेशबाट दाङ र बाँके, कर्णाली प्रदेशबाट सुर्खेत र जुम्ला र सुदूरपश्चिम प्रदेशबाट कैलाली र डडेल्धुरा जिल्लाहरूबाट तथ्यहरू सङ्कलन गरिएको उल्लेख छ। महामारीको समयमा मानव समुदायको जीवन र अन्य अत्यावश्यकीय स्रोत साधनको रक्षार्थ अग्रपङ्क्तिमा रहेर सेवामा समर्पित स्वास्थ्यकर्मी, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा मानव अधिकारकर्मीले निर्वाह गरेको भूमिका र कोभिड-१९ को समयमा भोगेका भोगाइहरूको चित्रण पुस्तकमा समेटिएको छ।

पाँच ओटा परिच्छेद र ६ ओटा अनुसूचीमा विभाजन गरी सुक्ष्म तरीकाबाट रक्षकहरूको अवस्था पुस्तकमार्फत पाठकसामु प्रस्तुत गरिएको छ। परिच्छेद एकमा परिचय शीर्षकअन्तर्गत कोभिड-१९ को प्रकोपबाट मानव जातिमा सृजित असरले विश्व नै प्रभावित भई लाखौँले ज्यान गुमाउनु परेको छ। यस्तो अवस्थाबाट नेपाल पनि मुक्त छैन। मानव जीवन रक्षाका लागि अग्रपङ्क्तिमा रहेर सेवामा समर्पित स्वास्थ्यकर्मी, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा मानव अधिकारकर्मीहरूको कडा परिश्रमलाई उच्च मूल्याङ्कन गरिनुपर्ने विषयवस्तु पुस्तकमा उठान गरिएको छ।

परिच्छेद दुईमा मानव अधिकार रक्षकसम्बन्धी कानुनहरू शीर्षकअन्तर्गत मानव अधिकार रक्षकहरूको विषयमा संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्घसंस्थाहरूले बाध्यकारीरूपमा कुनै सन्धि तथा अनुबन्ध निर्माण नभएको, संयुक्त राष्ट्रसङ्घबाट भने नरम कानुनको रूपमा एउटा घोषणा मात्र जारी भएको र क्षेत्रीय रूपमा युरोपियन युनियन, अफ्रिकन युनियन र अमेरिकी राष्ट्रहरूको सङ्ठनहरूले केही दस्तावेजहरूको निर्माण गरेको विषयलाई उठाइएको छ। राष्ट्रिय कानुनअन्तर्गत नेपालको संविधान तथा अन्य ऐनहरूले मानव अधिकार रक्षकहरूको सम्बन्धमा प्रत्यक्षरूपमा कुनै व्यवस्था नगरे पनि मानव अधिकार संरक्षण र संबर्द्धनसहित यसको पालनाका लागि केही व्यवस्थाहरू गरेको उल्लेख गरिनुले पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा मानव अधिकार रक्षकको विषयमा के कस्तो व्यवस्था गरेको छ भन्ने विषय पाठकसमक्ष पुऱ्याउन खोजेको छ।

परिच्छेद तीनमा कोभिड-१९ मा मानव अधिकार रक्षकहरूको अवस्था तथ्यगत विश्लेषण शीर्षकमा मानव अधिकार रक्षकको रूपमा स्वास्थ्यकर्मी, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीले कोभिडको समयमा आफूले बहन गरेका कार्यहरूको साथै विभिन्न क्षेत्रबाट भएका अपमानजनक व्यवहारको व्याख्या गरिएको छ। कोभिड १९ पछिको अवस्थामा बिरामीको स्वास्थ्य उपचार गर्दा निश्चित मापदण्ड तथा दूरी कायम गरी उपचार प्रदान गर्नुपर्ने कारणले राम्रो उपचार नगरेको भनी बिरामी तथा तिनका आफन्तहरूबाट दुर्व्यवहार र धम्की सहनु परेको स्वास्थ्यकर्मीहरूको भनाइ यो खण्डमा समेटिएको छ। त्यसैगरी सरकारले कोभिड सङ्क्रमितको उपचारमा खटिने स्वास्थ्यकर्मीलाई राहतको व्यवस्था गर्ने घोषणा गरे पनि त्यसको व्यवस्थित कार्यान्वयन नभएको र नेपाल सरकारअन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूले मात्र जोखिम भत्ता पाएको तर निजी तथा स्थानीय तहअन्तर्गतका स्वास्थ्यकर्मीले भत्ता नपाएको विषयलाई यो परिच्छेदमा समावेश गरिएको छ। बहालमा बस्ने स्वास्थ्यकर्मीलाई घरबाट निकालिदिने जस्ता भेदभाव र धम्कीपूर्ण व्यवहार सहनु परेको विषयलाई समेत यो पुस्तकमा समेटिएको छ। राहत वितरणमा भएका अनियमितता, आइसोलेशन केन्द्रमा भएको अनियमिता तथा घटनाहरूको समाचार प्रकाशन तथा प्रशारण गर्ने गरेकोमा सञ्चारकर्मी नै जोखिममा परेकोले सूचना दिने व्यक्तिहरूसमेत सशङ्कित भई समाचार सङ्कलनमा असहज भएको, सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मीको बीमा नभएकाले विभेदको अवस्था रहेको, निजी क्षेत्रका सञ्चार माध्यमहरूले सञ्चारकर्मीलाई पारिश्रमिक दिन नसकेको र पाएकाले पनि कम पाएको, मानव अधिकारकर्मीहरूको हकमा महामारीको समयमा स्थानीय प्रशासनसँग समन्वय गरी

राहत वितरण कार्यहरूमा सहजीहरण गर्दै आएकोमा महामारी फैलिएकाले मानव अधिकार हनन् भएका पीडितहरूसमक्ष गएर तथ्य सङ्कलन गर्न कठिनाइ भएको कुरा पुस्तकमा उल्लेख छ। गैरसरकारी संस्थाहरूले मानव अधिकारकर्मीहरूको कोभिड बीमा गराएको भए पनि सबैको बीमा नभएको जस्ता विषयवस्तुहरूलाई सुक्ष्मरूपले केलाएर विश्लेषण गरेकाले कोभिडको समयमा मानव अधिकार रक्षकको अवस्था चित्रण गर्ने जानकारीमूलक पुस्तकको रूपमा यो पुस्तकलाई लिन सकिन्छ।

परिच्छेद चारमा कानुनी विश्लेषण शीर्षकअन्तर्गत मानव अधिकार रक्षकहरूको सवालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा उललेख गरिएका प्रावधानहरूलाई समेटिएको छ।

परिच्छेद पाँचमा विश्लेषण, निष्कर्ष र सुझावहरू शीर्षकअन्तर्गत समयसमयमा आइपर्ने विभिन्न प्रकारका मानवीय सङ्कट, प्रकोप तथा महामारीलगायत कुनै पनि प्रकारका द्वन्द्वहरूमा मानिसहरूको आधारभूत अधिकारमा गम्भीर आघात पुग्न जाने हुँदा त्यसको संरक्षणमा मानव अधिकार रक्षकहरूले आफूलाई अग्रभागमा उभ्याएर काम गर्नुपर्ने र विभिन्न प्रकारका जोखिमहरूको सामना गर्नु परेको विषयवस्तुका साथै सुझावहरु उल्लेख गरिएको छ।

यो पुस्तकमा अनुसूचीअन्तर्गत प्रश्नावलीहरू राख्नाले के कस्तो प्रश्नहरू यसमा समावेश गरी तथ्य सङ्कलन गरिएको छ भन्ने जानकारी पनि पाउन सकिन्छ। समग्रमा, यो एउटा अनुसन्धान गरी निकालिएको पुस्तक हो। जसले गर्दा मानव अधिकार रक्षकहरूको अवस्था कोभिड-१९ र बन्दाबन्दीको समयमा कस्तो रह्यो भन्ने कौतुहल यो पुस्तक पढेपछि छर्लङ्ग हुन्छ। यो पुस्तक डिसिएको सहयोगमा इन्सेकले प्रकाशन गरेकाले पढ्नका लागि इन्सेकमा सम्पर्क गर्नु पर्ने हुन्छ। डिजिटल प्लेटफर्ममार्फत पढ्न चाहने पाठकका लागि भने https://insecresources.org.np मा पढ्न पाइन्छ ।

प्रस्तुती : गीता माली

कथा

खुला आकासमुनि

-देवराज पौडेल

परिचय खुल्ला आकाशमा कावा खेल्दै रमाउने चराहरू झैँ स्वतन्त्र थियो । कान्तिपुरनगरीको जुन सडक, गल्ली जहाँ जाऊँ, जे गरूँ कसैको छेकवार थिएन। कसैको आदेश, निर्देशन पालना गर्नु नपर्ने स्वतन्त्रता उसको दुनियाँको प्रमुख विशेषता थियो। दिनहरू त रविको निगाहामा न्याना र रमाइला हुन्थे। तर खुल्ला आकासमुनी, चिसो सिमेन्टमाथिको रातको बासमा निन्द्रा देवीको शरणमा पर्न धौधौ पर्दथ्यो। पुराना कार्टुन बालेको आगोको रापले एकाधघन्टा झकाए पनि बाँकी रात मुटु चिल्ने ठिहीले उठिबास लगाउँथ्यो । उसका लागि रात्री डिउटीमा खटिएका सुरक्षाकर्मीको बेला न कुबेलाको आक्रमण पनि अभिसाप नै थियो ।

शहरियाहरूले उसको समूहको परिचय कथित खाते भनेर दिएका थिए । ऊ यो शहरमा नवपहुना थियो। उसका साथीहरू खुल्ला आकास मुनि सुत्न अभ्यासी थिए त्यसैले रातको पहिलो प्रहरदेखि नै मस्त निदाउँथे। तर ऊ प्रायः रातहरूमा खुला आकासमा चमचमाइ रहेका तारा गन्नमै तल्लिन हुन्थ्यो। क्यौँ रात उसले अनिँदै बिताएको थियो। रातको निद्रा दिउँसो बाह्र बजेको घाममा टुँडिखेल भित्र निदाएर पूरा गर्दथ्यो । दिउँसोको स्वतन्त्र रक्त सञ्चारलाई रातको ठिहीले जमाइ दिँदा ऊ घर सम्झन बाध्य हुन्थ्यो। तर पढ्न बस्दा किताब खोसेर जलाइ दिने सौतेनी आमाको राक्षसी व्यवहार र दुर्वाच्यको स्मरणले घर सम्झन मन त्यसै मरेर आउँथ्यो। घरमा पढ्ने अवसर नपाएर ऊ शहर पसेको थियो। तर यो शहरका अनगिन्ती गगनचुम्बी महलहरूमा एउटा टाउको लुकाउने ओत त पाउन सकेन, पढ्ने अवसर के पाउनु। पेटमा भोकको ज्वाला दन्किएको बेला दुई गाँस खाना नजुर्दा भने उसलाई घरको यादले सताउँथ्यो। दिनभरि सत्तोसराप गरे पनि खाने बेला ढिडाको ढल्लो त लडाइदिन्थिन् सौतेनी आमाले। सुत्न त स्वगवासी आमाका थोत्रा फरियाबाट बनाइ दिएको थाङ्ना छँदै थिए । ती स्वर्गवासी आमाको स्नेह र बात्सल्यको मीठो सुवास लिँदै ऊ थाङ्नामा मस्त निदाउँथ्यो। त्यो निदले पनि उसलाई घर सम्झाइ दिन्थ्यो। यसरी उसको एक मनले घर जा भन्थ्यो भने अर्को मनले यो शहर मै सङ्घर्ष गर भन्थ्यो।

यसरी अभाव, पीडा, छटपटीबिचमा सडममै जीवनलाई घिस्रयाइरहेका बेला एक दिन बिहानै सेतै फुलेको शहरिया बुढो उसको अगाडि उभियो । परिचयका काम्दै गरेका नीला ओठ, जिर्ण शरीर, जिङ्रि परेर ठडिएका कपाल देखेर बुढामा दया पलाएछ। "बाबु यो बिस्कुट खाऊ"- बिस्कुट दिँदै बुढाले सोधे-"भागेर आएको?" केटाले आफू घर छाडेर भाग्नुको कारण बतायो । बुढाले टिठ पोख्दै भने -"मेरो घर जान्छौ त? मेरो पनि घरमा कोही छैन। तिमीलाई म धर्मपुत्र बनाएर राख्छु।" बुढाको प्रस्ताव सुनेर उसले सोच्यो-आफ्नै बाउ त आफ्नो हुन सकेनन्, यो अपरिचित बुढो कसरी आफ्नो बन्ला र? उसको निर्णय नआएको देखेर बुढाले भन्यो -"म भोलि आउँछु सोचेर निर्णय लेऊ। अहिले यो सय रुपियाँ राख र केही किनेर खाऊ" भनेर बूढो बाटो लाग्यो।

यो माघको खुल्ला आकास मुनिको सडकको बास , यो अभाव, अव्यवस्थित जीवनभन्दा त एउटा अभिभावकको आश्रयमा घरको छानामुनी ओत लाग्नु नै बेस होला भन्ने सोचमा त्यो दिन र रात उसले कटायो। बिहानीको झिसमिसेसँगै हिजोको सेतै फुलेको भलाद्मी बुढो उसको अगाडि झुल्कियो ।

बूढाले भन्यो-"म सँग जाने हैन त? म तिमीलाई पढाउँछु । छोरो बनाएर पाल्छु ।" केटाले रातिको मुटु चिल्ने जाडो सम्झ्यो । पढाइदिने आश्वासन सम्झ्यो। सडकको दुःखदायी जीवन सम्झ्यो अनि उसको मुखबाट अनयास फुत्कियो -"जान्छु।" बुढो अघि लाग्यो केटो पछि पछि। केटाका साथीहरू कुम्भकर्ण झैँ घुरिरहेका थिए। केही समयको पैदल यात्रापछि उनीहरू बुढाको सुविधासम्पन्न निवासमा पुगे। त्यो भव्य महलमा प्रवेश गर्दा केटाको मन डरले ढक्क फुल्यो। बुढाले उसलाई भित्र लिएर गयो।

घर पुगेपछि बुढाले उसलाई चिया पाउरोटी खुवायो। पानी तताएर स्नेहपूर्वक नुहाइ दियो । छतमा लगेर घाममा शरीरभरी तेल दलिदियो। राम्रा कपडा लगाउन दियो। मिठा मिठा परिकार खान दियो। बुढाको माया स्नेह, सद्भाव देखेर केटाले जिउँदो देवता पाएको महसुस गऱ्यो। उसले सडकको संसार बिर्सिदियो। ऊ सुखको कल्पनामा हरायो। उसको दुःखमय बिगत ओझेल पऱ्यो। क्षणिक सुखमा नै दुःख भुलिदियो। उसलाई नवधर्म बाबुको सम्पन्नता प्रति घमण्ड

बढेर आयो। बाबुको गाडीमा शहर घुम्ने, रेष्टुरेन्ट जाने, बजारमा राम्रा कपडा किन्ने, टिभी हेर्ने गरेर उसले पहिलो दिन बितायो।

सूर्य उपत्यकाबाट ओझेल परे। कान्तिपुर नगरी बिजुली बत्तिले झिलिमिलि भइन्। यो साँझ परिचयले हिजोअस्तिको जस्तो कागज र कार्टुन बटुल्नु परेन । आज उसको अगाडि इलेक्ट्रिक हिटर छ। सुत्नलाई बोराको ओड्ने ओछ्याउनेको सट्टा कपासका न्याना सिरक डस्ना थिए। बाबु छोरा डाइनिङ टेवलमा बसेर खाना खाइ सुत्न बिस्तारामा गए।

सुत्ने समय भयो। बुढाले आफैंसँग सुत्न आग्रह गरे। परिचय सुत्नका लागि बूढाबाबुको खोकिलामा पस्यो। न्यानो सिरकमुनि बाबुको स्नेहको समिप्यमा टाँसिएर सुत्दा ती विगतका चिसा रातका अनिदा नयनहरूमा चाँडै निन्द्रा देवीले बास गरिन। ऊ भुसुक्कै निदायो।

पिडाबोधले ऊ आधा रातमा आँत्तिएर उठ्यो र हतार हतार ढोका खोलेर दगुर्‍यो। ऊ प्रहरी कार्यालय पुगेर अडियो। म दुर्व्यवहारमा परेँ, न्याय पाउँ भनेर पुलिस कार्यालयमा भन्यो।" केटा मान्छेको कहीँ दुर्व्यवहार हुन्छ? भन्दै उरन्ठेउला पुलिसले उसका कुरा हाँसेर उडाए। उसले त्यो मानव भेषको दानव प्रवृति भएको फुँडो बुढोलाई समाएर ल्याउन अनुनय विनय गर्‍यो। वाहियात कुरा गर्ने पागल केटो सम्झेर पुलिसले उल्टै उसलाई चिसो खोरमा जाकिदिए। न्यायको भिख माग्न गएको त्यो बबुरो, उल्टै अन्यायमा पर्‍यो। न्याय मार्नेहरू प्रति उसको बाल मस्तिष्कमा वितृष्णा पैदा भयो।

बिहानी पख एउटा पाको उमेरका सई उसको अगाडि देखा परे। "यो सानो बच्चोलाई किन थुनेको"- उनले अरू पुलिसलाई प्रश्न गरे। केटाले आफ्नो परिचय दिँदै न्याय पाइन्छ कि भन्ने आशामा राती आफू एउटा बुढोबाट दुर्व्यवहारमा परेको कथा सुनायो।

केटाको हुलिया अनुसार सईले त्यो सेतै फुलेको बुढोलाई प्रहरी कार्यालयमा लिएर आए। बुढाले केटालाई देख्ने बित्तिकै भन्यो-"यी सडकछाप केटाहरूलाई दया गर्नु हुँदैनरहेछ, नचाहिने आरोप लगाई लफडा सिर्जना गर्दा रहेछन्। छोरो बनाएर पाल्छु भनेर लगेँ। खुल्ला आकासमुनि सुत्ने बानी परेको, घरमा के टिक्नु ? भागेछ।" सईले दुवैलाई केरकार गरे। केटो आफ्नो कुरामा अडिक रहेपछि भलाद्मी बुढो गल्यो। यो केश यहीँ मिलाइदिनु भन्दै सइको खल्तीमा बूढाले हजारका बीसवटा नोट हालिदियो।

सईले केटो छेउमा आएर भन्यो-"बुढो हुँदैहैन भन्छ। पिण्ड खानेबेला भएको बूढाले पक्कै त्यस्तो नराम्रो काम गरेन। तैँले सपना देखिस् होला। हेर म तँलाई पाँच सय रुपैयाँ दिलाई दिन्छु चुप लागेर जा। धेरै कुरा गर्न लागिस् भने यही चिसो खोरमा धेरै दिन थुनिनु पर्ला"- भन्दै सइले पाँच सयको नोट केटाको बगलीमा हालिदियो। अब यो ठाउँमा देखा नपर भनेर केटालाई लखेटी दिए।

केटाले पुलिससँग प्रतिवाद गर्न सकेन। ऊ लुरुक्क परेर हिँड्न बाध्य भयो। न्याय नपाएको रन्कोमा बाटोमा पुगेर केटाले पाँच सयको नोट च्यातिदियो। ऊ बिस्तारै त्यही सडक पेटीमा आयो, जहाँ उसका साथीहरू स्वतन्त्रपूर्वक दिन बिताउँदै थिए। ऊ पुन: आफ्नो वर्ग भएको स्थानमा आयो। त्यही सडकमा रमाउन थाल्यो। उसलाई खुल्ला आकासमुनिको बास नै प्यारो लाग्न थाल्यो। अर्को दिन ऊ पुन: खुल्ला आकास मुनि तारा गन्दै निदायो।

२९ औं प्रकाश स्मृति दिवस

प्रकाश मानव अधिकार पुरस्कारबाट पुरस्कृत व्यक्तित्वहरू

श्री फिरुलाल चौधरी

कैलाली

इन्सेकले २०४८ सालमा सञ्चालन गरेको कमैया सर्वेक्षणमा सहयोगीको भूमिका निर्वाह गर्दा होस् वा कमैया मुक्ति आन्दोलनका लागि सङ्घर्षरत् रहँदा जमिनदार र मालिकहरूले दिएको धम्की तथा दुर्व्यवहार यहाँले धेरैपटक सहनु परेको थियो । सशस्त्र द्वन्द्वका समयमा सर्वसाधारणको जीवन रक्षाका लागि क्रियाशील रहनुका साथै २०६२ सालदेखि नागरिक समाज टीकापुरको संयोजक भएर २०६२/२०६३ को जनआन्दोलन र २०७२ सालमा भएको ३१ दिने अखण्ड सुदूरपश्चिम आन्दोलनको क्रममा सामाजिक सद्भाव, शान्ति र मानव अधिकारका पक्षमा यहाँले खेल्नुभएको भूमिका अनुकरणीय छ ।

'सेवा नै धर्म हो' भन्ने भावनाका साथ मानव अधिकार संरक्षण तथा संवर्द्धन, मानव जातिको गरिमा, समृद्धि, विकास, आर्थिक उन्नतिका खातिर यहाँले जारी राख्नुभएको प्रयास र अभियानले सफलता प्राप्त गर्नेमा हामी विश्वस्त छौँ ।

२०७८ साउन १६

मानव अधिकार तथा सामाजिक न्यायको निमित्त

इन्सेक insec

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन-१०, स्युचाटार, पो.ब.नं. २७२६, काठमाडौं
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np
बेबसाइट: www.insec.org.np/www.inseconline.org

स्मृति

फेरि पनि प्रकाशकै सम्झनामा

नेपालको मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद् निधन भएको दश वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधानन्यायाधीश पी. एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडिसियरी फर ह्युम्यान राइट्सको श्रीलंकामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किंदा उहाँ चढ्नुभएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टेभीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दुःखद् निधन भएको थियो।

अन्तर्वार्ता

मानव अधिकारका नवीन विषयहरू प्राचीको प्राथमिकतामा पर्नुपर्छ

विजयराज गौतम, इन्सेकको कार्यकारी निर्देशक हुनुहुन्छ । प्राचीको १०० अङ्क प्रकाशन हुन लागेको यस अवसरमा श्री गौतमसँग आर्या अधिकारीले गर्नुभएको कुराकानीको सम्पादित अंशः

प्राचीसँग यहाँको यात्रा कहिलेबाट र कसरी भयो ?

मैले २०५५ सालमा इन्सेकमा काम गर्न शुरु गरेलगत्तै इन्सेकले प्रकाशन गर्ने प्राचीलगायत अन्य प्रकाशनहरूमा म संलग्न रहेको छु। त्यसबेला भर्खरै शुरु भएको सशस्त्र द्वन्द्व र त्यसका कारण भएको मानव अधिकार हनन् घटनामा इन्सेकले आवाज उठाउने तथा खबरदारी गर्ने गरेको थियो। त्यसबेला नेपालमा मानव अधिकारको अभियान अत्यन्त जरूरी र महत्वपूर्ण थियो। मानव अधिकारका विषयगत क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरू एकदमै कम सङ्ख्यामा थिए। मानव अधिकारकर्मीको माग तथा सरकारको राष्ट्रिय अन्तराष्ट्रिय प्रतिबद्धताका बावजुद पनि नेपालमा मानव अधिकार आयोग गठन भइसकेको थिएन।

इन्सेकमा आबद्ध भएपछि मैले मानव अधिकारका मुद्दा तथा मागका बारेमा हुने अभियान, धर्ना तथा जुलुसहरूमा सहभागी हुने अवसर पाएँ। त्यस अघि जुलुस धर्ना भन्ने बित्तिकै राजनीतिक मुद्दाका लागि मात्र हुने मेरो धारणा त्यसयता परिवर्तन भयो। मानव अधिकार आयोग स्थापनाका लागि हामी थुप्रैपटक जुलुसमा सहभागी भयौँ। धर्ना गऱ्यौँ। कयौँपटक हामीलाई गिरफ्तार पनि गरियो। यी र यस्तै अभियानका कारण मानव अधिकार आयोग स्थापना भयो। २०५३ सालमा नै मानव अधिकार आयोग ऐन जारी भएको थियो तर गठन हुन अर्को चार वर्ष कुर्नुपऱ्यो। यसका लागि हामीले थुप्रै आन्दोलन र अभियानहरू गर्नुपऱ्यो। अभियान र अन्य आन्दोलनका व्यवस्थापकीय पक्ष इन्सेकबाट मैले हेर्ने गर्थें। इन्सेकमा व्यवस्थापकीय पक्षमा मेरो भूमिका भएकाले अग्रपङ्क्तिमा भन्दा पनि पर्दापछाडि मेरो सहभागिता बढी रहन्थ्यो। इन्सेकले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा पाएको सम्मान, विश्वास र मानव अधिकार क्षेत्रमा प्राप्त उपलब्धिको हिस्सेदार हुन पाएकोमा खुशी महसुस गरेको छु। नेपालको मानव अधिकार क्षेत्रमा नेतृत्वदायी संस्थाको विकास र संवर्द्धनमा सहयोगी हुन पाउनु मेरा जीवनको उपलब्धि पनि हो। प्राचीमा प्रकाशन हुने लेख तथा अन्तरवार्ताका विषयवस्तु छनोट गर्ने, सम्पादन समूहलाई सरसल्लाह दिने अनि यसको व्यवस्थापकीय कार्यमा म २०५५ सालदेखि संलग्न हुने अवसर पाएको छु।

प्राची प्रकाशनको प्रमुख उद्देश्य आम नागरिकमा मानव अधिकारका विभिन्न विषयमा सचेतना जगाउने तथा मानव अधिकार रक्षकहरू र अधिकार प्राप्त गर्ने समुदायलाई जागरूक बनाउने हो। हामी त्यतिबेला सामाजिक संस्थाहरूको सञ्जालमार्फत काम गर्थ्यौँ। जिल्लाजिल्लामा मानव अधिकार संस्थाहरू थिए। ती अहिले पनि छन् ।

प्राची प्रकाशनको मुख्य उद्देश्य के हो ?

म इन्सेक आबद्ध हुनुअघि नै प्राची नियमित प्रकाशनमा थियो। यो द्वैमासिक प्रकाशन हुने गरेको भए पनि कतिपय परिस्थितिजन्य कारणले कहिलेकाहीँ तलमाथि भएको छ। अनेक चुनौतीका बावजुद, हामीले यसको प्रकाशनलाई निरन्तरता दिइरहेका छौँ। प्राची प्रकाशनको प्रमुख उद्देश्य आम नागरिकमा मानव अधिकारका विभिन्न विषयमा सचेतना जगाउने तथा मानव अधिकार रक्षकहरू र अधिकार प्राप्त गर्ने समुदायलाई जागरूक

द्वन्द्वकालमा माग व्यापक भएकाले प्राचीका कुनै कुनै अङ्क त हामीले दोहोऱ्याएर प्रकाशन गर्नुपरेको थियो। तथ्यमा आधारित प्रकाशनका रूपमा प्राची परिचित छ। जसको निरन्तरतामा हाम्रो प्रतिबद्धत छौँ। हामी मानव अधिकारको सचेतनाको अभियान देशभर सञ्चालन गरिरहेका छौँ।

बनाउने हो। हामी त्यतिबेला सामाजिक संस्थाहरूको सञ्जालमार्फत काम गर्थ्यौँ। जिल्लाजिल्लामा मानव अधिकार संस्थाहरू थिए। ती अहिले पनि छन्। तिनीहरूसँग हामी साझेदारीमा काम गर्थ्यौँ। उनीहरूले मानव अधिकार सचेतनासम्बन्धी काम गर्ने गर्थे। त्यतिबेला रेडियो स्रोता क्लबहरू थिए। उनीहरूमार्फत मानव अधिकार सचेतनाका काम गर्ने गर्थ्यौँ। सचेतना गर्ने माध्यम प्राची पनि एक हो। ग्रामीण तहका मानिसको सचेतना अभिवृद्धिका लागि प्राची प्रकाशन गरिएको हो। मानव अधिकारको मूल्य, मान्यता, सिद्धान्त र राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुभवका विषय उठाउन गर्नु पनि यसको प्रकाशनको उद्देश्य हो।

प्राची प्रकाशन र यसको प्रतिफल के के हुन् ?

हामीले गर्ने कतिपय गतिविधि तथा कृयाकलापबाट प्राप्त उपलब्धिको मापन गर्न सकिँदैन। यस्ता विषयहरूको प्रभाव दीर्घकालीन रूपमा परिरहेको हुन्छ। हाम्रो देशमा प्राचीले उठाएका विषयका कारण मानव अधिकारका बारेमा जानकार भएको समुदाय ठूलो छ। सशस्त्र द्वन्द्वकालकै कुरा गरौँ, तत्कालीन द्वन्द्वरत पक्षले प्राचीले उठान गरेका मानव अधिकारका सवाललाई ध्यान दिएको हामीले महसुस गरेका थियौँ। यस्ता विषयमा दुवैपक्षले अपनत्व लिएजत्तिकै हामीलाई भान हुन्थ्यो। यसलाई हामीले ठूलो प्रतिफलका रूपमा लिएका छौँ।

सङ्कटकालका बेलामा होस् वा राजाको प्रत्यक्ष शासनकालमा नै किन नहोस् हामी गाउँगाउँ पुगेर मानव अधिकारका विषयमा तालिमहरू दिन्थ्यौँ। ती तालिमहरूका सन्दर्भ सामग्रीका रूपमा हामीले प्राचीलाई प्रयोग गर्ने गरेका थियौँ। द्वन्द्वकालमा माग व्यापक भएकाले प्राचीका कुनै कुनै अङ्क त हामीले दोहोऱ्याएर प्रकाशन गर्नुपरेको थियो। तथ्यमा आधारित प्रकाशनका रूपमा प्राची परिचित छ। जसको निरन्तरतामा हाम्रो प्रतिबद्धत छौँ। हामी मानव अधिकारको सचेतनाको अभियान देशभर सञ्चालन गरिरहेका छौँ। इन्सेकले आफ्ना प्रकाशनहरू मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने राज्यका निकायमा नियमित पठाउँछौँ। प्राची नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा अन्य मानव अधिकार संस्थाहरूमा पठाउने गरेको छौँ। प्राची सबैको पहुँचमा पुगोस् भन्ने ध्येयले यसलाई अनलाइन गरेका छौँ जुन चाहेको बेला र समयमा पढ्न तथा डाउनलोड गर्न सकिन्छ। यसको महत्व र सान्दर्भिकता पाठकले हामीलाई प्रदान गरेको प्रतिक्रियामार्फत पनि थाहा पाउन सकिन्छ।

प्राची वितरणलाई डिजिटल प्लेटफर्ममार्फत अगाडि लैजानु पर्छ। अडियो बुक पनि एउटा माध्यम हुन सक्छ। हामी अब विद्युतीय माध्यमलाई भरपूर उपयोग गर्ने पक्षमा छौँ। प्राचीको सम्पादन मण्डलले विद्युतीय माध्यमको धेरैभन्दा धेरै प्रयोग गरोस् भन्ने मेरो सुझाव रहेको छ। मानव अधिकारको क्षेत्रमा आएका नवीन विषयहरू प्राचीले उठान गर्नसक्नु पर्छ।

प्राचीका आगामी अङ्कहरूलाई समयसापेक्ष बनाउन के सुझाव दिन चाहानु हुन्छ ?

इन्सेकले आफ्ना गतिविधिलाई समयसापेक्ष बनाउँदै ल्याएको छ। प्राची प्रकाशन पनि समयसापेक्ष बनाउँदै लैजानु पर्छ। नेपालको मानव अधिकार अभियानमा बेग्लै पहिचान बनाउन यसले समसामयिक मानव अधिकारका मुद्दालाई अझ बढी ध्यान दिनुपर्छ। प्रविधिको प्रयोग बढाउनु पर्छ। डिजिटल युग सुहाउँदो पमिार्जन नगरी अगाडि बढ्नुको विकल्प छैन। इन्सेकका हरेक प्रकाशनलाई डिजिटाइज्ड गरी धेरैभन्दा धेरै पाठकसमक्ष पुऱ्याउने योजना बनाएका छौँ। प्राचीलाई पनि सोही अनुरूप अगाडि बढाउनु पर्छ।

बजार किनबेचका लागि मात्रै नभएर पहिचान स्थापित गर्नका लागि पनि महत्वपूर्ण हुन्छ। प्राची वितरणलाई डिजिटल प्लेटफर्ममार्फत अगाडि लैजानु पर्छ। अडियो बुक पनि एउटा माध्यम हुन सक्छ। हामी अब विद्युतीय माध्यमलाई भरपूर उपयोग गर्ने पक्षमा छौँ। प्राचीको सम्पादन मण्डलले विद्युतीय माध्यमको धेरैभन्दा धेरै प्रयोग गरोस् भन्ने मेरो सुझाव रहेको छ। मानव अधिकारको क्षेत्रमा आएका नवीन विषयहरू प्राचीले उठान गर्नसक्नु पर्छ।

प्राचीले उठाउनै पर्ने सवालहरू के के हुन सक्छन् ?

हामीले काम गर्ने भनेको मानव अधिकारको संरक्षण, संवर्द्धन र मानव अधिकार संस्कृति प्रवर्धनका लागि हो। प्राचीले उठाउने प्रमुख विषय पनि यिनै हुन्। मानव अधिकारका विषयमा विविधता छन्। विविधतायुक्त विषयलाई एकीकृत गरी पाठक समक्ष पुऱ्याउने माध्यम प्राची हो। अहिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका प्राथमिकतालाई उजागर गर्ने, मौलिक हक, राष्ट्रिय अन्तर्राष्ट्रिय प्रावधानलगायतका विषय प्राचीले प्राथमिकतामा राख्नु पर्छ। नागरिक तथा राजनीतिक अधिकारका विषयवस्तु र विश्वव्यापी रूपमा अगाडि आएका मानव अधिकारका नवीनतम सवाललाई प्राचीले जनमानसमा सरल ढङ्गले प्रस्तुत गर्नेछ भन्ने मेरो अपेक्षा रहेको छ।

इन्सेकका केही प्रकाशनहरू





www.inseconline.org

नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल

नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline /inseconline /INSECnepal